स्थानीय पाठ्यक्रम

# हाम्रो सिद्ध कुमाख

## आधारभूत तह (कक्षा १-८)



सिद्ध कुमाख गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
शिक्षा, युवा तथा खेलकुद शाखा
ढोरचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

# हाम्रो सिद्ध कुमाख

## स्थानीय पाठ्यक्रम १-८

२०८०

सिद्ध कुमाख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
**शिक्षा, युवा तथा खेलकुद शाखा**
ढोरचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

**सर्वाधिकार प्रकाशकमा**

**संरक्षक**

| | |
|---|---|
| श्री भरत गिरी, | अध्यक्ष |
| श्री राम बहादुर बस्नेत | उपाध्यक्ष |
| श्री सुरेन्द्र प्रसाद यादव | नि. प्रमुख प्रशासकिय अधिकृत |

**प्राविधिक सहयोग**

श्री रिम बहादुर खड्का

**स्थानीय पाठ्यक्रम निर्माण कार्यदल यस प्रकार छः**

| | | |
|---|---|---|
| श्री भरत गिरी, | (गा.पा. अध्यक्ष) | संयोजक |
| श्री राम बहादुर बस्नेत | (गा.पा. उपाध्यक्ष) | सदस्य |
| श्री मार्शल कुमार ओली | (पूर्व-प्रमुख प्रशासकिय अधिकृत) | सदस्य |
| श्री खर्कविर रोका | (सामाजिक बिकास समिति संयोजक) | सदस्य |
| श्री प्रतिभा ओली (खड्का) | (शिक्षा अधिकृत) | सदस्य |
| श्री भिमलाल भण्डारी | (सूचना प्रबिधि अधिकारी) | सदस्य |
| श्री केशर परियार | (कार्यपालिका सदस्य) | सदस्य |
| श्री करूणा राना | (कार्यपालिका सदस्य) | सदस्य |
| श्री गोविन्द चलाउने | (प्र. अ.) | सदस्य |
| श्री धर्मराज घर्ती | (प्र. अ.) | सदस्य |
| श्री कर्ण बहादुर बुढा | (प्र. अ.) | सदस्य |
| श्री सुनिल नेपाली | (बि.ब्य.स. अध्यक्ष) | सदस्य |
| श्री किशोर लामिछाने | (शिक्षक) | सदस्य |
| श्री शोभाराम जैसी | (शिक्षक) | सदस्य |
| श्री दल बहादुर चलाउने | (शिक्षक) | सदस्य |
| श्री सीता रोका | (प्र. अ.) | सदस्य |
| श्री धनी बुढाथोकी | (प्र. अ.) | सदस्य |
| श्री नविन चलाउने | (प्र. अ.) | सदस्य |

| | | |
|---|---|---|
| श्री टेक बहादुर बस्नेत | (शिक्षक) | सदस्य |
| श्री बलबहादुर बस्नेत | (शिक्षक) | सदस्य |
| श्री भोग बहादुर के.सी. | (शिक्षक) | सदस्य |
| श्री धन बहादुर चलाउने | (शिक्षक) | सदस्य |

**समन्वय तथा सल्लाहकार**

| | |
|---|---|
| श्री रमेश चलाउने | (वडा अध्यक्ष- वडा नं. १) |
| श्री मेक बहादुर बुढाथोकी | (वडा अध्यक्ष- वडा नं. २) |
| श्री जीवराज बोहरा | (वडा अध्यक्ष- वडा नं. ३) |
| श्री चुडामणी रेउले | (वडा अध्यक्ष- वडा नं. ५) |
| श्री आसा परियार | (कार्यपालिका सदस्य) |
| श्री बुद्धि कवर | (कार्यपालिका सदस्य) |
| श्री मनि सार्की | (कार्यपालिका सदस्य) |
| श्री भिम बहादुर बि.क. | (कार्यपालिका सदस्य) |

**सम्पादन तथा लेखन समिति**

| | | |
|---|---|---|
| प्रतिभा ओली (खड्का) | (शिक्षा अधिकृत) | संयोजक |
| भिमलाल भण्डारी, | (आई.टी. अफिसर) | सदस्य |
| दुर्गा बहादुर बोहरा | (शिक्षक) | सदस्य |
| रिम बहादुर खड्का, | (विषय विज्ञ) | सदस्य |

**प्रकाशकः श्री सिद्ध कुमाख गाउँपालिका**
**शिक्षा युवा तथा खेलकुद शाखा**
**ढोरचौर, सल्यान**

**सर्वाधिकार प्रकाशकमा** **प्रथम संस्करणः२०८०**

मुद्रणः न्यु त्रिसिद्धेश्वरी अफसेट प्रेस तुलसीपुर, दाङ ०८२-५२२२९७
कम्प्युटर सेटिङः सन्तोष न्यौपाने

## अध्यक्षको भनाई

सिद्ध कुमाख गाउँपालिकाले समग्र शिक्षाको विकासका लागि विगत वर्षहरू देखि नै विभिन्न शैक्षिक गतिविधिहरू सञ्चालन गर्दै आएको कुरा पालिका वासिमा जगजाहेर नै छ। शिक्षाको विकास विना अन्य क्षेत्रको विकासले गति लिन नसक्ने वास्तविकतालाई आत्मसात गर्दै शैक्षिक लगानी अभिवृद्धिमा पनि हामी क्रियाशील छौं। सिद्ध कुमाख गाउँपालिकाको पहिचान झल्कने विषयवस्तु समेटेर शैक्षिक सत्र २०८० देखि कार्यान्वयनमा ल्याइएको आधारभुत तह कक्षा १–८ को स्थानीय पाठ्यक्रमले समयको परिवर्तनसँगै परिवर्तित परिवेश सापेक्ष बनाई यस स्थानीय पाठ्यक्रमबाट सिद्ध कुमाख गाउँपालिकाको पहिचान स्थापित गर्न थप सहयोग पुग्ने मेरो विश्वास छ। यो स्थानीय पाठ्यक्रम स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागीतामा निर्माण गरिएको हो। जसमा स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटेको छ। यस पाठ्यक्रमले सिद्ध कुमाख गाउँपालिकाको भौगोलिक, सांस्कृतिक, पर्यटकीय एवम् धार्मिक र सामाजिक पक्षहरूलाई समेटेको छ। पाठ्यक्रम प्रारूप २०७६ ले निर्देशन गरे बमोजिम यस पालिकाले निर्माण गरेको"हाम्रो सिद्ध कुमाख नामक पाठ्यक्रमले हाम्रो वास्तविक पहिचान कायम राख्न सफल हुनेमा मेरो विश्वास छ।

सिद्ध कुमाख गाउँपालिकाको शैक्षिक सत्र २०८० देखि लागू गरिने यस स्थानीय पाठ्यक्रम (कक्षा १–८) निर्माणमा सहयोग गर्नुहुने पाठ्यक्रम लेखन तथा सम्पादन समितिका संयोजक तथा सदस्यज्यूहरूलाई विशेष धन्यवाद दिन चाहन्छु। यसैगरी सिद्ध कुमाख गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत, प्रधानाध्यापक, शिक्षक, गाउँपालिकाका जनप्रतिनिधिहरू लगायत पाठ्यक्रम निर्माणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यस स्थानीय पाठ्यक्रम जसरी सबै पक्षको रचानात्मक सहयोगबाट निर्माण भयो त्यसै गरी पाठ्यक्रमको सफल कार्यान्वयनको लागि पनि शुभकामना व्यक्त गर्दै आवश्यक सल्लाह, सुझाव प्रदान गर्नुहुने सम्पूर्णमा कृतज्ञता ज्ञापन गर्दछु।

**भरत गिरी**
**अध्यक्ष**
**सिद्ध कुमाख गाउँपालिका, सल्यान**

## उपाध्यक्षको भनाई

नेपालको संविधान २०७२ ले परिकल्पना गरे अनुरूप मुलुकमा संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तह गरी तीन वटै सरकारहरू मार्फत राज्य व्यवस्था संचालन भइ रहेको छ। यसको मुख्य उद्देश्य नेपालमा समाजवाद उन्मुख नीति कार्यक्रम मार्फत नेपाली समाजमा बिधमान सबै प्रकारका विभेदहरूको अन्त्य गरी समतामुलक समाज निर्माण गर्ने संकल्प लिएको कुरा सर्वविधितै छ।

कुनैपनि समाजको विकासको मेरूदण्ड शिक्षा नै हो। तसर्थ शिक्षाको विकास विना कुनै पनि समाज र क्षेत्रले गति लिन सक्दैन भन्ने कुरालाइ आत्मासाथ गर्दै शैक्षिक लगानी अभिवृद्धिमा गाउँपालिकाले निरन्तरता दिएकै छ। सिद्ध कुमाख गाउँपालिकाको पहिचान झल्कने र यहाँको समग्र अवस्थालाई समेटेर शैक्षिक सत्र २०८० देखि कार्यान्वयनमा ल्याइएको यस स्थानीय पाठयक्रम परम्परागतको निरन्तरता नभइ समयको परिवर्तनसंगै समय सापेक्षेतामा आधारित रहेको छ। यस स्थानीय पाठयक्रमबाट सिद्ध कुमाख गाउँपालिकाको पहिचान स्थापित गर्न थप सहयोग पुग्ने मेरो विश्वास छ। यो पाठयक्रम यस पालिकाको आवश्यक्ता चाहना र सरोकारवालाकै प्रत्यक्ष सहभागीतामा व्यापक छलफल र वहसगरी निर्माण गरिएको हो। जसमा स्थानीय ज्ञान, सिप र प्रविधिलाइ समेट्नुका साथै यस पाठयक्रमले सिद्ध कुमाख गाउँपालिकाको बिबिधतालाई समेटिएको छ। वदलिदो परिवेशमा शिक्षा क्षेत्रलाइ श्रम र उत्पादनसँग जोड्दै नयाँ ज्ञान,सिप प्रदान गर्दै खोज र अनुसन्धान सम्म विकास गर्न खोजिएको छ। यस पालिकाले निर्माण गरेको "हाम्रो सिद्ध कुमाख" नामक पाठ्यक्रमले यस पालिकाको वास्तविक पहिचान कायम राख्न सफल हुनेमा मेरो पूर्ण विश्वास छ।

यस पाठ्यक्रम निर्माणको क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु। अन्त्यमा यो पाठयक्रम जसरी निर्माण भयो त्यसैगरी सवै पक्षको सकारात्मक सहयोगको अपेक्षा गर्दै कार्यान्वयनको लागि शुभकामना व्यक्त गर्दछु।

**राम बहादुर बस्नेत**
**उपाध्यक्ष,**
**सिद्ध कुमाख गाउँपालिका, सल्यान**

# विषय सूची


| क्र.सं. शीर्षक | पृष्ठ संख्या |
|---|---|
| १. परिचय | १ |
| २. तहगत सक्षमताहरू | ४ |
| ३. थिमहरू/मुख्य विषयक्षेत्रहरू | ६ |
| ४. शिक्षाको माध्यम | ७ |
| ५. विषयक्षेत्र/थिम अनुसारको अनुमानित कार्यघण्टाको समष्टिगत तालिका | ७ |
| ६. विषयवस्तुको विस्तृतीकरण र सम्भावित सिकाई सहजीकरण क्रियाकलाप | १९ |
| कक्षाः १ | १९ |
| कक्षाः २ | २७ |
| कक्षाः ३ | ३५ |
| कक्षाः ४ | ४४ |
| कक्षाः ५ | ५३ |
| कक्षाः ६ | ६४ |
| कक्षाः ७ | ७६ |
| कक्षाः ८ | ८८ |
| ७. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया | १०१ |
| ८. मूल्याङ्कन प्रणाली | १०७ |
| अनुसूची-१ | ११६ |
| अनुसूची-२ | १२३ |
| अनुसूची-३ | १३० |
| अनुसूची-४ | १४१ |
| अनुसूची-५ | १४२ |
| अनुसूची-६ | १४३ |
| सन्दर्भग्रन्थ | १५१ |

# १. परिचय

## पृष्ठभूमी

नेपाली समाज न्यूनतम समानता र अधिकतम विविधताले भरिएको छ। यहाँ चार जात छत्तिस बर्णका मानिसहरू बसोवास गर्दछन्। कतै एउटै जातिको ठुलो समाज छ त कतै एउटै समाजमा विभिन्न जातजातीका मानिसहरू बसोवास गर्दछन्। उनीहरू जन्मदा, जिउने क्रममा र मर्दा भिन्दा भिन्दै संस्कार पालन गर्दछन्। उनीहरू आफ्नै संस्कृतिमा रमाउछन्। उनीहरू सबैको आफ्नै भाषा छ। नेपाल एउटा धर्म निरपेक्ष राष्ट्र भएकोले सबै नेपालीले आ–आफ्नो धर्म मान्न स्वतन्त्र छन्। कोहि पहाडमा बस्छौं त कोहि तराईमा बसोवास गर्दछौं। हामी कोहि गरीब छौं त कोहि धनी। हावापानी फरक, खानपिन फरक, हुर्कने समुदाय फरक अनि साथी–संगति फरक यस्तो विविधतायुक्त परिवेशमा हुर्किएको ब्यक्ति एक–अर्कामा फरक हुनु स्वाभाविक हो।

यस्तै विविधताले छुट्टै परिचय युक्त ब्यक्ति बनाउँछ। ब्यक्तिको अन्तर्निहित क्षमताको विकास गरी बेग्लै पहिचानयुक्त ब्यक्ति निर्माण गर्नु शिक्षाको मुख्य उद्देश्य हो। सामाज विकासमा पनि यहि नियम लागू हुन्छ। एउटा भौगोलिक क्षेत्रको स्रोत साधन, आवश्यकता र सम्भावना अर्को क्षेत्र भन्दा फरक हुन्छ। यसरी ब्यक्ति र समाजको वास्तविक विकासको लागि त्यो ठाउँको माटो सुहाउँदो स्थानीय पाठ्यक्रम निर्माण गरी लागु हुन आवश्यक छ। केन्द्रिय पाठ्यक्रमले त स्थानीय स्रोत, आवश्यकता र सम्भावना ठिक ढङ्गले पहिचान गर्न सक्दैन्। यसले त हामीमा रहेका समानता जस्तै देश प्रेम, मानविय भावना र विश्वव्यापीकरणको विकास गरी मानिसलाई मानव बनाउन सहयोग गर्दछ। केन्द्रीय पाठ्यक्रमले विश्वब्यापी सोचको विकास गर्छ भने स्थानीय पाठ्यक्रमले विश्वब्यापी सोचलाई स्थानीय तहमा लिएर कार्यान्वयन गर्न सहयोग गर्छ। यसरी, स्थानीय पाठ्यक्रम विविधताको सम्बोधन मात्र नभई केन्द्रिय पाठ्यक्रमको परिपूरक पनि हो।

शिक्षा बिना समाज विकासको कल्पना पनि गर्न सकिँदैन। शिक्षाले समाजको वास्तविक समस्या पत्ता लगाउन सहयोग गर्दछ। समाज अनुसार कतै गरिबी, चेतना, त कतै बेरोजगार समस्याका रूपमा रहेका छन्। तर ति समस्याहरूलाई ठिक ढङ्गले पहिचान गर्न शिक्षाका आँखाबाट मात्र सम्भव छ। समस्या पत्ता लगाएर मात्र समाजको विकास हुँदैन। ती समस्याहरूको निवारण गर्नु पर्छ। यसका लागि निश्चित विधिको आवश्यकता पर्दछ। यस्ता विधिलाई पनि शिक्षित आँखाले देख्न सक्छ। बरू त्यो शिक्षा गुणस्तरीय हुन आवश्यक छ। देश, काल र परिस्थितिसँग मेल खाने शिक्षा हुन जरूरी छ र गुणस्तरिय शिक्षाका लागि गुणस्तरीय पाठ्यक्रम हुन आवश्यक छ।

पाठ्यक्रम शिक्षण सिकाइको मूल कानुन हो। यसले सिकारूलाइ किन पढाउने, के विषयवस्तु पढाउने, कसरी पढाउने र पढेको कुरा कति बुझे बुझेनन् भनी कसरी थाहा पाउने भनी प्रष्ट मार्ग निर्देशन गरेको हुन्छ। राष्ट्रिय पाठ्यक्रमले समग्र राष्ट्रिय आवश्यकता, अवसर र सम्भावनालाई सम्बोधन गर्ने प्रयास गरेको हुन्छ। निर्माण प्रक्रियामा प्रतिनीधिमूलक सहभागीता हुन्छ। तर स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकतालाई समाधान गर्न, सरोकारवालाको ब्यापक सहभागीतामा, स्थानीय विज्ञहरूको समन्वयमा निर्माण गरिन्छ। स्थानीय विद्यार्थी, अभिभावक तथा शिक्षकहरूको सहभागीता हुने भएकाले स्थानीय पाठ्यक्रम प्रति सबैले अपनत्व बोध गर्दछन्। नेपाल अधिराज्यको संबिधान २०७२ ले माध्यमिक तह सम्मको शिक्षाको अधिकार स्थानीय सरकारलाई दिएसँगै स्थानीय पाठ्यक्रमको महिमा झन बढेको छ। सिद्ध कुमाख गाउँपालिकाले पनि विभिन्न कानुनी तथा सैद्धान्तिक जगमा टेकेर सिद्ध कुमाखको विशिष्ट परिवेशमा कक्षा १–८ को स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने प्रयास गरेको छ। आर्थिक वर्ष २०७९/०८० को सिद्ध कुमाख गाउँपालिकाको नीति तथा कार्यक्रम र पालिकाको स्वीकृत बजेटमा समेत शैक्षिक सत्र २०८० देखि स्थानीय पाठ्यक्रम लागु गर्ने कार्यक्रम रहेको अवस्थामा स्थानीय पाठ्यक्रम कार्यदल गठन गरी सबै सरोकार वालाहरूको सार्थक सहयोगले यो पाठ्यक्रम निर्माण कार्य सफल भएको छ भने बिद्यालय शिक्षाको मुल पाठ्यक्रमका रुपमा स्थानीय पाठ्यक्रमलाई अनिवार्य गरेकाले यसको महत्त्व झन बढेको देखिन्छ।

## स्थानीय पाठ्यक्रमको परिचय

स्थानीय सरोकारवालाहरुको प्रत्यक्ष सहभागितामा स्थानीय आबश्यकताका बिषयबस्तु समावेश गरी स्थानीय  ज्ञान, सीप र प्रबिधिलाई समेटी निर्माण गरिएको पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ। जसले स्थानीय क्षेत्रका प्राथमिकतापूर्ण विषयवस्तुहरूलाई समेट्छ र तिनीहरूलाई विद्यालयको नियमित कार्यक्रम अनुरूप कक्षाकोठासम्म पुऱ्याउँछ।यसमा स्थानीय स्तरका प्राकृतिक, साँस्कृतिक, भाषिक एवम् ऐतिहासिक विषयवस्तुका साथै पेसा, व्यवसाय, स्थानीय खेलकुद, भोजन, ऐतिहासिक व्यक्तित्व आदिसँग सम्बन्धित विषयवस्तुहरू समावेश गरिएको हुन्छ।

हाम्रो देश नेपाल एक बहुसाँस्कृतिक, बहुधार्मिक, बहुजातिय, बहुभाषिक, बहुभौगोलिक, एवम् प्राकृतिक विविधता भएको देश हो।ठाउँ अनुसार मानिसहरूको रहनसहन, शिक्षाको प्रभाव तथा विद्यार्थीहरूको सिकाइ उपलब्धि स्तर समेत फरक फरक रहेको पाइन्छ।ठाउँ र उचाई अनुसार हावापानी लगायत सम्पूर्ण कुराहरू फरक फरक हुनु नै यहाँको सौन्दर्य हो।फरक फरक परिवेशमा सिकाइका तरिका तथा सिकाइका आवश्यकताका विषयवस्तुहरू पनि फरक फरक हुन सक्छन्।यसका लागि विश्वव्यापी मान्यतासँगै स्थानीय स्तरका विषयवस्तुहरूलाई समेत समेटी सिकाइ क्रियाकलाप सञ्चालन गर्दा उपयुक्त हुन जान्छ। आजको प्रतिस्पर्धात्मक युगमा विद्यार्थीहरूले विश्व परिवेश सँगै स्थानीय परिवेश रहनसहन समेत बुझेर त्यसको संरक्षण, संवर्धन र प्रवर्धन गर्दै आगामी दिनमा त्यसबाट आर्थिक क्रियाकलापहरू समेत सञ्चालन गर्न सक्नु पर्दछ।यसका लागि विद्यालयमा स्थानीय आवश्यकताका विषयवस्तुहरू समेटी पाठ्यक्रममानै समावेस गरी पठनपाठन गराउन सकेमा त्यसबाट बढीभन्दा बढी सिकाइ उपलब्धि हाँसिल गर्न सकिन्छ।यसैले विद्यालय तहमा केन्द्रबाट तयार गरी लागू भएका पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई आवश्यक ज्ञान, सिप र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न सक्दैन भन्ने कुरालाई आत्मसाथ गर्दै स्थानीय पाठ्यक्रमको अवधारणा आएको हो।यो पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित) २०७६ मा आधारित भई स्थानीय आवश्यकताका

आधारमा जनप्रतिनीधि, कर्मचारी, पाठ्यक्रम विज्ञ, स्थानीय शिक्षाविद् प्रधानाध्यापक, शिक्षक लगायतको निरन्तर अन्तरक्रिया र प्रयासबाट निर्माण कार्य सफल भएको हो।

## २. तहगत सक्षमताहरू

आधारभूत तह (कक्षा १–८) अन्त्यमा विद्यार्थीहरूमा निम्नलिखित सक्षमताहरु प्राप्त हुने छन्ः

**कक्षा १-५का सक्षमताहरू**

- सिद्ध कुमाखको टोल, गाउँ, वडा र पालिकाको सामान्य परिचय दिन,
- पालिका भित्र रहेका बिद्यालय, वाटो, बजार र पालिकाको सिमानाको सामान्य परिचय दिन,
- स्थानीय चरा, वन्यजन्तु, वन, पानी र वगैंचाको वारेमा जानकारी लिन र यिनीहरूको महत्त्वका वारेमा जानकार हुन,
- प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापनको महत्त्वको वारेमा जानकार हुन
- सिद्ध कुमाखका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदाहरूसँग परिचित भई संरक्षण, सम्बर्धन र विकासमा क्रियाशील रहन,
- स्थानीय जातजाती र भाषाभाषी बीच पारस्परिक सम्बन्ध विकास गर्न र स्थानीय चाडपर्व मेलापर्वहरूसँग परिचित हुन,
- आफ्ना बाबु बाजेहरूले बोल्ने भाषा, लगाउने पहिरन, मनाउने चाडपर्व, गाउने गीत, नाच्ने नाच तथा बजाउने वाजाहरूका वारेमा परिचित हुन,
- सिद्ध कुमाख क्षेत्र भित्रका पेसा,व्यवसाय एवम् जीविकोपार्जनका क्षेत्रहरू पहिचान गरी तिनीहरू प्रति सम्मान ब्यक्त गर्न,
- स्थानीय स्तरमा उत्पादन हुने तरकारी, फलफूल, अन्नबाली तथा पालिने पशुपंक्षीको वारेमा जानकारी दिन,

- हाम्रा आफ्ना परम्पराग तथा सकारात्मक मानवीय मूल्य मान्यताहरूको जानकारी दिदै नकारात्मक मान्यताहरू प्रति सचेत गराउन,
- स्थानीय स्तरमा सदियौ देखि जडो गाडेर रहेका सामाजिक विभेदहरू न्यूनीकरणका वारेमा चेतना बढाउन,
- हाम्रो पालिका स्तरमा पाईने परम्परागत स्वस्थकर खानाको महत्त्व बुझाई अस्वस्थकर खानाको न्यूनीकरण गर्न,
- विपद र प्रकोपको पहिचान, घर, बिद्यालय र सडक दुर्घटना र यसबाट बच्ने उपाय अवलम्वन गर्न

**कक्षा ६-८ का सक्षमताहरू**

- पालिका भित्र रहेका बिद्यालय वाटो, बजार  पालिकाको सिमाना र सल्यान जिल्लाका पालिकाहरूको सामान्य परिचय दिन,
- स्थानीय संरचनासँग परिचित हुन एवम् स्थानीय सरकारको काम कर्तव्य तथा अधिकारको वारेमा  उत्सुकता देखाउन तथा जानकारी राख्न
- स्थानीय चरा, वन्यजन्तु, वन, पानी र वगैंचाकोहरूको महत्त्व र संरक्षण गर्ने उपायहरू वारेमा जानकार हुन,
- प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापनको महत्त्व र फाईदाका वारेमा जानकार हुन
- सिद्ध कुमाखका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदाहरूसँग परिचित भई संरक्षण, सम्बर्द्धन र विकासमा क्रियाशील रहन,
- सिद्ध कुमाख गा.पा. क्षेत्रभित्रका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदाहरूको महत्त्व बताउन
- स्थानीय जातजाती र भाषाभाषी बीच पारस्परिक सम्बन्ध विकास गर्न र स्थानीय चाडपर्व मेलापर्वहरूसँग परिचित हुदै यिनीहरूको संरक्षणका उपायका वारेमा जानकार हुन

- आफ्ना बाबु बाजेहरूले बोल्ने भाषा, लगाउने पहिरन, मनाउने चाडपर्व, गाउने गीत, नाच्ने नाच तथा बजाउने वाजाहरूको महत्त्वका वारेमा जानकार हुन,
- सिद्ध कुमाख क्षेत्रभित्रका पेसा, व्यवसाय एवम् जीविकोपार्जनका क्षेत्रहरू पहिचान गरी तिनीहरू प्रति सम्मान ब्यक्त गर्न,
- स्थानीय स्तरमा उत्पादन हुने तरकारी, फलफूल, अन्नबाली तथा पालिने पशुपंक्षीहरूमा लाग्ने रोग तथा यसबाट बच्ने उपायको वारेमा जानकारी दिन,
- हाम्रा आफ्ना परम्परागत तथा सकारात्मक मानवीय मूल्य मान्यताहरूको महत्त्व जानकारी दिदै नकारात्मक मान्यताहरू न्यूनीकरण गर्ने उपायहरूको वारेमा सचेत गराउन,
- स्थानीय स्तरमा सदियौं देखि जडो गाडेर रहेका सामाजिक विभेदहरू न्यूनीकरण वारेमा चेतना बढाउन,
- हाम्रो पालिका स्तरमा पाईने परमपरागत र स्वस्थकर खानाको महत्त्व बुझाई अस्वस्थकर खानाको न्यूनीकरण गर्न,
- स्थानीय स्तरमा हुन सक्ने विपदहरूको पहिचान, विपद जोखिम न्यूनीकरण तथा सुरक्षा व्यवस्थापनका प्रयासहरू, प्रकोप तथा विपद व्यवस्थापनमा विद्यालय, समुदाय तथा विभिन्न निकायहरूको भूमिका पहिचान र अबलम्वन गर्न।
- व्यवहारिक लेखन सिपका आधारभूत पक्षहरूको जानकारी र लेखन सिपको विकास गर्न।

**३. थिमहरू/मुख्य विषयक्षेत्रहरू**

थीम १ सिद्ध कुमाखको परिचय

थीम २ स्थानीय वातावरण र हाम्रो कर्तव्य

थीम ३ हाम्रा सम्पदाहरू

थीम ४ स्थानीय जातजाती, भाषा, धर्म र संस्कृति

थीम ५  स्थानीय पेसा र व्यवसाय

थीम ६  मानवीय मूल्य र स्वास्थ्य शिक्षा

थीम ७ विपद व्यवस्थापन

थीम ८  व्यवहारिक लेखन

**४. शिक्षाको माध्यम**

स्थानीय विषयको पठनपाठनको शिक्षाको माध्यम नेपाली भाषा वा मातृभाषा हुन सक्नेछ। पाठ्यक्रम सम्बद्ध सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा सूचना, सञ्चार तथा प्रविधिको प्रयोगलाई प्राथमिकता दिई सक्दो उपयोग गरिने छ।

**५. विषयक्षेत्र /थिम अनुसारको अनुमानित कार्यघण्टाको समष्टिगत तालिका**

सिद्ध कुमाख गाउँपालिकाको लागि निर्माण गरिएको स्थानीय पाठ्यक्रम २०८० का लागि विभिन्न क्षेत्रको कार्यघण्टाः निम्नानुसार रहेकोछ।

**कक्षा १**

| क्र.सं. | क्षेत्र | विषयवस्तु | कार्यघण्टाः |
|---|---|---|---|
| १ | सिद्ध कुमाखको परिचय | • मेरो गाउँटोल<br>• मेरो विद्यालय | २० |
| २ | स्थानीय वातावरण र हाम्रो कर्तव्य | • स्थानीय चरा<br>• स्थानीय वन्यजन्तु<br>• पानी<br>• वनस्पति र फुलबगैंचा | २५ |
| ३ | हाम्रा सम्पदाहरू | • प्राकृतिक सम्पदाहरू<br>• धार्मिक स्थलहरू<br>• ऐतिहासिक सम्पदाहरू<br>• पर्यटकीय सम्पदाहरू | २५ |

| | | | |
|---|---|---|---|
| ४ | स्थानीय जातजाती, भाषा, धर्म र संस्कृति | • चाडपर्व<br>• मेला<br>• नाच<br>• गीत | २५ |
| ५ | स्थानीय पेसा र व्यवसाय | • मेरो परिवारका सदस्यहरूको पेसा<br>• मेरो घरमा फल्ने आन्नबाली<br>• मेरो घरमा फल्ने तरकारी बाली<br>• मेरो सेरोफेरोमा फल्ने फलफूल | २० |
| ६ | मानवीय मूल्य र स्वास्थ्य शिक्षा | • अभिवादन<br>• पाहुनाप्रति देखाउने संस्कार<br>• स्वस्थ खाना<br>• अस्वस्थ खाना | २५ |
| ७ | विपद व्यवस्थापन | • हावा हुरी<br>• चट्याङ<br>• आगलागी<br>• सर्पको टोकाई | २० |

**कक्षा २**

| क्र.सं. | क्षेत्र | विषयवस्तु | कार्यघण्टाः |
|---|---|---|---|
| १ | सिद्ध कुमाखको परिचय | • मेरो गाँउटोल<br>• मेरो नजिकैको बजार<br>• वरिपरिका बिद्यालय | २० |
| २ | स्थानीय वातावरण र हाम्रो कर्तव्य | • स्थानीय वन्यजन्तु<br>• स्थानीय वनस्पति<br>• स्थानीय जडिबुटी<br>• पानी | २५ |
| ३ | हाम्रा | • धार्मिक सम्पदाहरू | २५ |

| | | | |
|---|---|---|---|
| | सम्पदाहरू | • ऐतिहासिक सम्पदाहरू<br>• पर्यटकीय स्थलहरु<br>• प्राकृतिक सम्पदाहरू | |
| ४ | स्थानीय जातजाती, भाषा, धर्म र संस्कृति | • स्थानीय जातजातीहरू<br>• स्थानीय भाषाहरू<br>• स्थानीय चाडपर्व<br>• स्थानीय बाजाहरू | २५ |
| ५ | स्थानीय पेसा र व्यवसाय | • मेरो घरमा पालिने पशुपंक्षी<br>• मेरो छिमेकीको पेसा<br>• मेरो छिमेकीमा हुने अन्नबाली<br>• मेरो घरबगैंचामा फल्ने फलफूल | २० |
| ६ | मानवीय मूल्य र स्वास्थ्य शिक्षा | • खाना खाँदाका असल संस्कार<br>• स्वस्थकर खाना<br>• शिक्षकहरू प्रति गरिने असल व्यवहार<br>• घरायसी कामकाजमा सहयोग | २५ |
| ७ | विपद व्यवस्थापन | • पहिरो<br>• हावाहुरी<br>• आगलागी<br>• रूखबाट खस्ने | २० |

**कक्षा ३**

| क्र.सं. | क्षेत्र | विषयवस्तु | कार्यघण्टाः |
|---|---|---|---|
| १ | सिद्ध कुमाखको परिचय | • मेरो वडा कार्यालय<br>• स्थानीय हावापानी<br>• स्थानीय बजार<br>• छिमेकी विद्यालय | २० |
| २ | स्थानीय वातावरण र | • घर बगैंचा<br>• पानीका स्रोत | २५ |

| | | | |
|---|---|---|---|
| | हाम्रो कर्तव्य | • स्थानीय जडिबुटी<br>• स्थानीय चरा र वन्यजन्तु | |
| ३ | हाम्रा सम्पदाहरू | • धार्मिक सम्पदाहरू<br>• ऐतिहासिक सम्पदाहरू<br>• पर्यटकीय स्थलरू<br>• प्राकृतिक सम्पदाहरू | २५ |
| ४ | स्थानीय जातजाती, भाषा, धर्म र संस्कृति | • स्थानीय जातहरू<br>• स्थानीय भाषाहरू<br>• स्थानीय भेषभूषा<br>• स्थानीय चाडपर्व | २५ |
| ५ | स्थानीय पेसा र व्यवसाय | • स्थानीय स्तरमा पालिने पशुपंक्षी<br>• फलफूल<br>• तरकारी बाली<br>• अन्नबाली | २० |
| ६ | मानवीय मूल्य र स्वास्थ्य शिक्षा | • आफूभन्दा ठूलालाई सम्मान र सम्बोधन<br>• घरायसी कामकाजमा सहयोग<br>• अस्वस्थ खाना<br>• अपाङ्ग र असक्तलाई सहयोग | २५ |
| ७ | विपद व्यवस्थापन | • आगलागी<br>• भिरबाट खस्ने<br>• हावाहुरी<br>• पहिरो | २० |

## कक्षा ४

| क्र.सं. | क्षेत्र | विषयवस्तु | कार्यघण्टाः |
|---|---|---|---|
| १ | सिद्ध कुमाखको परिचय | • पालिका भित्रका विद्यालयहरू<br>• पालिकाको भौगोलिक बनावट<br>• स्थानीय बाटाहरू<br>• सल्यान जिल्लाको नक्सामा मेरो पालिका र सिमाना | १३ |
| २ | स्थानीय वातावरण र हाम्रो कर्तव्य | • स्थानीय चरा तथा वन्यजन्तु<br>• स्थानीय औषधिजन्य वनस्पति<br>• फूल बगैंचा निर्माण<br>• पानीका मुहान | २० |
| ३ | हाम्रा सम्पदाहरू | • सम्पदाको परिचय<br>• पर्यटकीय सम्पदाहरू<br>• मूख्य धार्मिक स्थलहरू<br>• मूख्य प्राकृतिक सम्पदाहरू | २५ |
| ४ | स्थानीय जातजाती, भाषा, धर्म र संस्कृति | • खस भाषा<br>• चाडपर्व असारे तिहार<br>• स्थानीय बाजाः ट्याम्को<br>• स्थानीय मेलाः साईकुमारीको मेला | २० |
| ५ | स्थानीय पेसा र व्यवसाय | • स्थानीय स्तरमा पालिने पशुपंक्षी<br>• स्थानीय अन्नबाली<br>• स्थानीय फलफूल<br>• स्थानीय पेसा | १५ |
| ६ | मानवीय मूल्य र स्वास्थ्य | • स्वस्थ खाना<br>• आफू भन्दा ठूलालाई सम्मान र सम्बोधन<br>• योग | २० |

| | | | |
|---|---|---|---|
| | शिक्षा | • बिद्यालय अनुशासन | |
| ७ | विपद व्यवस्थापन | • आगलागी<br>• सडक दुर्घटना<br>• शारदा नदिमा डुब्ने<br>• वन्यजन्तुबाट बाली बिनास<br>• प्रकोप र विपदको सामन्य परिचय दिन | १५ |

**कक्षा ५**

| क.सं. | क्षेत्र | विषयवस्तु | कार्यघण्टाः |
|---|---|---|---|
| १ | सिद्ध कुमाखको परिचय | • गाउँपालिकाको परिचय- पालिकाको ऐतिहासिक परिचय, नामाङ्कन हुनुको कारण, भौगोलिक स्वरूप तथा क्षेत्रफल<br>• राप्ती राजमार्ग र प्रदेश जोड्ने राजमार्ग<br>• वडा कार्यालयबाट उपलब्ध गराईने प्रमुख सेवाहरू<br>• पालिका भित्रका सामाजिक संघ-संस्थाहरू | १३ |
| २ | स्थानीय वातावरण र हाम्रो कर्तव्य | • वातावरण संरक्षण<br>• घरबगैंचा<br>• पानीका मुहानहरूको संरक्षणका उपाय<br>• दिगो विकास | २० |
| ३ | हाम्रा सम्पदाहरू | • प्रकृतिक सम्पदाहरूः अवस्था पहिचान र संरक्षणका उपायहरू<br>• ऐतिहासिक स्थलहरूः जुम्ले धारा टाकुरा, तारादेवी भिर<br>• पर्यटकीय सम्पदाहरूः कुमाखको लेक, राङ्गोमारे लेक<br>• सल्यान जिल्लाका सम्पदाहरू- कुभिण्डे दह, खैरावाङ | २५ |

| | | | |
|---|---|---|---|
| ४ | स्थानीय जातजाती, भाषा, धर्म र संस्कृति | • स्थानीय जातहरू<br>• स्थानीय भाषाः खस भाषा<br>• चाड पर्वः घ्यू खाने तिहार, चैते दशैं<br>• वाजाः मादल सनाइ, झ्याली | २० |
| ५ | स्थानीय पेसा र व्यवसाय | • स्थानीय पेसाः बैदेसिक रोजगारी, कुखुरा पालन, बंगुर पालन,<br>• स्थानीय प्रविधिमा आधारित बस्तुहरुः मिलढुङ्गा<br>• स्थानीय अन्नवालीः कोदो, फापर, जनालो<br>• बाँसबाट उत्पादन गरिएका सामग्री | १५ |
| ६ | मानवीय मूल्य र स्वास्थ्य शिक्षा | • जन्मदिन मनाउने तरिका<br>• स्वस्थकर खाना<br>• जन्म देखि मृत्युसम्मका स्थानीय संस्कार<br>• योग | २० |
| ७ | विपदव्यवस्थापन | • मानव निर्मित विपदहरूको सामान्य परिचय<br>• प्राकृतिक र मानव निर्मित विपदका भिन्नता<br>• विपदका कारण र न्यूनीकरणका उपायहरू<br>• विपद व्यवस्थापनका उपायहरू- विपद अघि, विपदका समय र विपद पछिको अवस्था | १५ |

## कक्षा ६

| क्र.सं. | क्षेत्र | विषयवस्तु | कार्यघण्टाः |
|---|---|---|---|
| १ | सिद्ध कुमाखको परिचय | • गाउँपालिको परिचय- पाँचवटा वडाको वाटो, खानेपानी, विद्युत, विद्यालय र स्वास्थ्य संस्था<br>• पालिका भित्रका संघ संस्थाहरू- पालिका भित्रका समाजिक संघ संस्थाहरू र तिनीहरूको योगदान<br>• पालिकाबाट प्राप्तहुने सेवाहरू- पालिकाको प्रशासनिक संरचना र प्रवाह हुने सेवाहरू | १३ |

| | | | |
|---|---|---|---|
| | | • पालिकाको जनसंख्या र क्षेत्रफल | |
| २ | स्थानीय वातावरण र हाम्रो कर्तव्य | • वातावरण संरक्षण- जीवजन्तु तथा वनस्पति संरक्षणमा विद्यार्थीको भूमिका पहिचान गर्न<br>• स्थानीय वनस्पति-लालीगुँरास, बाँझ काफल, चुथ्रा, काउलो, मलेवा,<br>• पानीको मुहानको संरक्षण गर्ने उपाय<br>• हरियाली प्रवर्धन- हरित घर र विद्यालयको अबधारणा- हरियाली प्रवर्धनको महत्त्व, तरिका र सहभागीता | २० |
| ३ | हाम्रा सम्पदाहरू | • धार्मिक सम्पदाः सिद्धवावा मन्दिर,कालिका मन्दिर<br>• ऐतिहासिक सम्पदाः जुम्ले धारा, प्याउली ओडार<br>• पर्यटकीय सम्पदाहरूः वन नर्सरी, चिल्ली भिर,<br>• सल्यान जिल्लाको सम्पदाः पुतली दरवार फलावाङ | २० |
| ४ | स्थानीय जातजाती, भाषा, धर्म र संस्कृति | • स्थानीय जातहरूः<br>• चाडपर्वः कृष्ण अष्टमी, चैते दशैं, होलि, साउने सक्रान्ती<br>• नाचः मयूर नाच, झ्याउरे, वनगाडी<br>• भेषभूषाः गुनियो, चोली, फरिया, भोटी, | २० |
| ५ | स्थानीय पेसा र व्यवसाय | • स्थानीय पेसाः सिलाइकटाई, मौरीपालन,<br>• स्थानीय प्रविधिमा आधारित सामग्रीः ढिकी, जाँतो<br>• गोबरमलः परिचय, महत्त्व र प्रयोग गर्ने तरिका<br>• तरकारी बालीः काउली, बन्दा आलु, सिमी | १५ |
| ६ | मानवीय मूल्य | • विद्यालय अनुशासन | १५ |

| | | | |
|---|---|---|---|
| | र स्वास्थ्य शिक्षा | • जातिय विभेद न्यूनीकरण गर्ने उपायहरू<br>• जन्म देखि मृत्यु सम्म गरिने संस्कार<br>• ध्यानः परिचय, विद्यार्थीलाई हुने फाईदा, बिपासना ध्यान गर्ने बिधि | |
| ७ | विपद व्यवस्थापन | • प्रकोप र विपदको भिन्नता<br>• विपद पूर्ब तयार पारिने सामग्री<br>• हावाहुरीका समयमा गरिने कार्य<br>• सडक दुर्घटनाबाट बच्नका लागि ट्राफिक नियम | १२ |
| ८ | व्यवहारिक लेखन | • निवेदन<br>• निमन्त्रणा पत्र<br>• शुभकामना पत्र<br>• सूचना तथा जानकारी | १३ |

**कक्षा ७**

| क.सं., | क्षेत्र, | विषयवस्तु, | कार्यघण्टाः, |
|---|---|---|---|
| १ | सिद्ध कुमाखको परिचय | • पालिकाको भौगोलिक बनावट- नक्सा निर्माण<br>• पालिकाले जारी गरेको ऐन कानुन<br>• पालिका अध्यक्षको काम कर्तव्य र अधिकार<br>• वडाबाट प्राप्तहुने सेवाहरू | १३ |
| २ | स्थानीय वातावरण र हाम्रो कर्तव्य | • वन व्यवस्थापन<br>• प्राकृतिक स्रोतको महत्त्व र संरक्षण<br>• दिगो विकास- दिगो विकास र हरित विद्यालय बीचको सम्बन्ध, दिगो विकास र वातावरण संरक्षणका लागि स्थानीय स्तरबाट गर्न सकिने प्रयासहरु<br>• जलवायु परिवर्तनबाट स्थानीय तहमा देखिएका असरहरू | २० |

| | | | |
|---|---|---|---|
| ३ | हाम्रा सम्पदाहरू | • धार्मिक सम्पदाहरू: चमेरे गुफा, सिद्धवावा मन्दिर<br>• ऐतिहासिक सम्पदा: निराजन मा. बि. ढोरचौर ले संकलन गरेका पुराना समान तथा जडिबुटीहरू<br>• पर्यटकीय सम्पदा: कराने भिर<br>• सल्यान जिल्लामा सम्पदा: गंगामाला मन्दिर | २० |
| ४ | स्थानीय जातजाती, भाषा, धर्म र संस्कृति | • स्थानीय चाडपर्वहरूको महत्त्व<br>• स्थानीय नाचहरूको महत्त्व र संरक्षण<br>• स्थानीय वाजागाजाहरूको संरक्षण<br>• स्थानीय गीतहरूको संरक्षण | २० |
| ५ | स्थानीय पेसा र व्यवसाय | • स्थानीय पेसा- सुन्तला खेती<br>• स्थानीय नगदे बाली- अदुवाबाली<br>• बेमौसमि तरकारी- महत्त्व र चुनौति<br>• स्थानीय हाटबजार-महत्त्व | १५ |
| ६ | मानवीय मूल्य र स्वास्थ्य शिक्षा | • विद्यालयमा अनुशासनको महत्त्व<br>• सकारात्मक व्यवहारको परिचय र महत्त्व<br>• जातीय विभेद, वालबिवाह न्यूनीकरणमा पालिकाले गरेका प्रयासहरु<br>• ध्यान र सिकाई सम्बन्ध | १५ |
| ७ | विपद व्यवस्थापन | • सुरक्षित विद्यालय<br>• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका तीन चरणहरूमा गरिने क्रियाकलाप<br>• सिद्ध कुमाख गाउँपालिका भित्रका जोखिमयुक्त वडाहरूको पहिचान र न्यूनीकरण गर्ने उपायहरू | १२ |
| ८ | व्यवहारिक लेखन | • तमसुक<br>• भरपाई | १३ |

| | | | |
|---|---|---|---|
| | | • मेलमिलाप<br>• सुझाव पत्र | |

## कक्षा ८

| क्र.सं. | क्षेत्र | विषयवस्तु | कार्यघण्टाः |
|---|---|---|---|
| १ | सिद्ध कुमाखको परिचय | • उपाध्यक्षको काम कर्तव्य र अधिकार<br>• सल्यान जिल्लाका स्थानीय तहहरू<br>• पालिकामा रहेका सार्वजनिक कार्यालयहरू<br>• पालिका भित्रका विकासका पुर्बाधारहरु | १३ |
| २ | स्थानीय वातावरण र हाम्रो कर्तव्य | • पानीः पानीको दिगो व्यवस्थापन<br>• प्राकृतिक स्रोतको संरक्षणका उपायहरू<br>• हरियाली प्रबर्द्धन<br>• जलवायु परिवर्तनबाट स्थानीय तहमा देखिएका असरहरू र समाधानका उपायहरू | २० |
| ३ | हाम्रा सम्पदाहरू | • धार्मिक सम्पदाहरूः ब्राहथान,नागेश्वर मन्दिर<br>• ऐतिहासिक सम्पदाः सिद्धको गुफा परिचय, महत्त्व र संरक्षणका उपायहरू<br>• पर्यटकीय सम्पदाः चिल्ली भिर<br>• सल्यान जिल्लामा सम्पदाः छायाँक्षेत्र, | २० |
| ४ | स्थानीय जातजाती, भाषा, धर्म र संस्कृति | • स्थानीय भेषभूषाः घलेक, धरोको परिचय, महत्त्व र संरक्षण<br>• स्थानीय वाजाहरूः मुरली, सारङ्गीको परिचय, महत्त्व र संरक्षण<br>• स्थानीय गीतहरूः लोक गीत र ठारी भाका परिचय, महत्त्व र संरक्षण<br>• कुमाखको मेलाः परिचय र महत्त्व | २० |

| | | | |
|---|---|---|---|
| ५ | स्थानीय पेसा र व्यवसाय | • स्थानीय पेसाः टिम्मुर खेती- बेर्ना छनौट, जमिन तयारी, मल र पानीको प्रयोग, फाईदा<br>• स्थानीय प्रविधिमा आधारित सामग्रीः अदुवा फल्ने खोरः खोर बनाउने तरिका, अदुवा फली सुठो बनाउने तरिका<br>• तरकारी बालीः चुच्चेकरेला, भेडे खुर्सानी, हिउँदे सिमी<br>• किवी खेती | १५ |
| ६ | मानवीय मूल्य र स्वास्थ्य शिक्षा | • लैङ्गिक विभेद न्यूनीकरणमा पालिकाको भूमिका<br>• बिपसना ध्यान विधि तथा अभ्यास<br>• गौतम बुद्धका चार आर्य सत्यहरू<br>• अस्वस्थ खाना | १५ |
| ७ | विपद व्यवस्थापन | • वन्यजन्तुबाट बालीनाली नस्ट<br>• ग्यास सिलिन्डर बिस्फोट सावधानी<br>• विपदको समयमा सबै भन्दा जोखिममा परेका वर्गहरू जस्तै वालबलिका, महिला, दलित तथा विपन्न वर्गको पहिचान र कारण खोजी | १२ |
| ८ | व्यवहारिक लेखन | • भरपाई<br>• मेलमिलाप पत्र<br>• कार्यालयलाई निबेदन<br>• माईनुट तथा निर्णय लेखन | १३ |

## ६. विषयवस्तुको विस्तृतीकरण र सम्भावित सिकाई सहजीकरण क्रियाकलाप

**कक्षाः१**

### १. थिमः सिद्ध कुमाखको परिचय

**(क) सिकाइ उपलब्धिः**

१. आफू बसेको गाउँ वा टोलको नाम र वडा नम्बर बताई गाउँपालिकाको नक्सामा आफ्नो टोल देखाउन,

२. आफूले पढ्ने विद्यालयको नाम, ठेगान भन्नुका साथै विद्यालय वरिपरिको वातावरण, घेरवार, भवन तथा कक्षाकोठाको वारेमा बताउन।

**(ख) विषयवस्तुः**

- मेरो गाउँटोल,
- मेरो विद्यालय।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

- विद्यार्थीहरूलाई आफ्नो टोलको नाम र वडा नम्बर कति हो भनेर छलफल गर्ने, पालै पालो विद्यार्थीहरुलाई अगाडि बोलायर "नमस्ते, मेरो नाम......हो, म सिद्ध कुमाख गाउँपालिको वडा नम्बर........ ......... टोलमा बस्छु" ढाँचामा अभ्यास गराउने,
- विद्यार्थीहरूलाई कक्षाकोठा वाहिर लिनुहोस्, विद्यालय वाहिरको वातावरण देखाउनुहोस्, वन, भिर,पाखा, खोला, पर्खाल, भवन, चर्पि, धारा, खेलमैदान देखाउनुहोस् र अन्त्यमा कक्षाकोठाम लिएर देखेका कुरा भन्न लगाउनुहोस्।

**(घ) मूल्याङ्कनः**

- आफू बसेको गाउँ वा टोलको नाम र वडा नम्बर सोधेर, गाउँपालिकाको नक्सामा आफ्नो टोल देखाउन लगाएर,
- आफूले पढ्ने विद्यालयको नाम, ठेगान भन्न लगाएर साथै विद्यालय वरिपरिको वातावरण, घेरवार, भवन तथा कक्षाकोठाको वारेमा बताउन लगाएर।

**(ङ) कार्यघण्टाः २०**

२. थिमः स्थानीय वातावरण र हाम्रो कर्तव्य

**(ख) सिकाइ उपलब्धि**

१. स्थानीय चराहरूको नाम बताउन,

२. स्थानीय वन्यजन्तु र घरपालुवा जनावरहरूको नाम बताउन,

३. स्थानीय स्तरमा पानीका स्रोतहरू पहिचान गरी सूची तयार गर्न,

४. स्थानीय स्तरमा पाइने वनस्पतिको नाम बताउन र फूल बगैँचाको अवधारणा बनाउन।

**(ग) विषयवस्तुः**

- ☞ स्थानीय चरा,
- ☞ स्थानीय वन्यजन्तु र घर पालुवा जनावर,
- ☞ पानी,
- ☞ वनस्पति र फुलबगैँचा।

**(घ) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

- ❖ विद्यार्थीहरूलाई तपाईहरुले देखेका चराहरूको नाम भन्नुहोस् भनि बोर्डमा लेखी छलफल गर्ने,
- ❖ विद्यार्थीहरुलाई तपाईहरूले देखेका र पालेका जनावरहरूको नाम भन्नुहोस भनि बोर्डमा लेखी छलफल गर्ने,
- ❖ तपाईले घरमा प्रयोग गर्ने पानी मुल, खोला, कुवा कहाँबाट आउछ भनि सोधेर बोर्डमा लेख्ने र ति पानी खाना पकाउन, पिउन, खेतवारीमा चार्न, नुहाउन वा अन्य कुन कुन काममा प्रयोग गर्नुहुन्छ भनि प्रस्न सोधेर छलफल गर्ने। यसमा फोटोहरू देखाएर पनि शिक्षण गर्न सकिन्छ,

❖ कक्षाकोठा वाहिर लिएर त्यहा भएका वनस्पति देखाउदै नाम छलफल गर्ने र फूलबगैँचाका लागि नजिकैको राम्रो फूलबगैँचा (घरमा वा सार्वजनिक ठाउँमा) देखाउँन लैजाने।

**(ङ) मूल्याङ्कनः**

१. स्थानीय चराहरूको नाम सोधेर,

२. स्थानीय वन्यजन्तुहरूको नाम बताउन लगाएर,

३. पानीका स्रोत तथा प्रयोग हुने क्षेत्र सोधेर,

४. स्थानीय स्तरमा पाइने वनस्पतिको नाम सोधेर र फूल बगैँचामा भएका फूलको सूची तयार गर्न लगाएर।

**(च) कार्यघण्टाः २५**

३. थिमः हाम्रा सम्पदाहरू

**(क) सिकाइ उपलब्धि**

१. पालिकामा भएका मुख्य प्राकृतिक सम्पदाहरूको नाम बताउन,

२. पालिकामा भएका मुख्य धार्मिक स्थलहरूको नाम बताउन,

३. पालिकामा भएका मुख्य ऐतिहासिकसम्पदाहरूको नाम बताउन,

४. पालिकामा भएका मुख्य पर्यटकीय सम्पदाहरूको नाम बताउन।

**(ख) विषयवस्तुः**

☞ प्राकृतिक सम्पदाहरू,

☞ धार्मिक स्थलहरू,

☞ ऐतिहासिक सम्पदाहरू,

☞ पर्यटकीय सम्पदाहरू।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

- ❖ सम्भव भएसम्म वन, नदि, ढुङ्गा खानी आदिको भ्रमण गराउने नभए फोटो तथा प्रोजेक्टर प्रयोग गर्ने,
- ❖ सम्भव भएसम्म पालिकामा रहेका मुख्य धार्मिक स्थलहरूको भ्रमण गराउने नभए फोटो तथा प्रोजेक्टर प्रयोग गर्ने,
- ❖ सम्भव भएसम्म पालिकामा रहेका मुख्य ऐतिहासिक स्थलहरूको भ्रमण गराउने नभए फोटो तथा प्रोजेक्टर प्रयोग गर्ने,
- ❖ सम्भव भएसम्म पालिकामा रहेका पर्यटकीय धार्मिक स्थलहरूको भ्रमण गराउने नभए फोटो तथा प्रोजेक्टर प्रयोग गर्ने।

**(घ) मूल्याङ्कनः**

१. पालिकामा भएका मुख्य प्राकृतिक सम्पदाहरूको नाम बताउन लगाएर,

२. पालिकामा भएका मुख्य धार्मिक स्थलहरूको नाम सोधेर,

३. पालिकामा भएका मुख्य ऐतिहासिक सम्पदाहरूको नाम बताउन लगाएर,

४. पालिकामा भएका मुख्य पर्यटकीय सम्पदाहरूको नाम सोधेर।

**(ङ) कार्यघण्टाः २५**

४. थिमः स्थानीय जातजाती, भाषा, धर्म र संस्कृति

**(क) सिकाइ उपलब्धि**

१. हाम्रा चाडपर्वहरूको नाम बताउन,

२. हाम्रा मेलाहरूको नाम बताउन,

३. हाम्रा नाचहरूको नाम बताउन,

४. हाम्रा गीतहरूको नाम बताउन।

**(ख) विषयवस्तुः**

- ❖ हाम्रा चाडपर्वहरू,
- ❖ हाम्रा मेलाहरू,
- ❖ हाम्रा नाचहरू,
- ❖ हाम्रा गीतहरू।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

- ❖ विद्यार्थीहरूलाई उनीहरूले मनाउने चाडपर्वको नामलाई बोर्डमा सोधेर छलफल गर्ने,
- ❖ विद्यार्थीहरूले थाहा पाएका तथा देखेका मेलाहरू उनीहरु आफैलाई सोधेर छलफल गर्ने वा युटुवमा भिडियो देखाएर छलफल,
- ❖ विद्यार्थीहरूले थाहा पाएका तथा देखेका नाचहरू उनीहरू आफैलाई सोधेर छलफल गर्ने वा युटुवमा भिडियो देखाएर छलफल गर्ने,
- ❖ विद्यार्थीहरूले थाहा पाएका तथा सुनेका गीतहरू उनीहरू आफैलाई सोधेर छलफल गर्ने वा युटुवमा भिडियो देखाएर छलफल गर्ने,
- ❖ परम्पराग गीत तथा नाचहरू गाउन र नाच्न लगाउने।

**(घ) मूल्याङ्कनः**

१. हाम्रा चाडपर्वहरूको नाम सोधेर,

२. हाम्रा मेलाहरूको नाम बताउन लगाएर,

३. हाम्रा नाचहरूको नाम बताउन लगाएर,

४. हाम्रा गीतहरूको नाम सोधेर।

**(ङ) कार्यघण्टाः २५**

५. थिमः स्थानीय पेसा र व्यवसाय

**(क) सिकाइ उपलब्धि**

१. आफ्नो परिवारका सदस्यहरूले गर्ने पेसा बताउन,

२.	आफ्नो घरमा फल्ने आन्नबालीहरुको नाम भन्न,

३.	आफ्नो घरमा फल्ने तरकारीको नाम बताउन,

४.	आफ्नो सेरोफेरोमा फल्ने फलफूलहरूको नाम भन्न।

**(ख) विषयवस्तुः**

- ❖ मेरो परिवारका सदस्यहरूको पेसा,
- ❖ मेरो घरमा फल्ने आन्नबाली,
- ❖ मेरो घरमा फल्ने तरकारी बाली,
- ❖ मेरो सेरोफेरोमा फल्ने फलफूल।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

- ❖ सबै विद्यार्थीहरूको आमा,बुवा, दाई, दिदीहरूको पेसा सोधेर बोर्डमा लेखी छलफल गर्ने,
- ❖ सबै विद्यार्थीहरूको घरमा फल्ने अन्नबाली सोधेर बोर्डमा लेखी छलफल गर्ने,
- ❖ सबै विद्यार्थीहरूको घरमा फल्ने तरकारी सोधेर बोर्डमा लेखी छलफल गर्ने,
- ❖ सबै विद्यार्थीहरूको घरमा फल्ने फलफूल सोधेर बोर्डमा लेखी छलफल गर्न।

**(घ) मूल्याङ्कनः**

१. आफ्नो परिवारका सदस्यहरूले गर्ने पेसा भन्न लगाएर,

२. आफ्नो घरमा फल्ने आन्नबालीहरुको नाम सोधेर,

३. आफ्नो घरमा फल्ने तरकारीको नाम भन्न लगाएर,

४. आफ्नो सेरोफेरोमा फल्ने फलफूलहरूको नाम भन्न लगाएर।

**(ङ) कार्यघण्टाः २०**

६. थिमः मानवीय मूल्य र स्वास्थ्य शिक्षा

**(क) सिकाइ उपलब्धि**

१. अभिवादनको संस्कार सिकाउन,

२. पाहुना प्रति देखाउने संस्कार सिकाउन,

३. घरमा पाक्ने स्वस्थ खानाको नामहरु बताउन,

४. प्याकेटमा आउने अस्वस्थ खानाको नाम बताउन।

**(ख) विषयवस्तुः**

- ❖ अभिवादन,
- ❖ पाहुना प्रति देखाउने संस्कार,
- ❖ स्वस्थ खाना,
- ❖ अस्वस्थ खाना।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

- ❖ कक्षामा कुनै विद्यार्थीहरूलाई आमा, बुवा, मामा,माईजु, शिक्षक आदिको अभिनय गर्न दिने र अरूले हाम्रो संस्कार अनुसारको अभिवादन गर्ने,
- ❖ कक्षामा कुनै विद्यार्थीहरूलाई पाहुनाको अभिनय गर्न दिने र अरूले अभिवादन गर्ने, चकटी वा कुर्सी दिने, पानी सोध्ने, सन्चो विसन्चो सोध्ने आदि,
- ❖ तपाईहरूको घरमा पाक्ने खानाहरुको नाम भन्नुहोस भनि सोधेर बोर्डमा लेखी छलफल गर्ने,
- ❖ प्याकेटमा आएका खानेकुराको वारेमा प्रश्न उत्तर गरेर।

**(घ) मूल्याङ्कनः**

१. अभिवादन गर्न लगाएर,

२. पाहुनाप्रति देखाउने संस्कार सोधेर,

३. घरमा पाक्ने स्वस्थ खानाहरुको नाम बताउन लगाएर,

४. प्याकेटमा आउने अस्वस्थ खानाहरुको नाम सोधेर।

**(ङ) कार्यघण्टाः २५**

७. थिमः विपद व्यवस्थापन

(क) सिकाइ उपलब्धि

१. हावाहुरी आउने सम्भावित समय र यसबाट हुन सक्ने क्षति बताउन,

२. चट्याङ आउने सम्भावित समय र यसबाट हुन सक्ने क्षति बताउन,

३. आगलागी हुने सम्भावित समय र यसबाट हुन सक्ने क्षति बताउन,

४. सर्पले टोक्ने सम्भावित समय र यसबाट हुन सक्ने खतरा बताउन।

(ख) विषयवस्तुः

❖ हावा हुरी,

❖ चट्याङ,

❖ आगलागी,

❖ सर्पको टोकाई।

(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप

❖ हावाहुरी, चट्याङ, आगलागी तथा सर्पको टोकाई सम्वन्धी विद्यार्थीको वास्तविक अनुभवलाई आधार बनाएर छलफल तथा प्रश्नोउतर गर्ने

❖ गउगदगउद

❖ दसउदसउ

❖ गउदगउद

(घ) मूल्याङ्कनः

१. हावाहुरी आउने सम्भावित समय र यसबाट हुन सक्ने क्षति बताउन लगाएर

२. चट्याङ आउने सम्भावित समय र यसबाट हुन सक्ने क्षति सोधेर

३. आगलागी हुने सम्भावित समय र यसबाट हुन सक्ने क्षति सोधेर

४. सर्पले टोक्ने सम्भावित समय र यसबाट हुन सक्ने खतरा बताउन लगाएर

(ङ) कार्यघण्टाः २०

## कक्षाः२

१. थिमः सिद्ध कुमाखको परिचय

**(क) सिकाइ उपलब्धि**

१. आफ्नो टोल र वडाको नाम बताउन,

२. नजिकको बजारको नाम बताउन,

३. वरपरको विद्यालयको नाम बताउन।

**(ख) विषयवस्तुः**

- मेरो गाँउटोल,
- मेरो नजिकैको बजार,
- वरिपरिका विद्यालय।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

- विद्यार्थीहरूलाई तपाईहरूको टोलको नाम र वडा नम्बर कति हो भनि सोधेर छलफल गर्ने, पालै पालो विद्यार्थीलाई अगाडि बोलायर "नमस्ते, मेरो नाम......हो, म सिद्ध कुमाख गाउँपालिको वडा नम्बर........ ......... टोलमा बस्छु" ढाँचामा अभ्यास गराउने,
- सम्भव भयसम्म नजिकैको बजारको भ्रमण गराएर वाटोमा लाग्ने समय, आउने जाने साधन, बजारमा पाईने सामानको प्रकार आदिको वारेमा कक्षामा फर्के पछि छलफल गर्ने,
- छिमेकी विद्यालयको भ्रमण गराउने वा फोटो देखाएर बर्णन गर्ने वा भिडियो देखाउने।

**(घ) मूल्याङ्कनः**

१. आफ्नो टोल र वडाको नाम सोधेर,

२. नजिकको बजारको नाम बताउन लगाएर,

३. वरपरको विद्यालयको नाम बताउन लगाएर।

**(ङ) कार्यघण्टाः २०**

२. थिमः स्थानीय वातावरण र हाम्रो कर्तव्य

**(क) सिकाइ उपलब्धि**

१. स्थानीय वन्यजन्तुहरूको नाम बताउन,

२. स्थानीय वनस्पतिहरूको नाम वाताउन,

३. स्थानीय जडिबुटीको नाम भन्न,

४. पानीको स्रोत र प्रयोग हुने ठाउँ बताउन।

**(ख) विषयवस्तुः**

- ❖ स्थानीय वन्यजन्तु,
- ❖ स्थानीय वनस्पति,
- ❖ स्थानीय जडिबुटी,
- ❖ पानी।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

- ❖ स्थानीय स्तरमा पाईने वन्यजन्तुको फोटो, भिडियो देखाएर वा विद्यार्थीले देखे/ सुनेका जनावरको नाम माथि छलफल गराएर,
- ❖ कक्षाकोठाबाट वाहिर लिएर बरिपरिको बोट बिरूवा देखाउने र कक्षामा फर्के पछि थप छलफन गर्ने,
- ❖ स्थानीय स्तरमा पाइने र प्रयोगमा आईरहने जडिबुटीको फोटो तथा भिडियो देखाएर वा केहि जडिबुटी जुन धेरै प्रयोग हुन्छ तिनीहरू लाई शिक्षकले कक्षाकोठामा ल्याएर छलफल गराएर चिनाउन पनि सकिन्छ,
- ❖ विद्यार्थीहरूलाई पिउने, खाना पकाउने, सरसफाई, सिंचाई गर्नका लागि पानी कहाँबाट कसरी आउँछ भनि छलफल गराएर।

**(घ) मूल्याङ्कनः**

१. स्थानीय वन्यजन्तुहरूको नाम सोधेर,

२. स्थानीय वनस्पतिहरूको नाम बताउन लगाएर,

३. स्थानीय जडीबुटीको नाम भन्न लगाएर,

४. पानीको स्रोत र प्रयोग हुने ठाउँ सोधेर।

**(ङ) कार्यघण्टाः २५**

३. थिमः हाम्रा सम्पदाहरू

**(क) सिकाइ उपलब्धि**

१. पालिकामा भएका मुख्य प्राकृतिक सम्पदाहरूको नाम बताउन,

२. पालिकामा भएका मुख्य धार्मिक स्थलहरूको नाम बताउन,

३. पालिकामा भएका मुख्य ऐतिहासिक सम्पदाहरूको नाम बताउन,

४. पालिकामा भएका मुख्य पर्यटकीय सम्पदाहरूको नाम बताउन।

**(ख) विषयवस्तुः**

❖ प्राकृतिक सम्पदाहरू,

❖ धार्मिक सम्पदाहरू,

❖ ऐतिहासिक सम्पदाहरू,

❖ पर्यटकीय स्थलहरू।

**(ग) सम्भावित शिक्षण सिकाइ क्रियाकलापः**

❖ सम्भव भएसम्म वन, नदि, ढुङ्गाखानी आदिको भ्रमण गराउने नभए फोटो तथा प्रोजेक्टर प्रयोग गर्ने,

❖ सम्भव भएसम्म पालिकामा रहेका मुख्य धार्मिक स्थलहरूको भ्रमण गराउने नभए फोटो तथा प्रोजेक्टर प्रयोग गर्ने,

- ❖ सम्भव भएसम्म पालिकामा रहेका मुख्य ऐतिहासिक स्थलहरूको भ्रमण गराउने नभए फोटो तथा प्रोजेक्टर प्रयोग गर्ने,
- ❖ सम्भव भएसम्म पालिकामा रहेका पर्यटकीय धार्मिक स्थलहरूको भ्रमण गराउने नभए फोटो तथा प्रोजेक्टर प्रयोग गर्ने,
- ❖ सिद्ध कुमाख गाउँपालिकाका केहि सम्पदाहरू यूटुभ र इन्टरनेटमा पनि उपलब्ध भएकाले यहाँबाट पनि हेराउन सकिन्छ।

**(घ) मूल्याङ्कनः**

१. पालिकामा भएका मुख्य प्राकृतिक सम्पदाहरूको नाम सोधेर,

२. पालिकामा भएका मुख्य धार्मिक स्थलहरूको नाम बताउन लगाएर,

३. पालिकामा भएका मुख्य ऐतिहासिक सम्पदाहरूको नाम बताउन लगाएर,

४. पालिकामा भएका मुख्य पर्यटकीय सम्पदाहरूको नाम भन्न लगाएर।

**(ङ) कार्यघण्टाः २५**

४. थिमः स्थानीय जातजाती, भाषा, धर्म र संस्कृति

**(क) सिकाइ उपलब्धि**

१. आफ्नो टोलमा बस्ने मुख्य जातिहरूको नाम बताउन,

२. हाम्रा पूर्खाले बोलेको खस भाषाको वारेमा उत्सुक्ता देखाउन,

३. स्थानीय चाडपर्वहरुको नाम बताउन,

४. स्थानीय परम्परागत वाजाहरूको नाम बताउन।

**(ख) विषयवस्तुः**

- ❖ स्थानीय जातजातीहरू,
- ❖ स्थानीय भाषाहरू,
- ❖ स्थानीय चाडपर्व,
- ❖ स्थानीय वाजाहरू।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

- ❖ विद्यार्थीहरूलाई आफ्नो टोलमा बसोवास गर्ने जातजातीहरूको नाम विद्यार्थीहरूलाई नै सोधेर बोर्डमा लेखी छलफल गराउने,
- ❖ हाम्रो सल्यान जिल्लाका अभियान्ता कुल बहादुर बलीको खसभाषामा बोलिएको भिडियो तथा अडियो सुनाएर,
- ❖ विद्यार्थीहरूको आफ्नो परिवार तथा समाजमा मनाईने चाडपर्वहरूको सूची बनाएर बोर्डमा लेखी उनीहरूको इच्छा तथा उत्सुक्ता अनुसार छलफल गर्ने,
- ❖ स्थानीय स्तरमा पाईने वा लोप हुन लागेको वाजाहरूको तस्बिर देखाई नाम सम्झाउने वा सम्भब भएमा वास्तविक वाजा नै कक्षामा लगेर वजाउँन लगाउने।

**(घ) मूल्याङ्कनः**

१. आफ्नो टोलमा बस्ने मुख्य जातिहरूको नाम सोधेर,

२. हाम्रा पूर्खाले बोलेको खस भाषाको  सिको गर्न लगाएर,

३. स्थानीय चाडपर्वको नाम बताउन लगाएर,

४. स्थानीय परम्परागत बाजाहरूको नाम सोधेर।

**(ङ) कार्यघण्टाः २५**

५. थिमः स्थानीय पेसा र व्यवसाय

**(क) सिकाइ उपलब्धि**

१. आफ्नो घरमा वा छरछिमेकमा पालिने पशुपंक्षीहरूको नाम बताउन,

२. आफ्नो घरपरिवार तथा छिमेकीहरूले गर्ने पेसा व्यवसायको नाम भन्न,

३. आफ्नो सेरोफेरोमा फल्ने अन्नबालीको नाम बताउन,

४. आफ्नो सेरोफेरोमा फल्ने फलफूलहरूको नाम बताउन।

**(ख) विषयवस्तुः**

- ❖ मेरो घरमा पालिने पशुपंक्षी,

- ❖ मेरो छिमेकीहरूको पेसा,
- ❖ मेरो छिमेकीमा हुने अन्नबाली,
- ❖ मेरो घर बगैंचामा फल्ने फलफूल।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

- ❖ सबै विद्यार्थीहरूको घरमा वा छरछिमेकीमा पालिने पशुपंक्षीहरूको नाम सोधेर बोर्डमा लेखी छलफल गर्ने,
- ❖ सबै विद्यार्थीहरूको छरछिमेकीमा गर्ने पेसा सोधेर बोर्डमा लेखी छलफल गर्ने,
- ❖ सबै विद्यार्थीहरूको घरमा वा छिमेकमा फल्ने अन्नबाली सोधेर बोर्डमा लेखी छलफल गर्ने,
- ❖ सबै विद्यार्थीहरूको घरमा फल्ने फलफूलको नाम सोधेर बोर्डमा लेखी छलफल गर्ने।

**(घ) मूल्याङ्कनः**

१. आफ्नो घरमा वा छरछिमेकमा पालिने पशुपंक्षीहरूको नाम सोधेर,

२. आफ्नो घरपरिवार तथा छिमेकीहरूले गर्ने पेसा व्यवसायको नाम भन्न लगाएर,

३. आफ्नो सेरोफेरोम फल्ने अन्नबालीको नाम बताउन लगाएर,

४. आफ्नो सेरोफेरोम फल्ने फलफूलहरूको नाम सोधेर।

**(ङ) कार्यघण्टाः** २०

६. थिमः मानवीय मूल्य र स्वास्थ्य शिक्षा

**(क) सिकाइ उपलब्धि**

१. परम्परागत रूपमा चल्दै आएका खाना र खाना खाने बेलामा पालन गरिने असल संस्कारहरूको नाम बताउन,

२. घरमा पाईने स्वस्थकर खानाहरुको नाम बताउन,

३. शिक्षकहरू प्रति गरिने असल संस्कार प्रदर्शन गर्न,

४. घरायसी कामकाजमा सहयोग प्रति सकारात्मक बन्न।

**(ख) विषयवस्तुः**

- ☞ खाना खाँदाका असल संस्कार,
- ☞ स्वस्थकर खाना,
- ☞ शिक्षकहरू प्रति गरिने असल व्यवहार,
- ☞ घरायसी कामकाजमा सहयोग।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

- ❖ पाहुनालाई पहिला दिने, खाना दुईहातले पुऱ्याउने, खाना संग पानी पनि दिने, आगाडीबाट नहिड्ने आदि संस्कारको वारेमा छलफल गर्ने वा यिनै विषयमा भूमिका खेलाएर,
- ❖ हामीले पहिला देखि खाँदै आएका खानाहरूको महिमाको विषयमा छलफल गर्ने,
- ❖ विद्यार्थी र शिक्षकको भूमिका दिएर रोल खेल्न लगाउने,
- ❖ खाली समयमा घरायसी कामकाजमा सहयोग गर्दा हुने शारीरिक तथा मानसिक फाईदा माथि छलफल गर्ने।

**(घ) मूल्याङ्कनः**

१. परम्परागतरूमा चल्दै आएका खाना र खाना खाने बेलामा पालन गरिने असल संस्कारहरूको नाम बताउन लगाएर,

२. घरमा पाईने स्वस्थकर खानाहरुको नाम बताउन,

३. शिक्षकहरू प्रति गरिने असल संस्कार प्रदर्शन गर्न लगाएर,

४. घरायसी कामकाजमा सहयोग गर्दा हुने फाइदा सोधेर।

**(ङ) कार्यघण्टाः २५**

७. थिमः विपद् व्यवस्थापन

**(क) सिकाइ उपलब्धि**

१. पहिरो जाने समय र सम्भावित ठाउँको वारेमा बताउन,

२.	हावा हुरी आउने समय बताउन,

३.	आगलागी हुने समय र स्थान बताउन,

४.	रूखबाट खस्ने सम्भावित कारण बताउन,

**(ख) विषयवस्तुः**

❖ पहिरो,

❖ हावाहुरी,

❖ आगलागी,

❖ रूखबाट खस्ने।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

❖ हाम्रो पालिकामा वा गाउँघरमा गएको ठुलो पहिरोलाई प्रत्यक्ष रुपमा प्रत्यक्ष विद्यार्थीलाई देखाएर यो पहिरो कहिले गयो? र किन गएहोला भनि सोधेर छलफल गर्ने वा फोटो भिडियो देखाउने र अवधारणा प्रस्ट पारिदिने,

❖ हावाहुरी आउने सम्भावित समयको वारेमा छलफल गर्ने,

❖ आगलागी हुने सम्भावित समय र स्थान माथि छलफल गराउने,

❖ बिद्यार्थीहरु मध्यबाट कतै रूखबाट खसेको घटना देखेको वा सुनेको भए उनिहरु बाट कारण सुनी बोडमा लेखी छलफल गरी अपुग सूचना थप गर्ने।

**(घ) मूल्याङ्कनः**

१. पहिरो जाने समय र सम्भावित ठाउँहरुको वारेमा सोधेर

२. हावाहुरी आउने समय बताउन लगाएर

३. आगलागी हुने समय र स्थान बताउन लगाएर

४. रूखबाट खस्ने सम्भावित कारण बताउन लगाएर

**(ङ) कार्यघण्टाः** २०

## कक्षाः३

१. थिमः सिद्ध कुमाखको परिचय

**(क) सिकाइ उपलब्धि**

१. आफ्नो वडा को नम्बर, ठेगान र वडाबाट दिईने सामान्य सेवाहरू बताउन,

२. आफू बसेको ठाउँको मौसम कुन कुन महिनामा कस्तो कस्तो हुन्छ भनि बताउन,

३. आफ्नो वडाको सबै भन्दा ठुलो बजारको जाने आउने दुरी, पाईने सामानहरू (कपडा, खाध्यान्न......) आदि बताउन,

४. आफ्नो नजिकै माध्यमिक विद्यालयको वारेमा संक्षिप्त जानकारी दिन।

**(ख) विषयवस्तुः**

- ❖ मेरो वडा कार्यालय,
- ❖ स्थानीय हावापानी,
- ❖ स्थानीय बजार,
- ❖ छिमेकी विद्यालय।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

- ❖ वडा कार्यालयको भ्रमण गराउने वावडा अध्यक्ष तथा सदस्यहरूलाई कक्षामा निम्ता गरेर उनीहरूबाट बुझ्ने वा फोटो भिडियोको प्रयोग गर्ने,
- ❖ विद्यार्थीहरूबाट कुन महिनामा कस्तो महसुस गर्नुहुन्छ भनि प्रतिक्रिया मागी महिना र मौषमको तालिका बनाउने,
- ❖ स्थानीय बजारको भ्रमण गराउने,
- ❖ नजिकको माध्यमिक विद्यालयको भ्रमण गराउने।

**(घ) मूल्याङ्कनः**

१. आफ्नो वडा को नम्बर, ठेगान र वडा बाट दिईने सामान्य सेवाहरू सोधेर,

२. आफू बसेको ठाउँको मौसम कुन कुन महिनामा कस्तो कस्तो हुन्छ भनि सोधेर,

३. आफ्नो वडाको सबै भन्दा ठुलो बजारको जाने आउने दुरी, पाईने सामानहरू आदि सोधेर,

४. आफ्नो नजिकै माध्यमिक विद्यालयको वारेमा संक्षिप्त प्रश्नहरू सोधर।

**(ङ) कार्यघण्टाः २०**

२. थिमः स्थानीय वातावरण र हाम्रो कर्तव्य

**(क) सिकाइ उपलब्धि**

१. घर बगैंचाको परिचय दिन,

२. पानीको स्रोत संरक्षणको महत्त्व बताउन,

३. स्थानीय जडिबुटीको नाम भन्न,

४. स्थानीय चराहरू र जनावरहरूको नाम बताउन।

**(ख) विषयवस्तुः**

- घर बगैंचा,
- पानीका स्रोत,
- स्थानीय जडिबुटी,
- ❖ स्थानीय चरा र वन्यजन्तु।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

- ❖ विद्यार्थीहरुलाई तँपाइको घरको वरिपरि लगाइएका फूल, रूख, तरकारी र फलफूल के के छन् ?छलफल गराएर अन्त्यमा यी सबैको रूप घर बगैंचा हो भनि धारणा बनाइ दिने,
- ❖ पानीका मूल संरक्षण नगर्दा भोलि के होला? भन्ने विषयमा छलफल गरी किन संरक्षण गर्नुपर्दो रहेछ भनि बुझाउने,
- ❖ केही महत्त्वपूर्ण जडिबुटीहरूलाई कक्षा कोठामा ल्याएर नाम चिनाउने,

❖ विद्यार्थीहरूबाटै देखेसुनेका स्थानीय चरा तथा जनावरको बोर्डमा सूची बनाइ छलफल गराउने।

**(घ) मूल्याङ्कनः**

१. घर बगैंचामा पर्ने भागहरू सोधेर,

२. पानीको स्रोत संरक्षणको महत्त्व बताउन लगाएर,

३. स्थानीय जडिबुटीको नाम भन्न लगाएर,

४. स्थानीय चराहरू र जनावरहरूको नाम सोधेर।

**(ङ) कार्यघण्टाः २५**

३. थिमः हाम्रा सम्पदाहरू

**(क) सिकाइ उपलब्धि**

१. पालिका भित्र रहेका धार्मिक स्थलहरूको सूची बनाई तिनीहरूको महत्त्व बताउन,

२. पालिका भित्र रहेका ऐतिहासिक स्थलहरूको सूची बनाई तिनीहरूको महत्त्व बताउन,

३. पालिका भित्र रहेका पर्यटकीय स्थलहरूको सूची बनाई तिनीहरूको महत्त्व बताउन,

४. पालिका भित्र रहेका प्राकृतिक सम्पदाहरूको सूची बनाई तिनीहरूको महत्त्व बताउन।

**(ख) विषयवस्तुः**

❖ धार्मिक सम्पदाहरू,

❖ ऐतिहासिक सम्पदाहरू,

❖ पर्यटकीय स्थलरू,

❖ प्राकृतिक सम्पदाहरू।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

❖ पालिकामा रहेका मन्दिर, गुम्बा, चर्चहरूको सूची बनाई धार्मिक आस्थाले के फाईदा गर्दछ भनि सिकाउने,

❖ पालिकाको ऐतिहासिक सम्पदाहरूको सूची बनाइ तिनीहरूको महत्त्व माथि छलफल गराउने,

❖ पालिकाको पर्यटकीय स्थलहरूको सूची बनाइ तिनीहरूको महत्त्व माथि छलफल गराउने,

❖ पालिकामा भएका वन, नदि, पहाड खोला आदिको सूची गराई महत्त्व माथि छलफल गराउने ।

**(घ) मूल्याङ्कनः**

१. पालिका भित्र रहेका धार्मिक स्थलहरूको सूची बनाई तिनीहरूको महत्त्व बताउन लगाएर,

२. पालिका भित्र रहेका ऐतिहासिक स्थलहरूको सूची बनाई तिनीहरूको महत्त्व सोधेर,

३. पालिका भित्र रहेका पर्यटकीय स्थलहरूको सूची बनाई तिनीहरूको महत्त्व बताउन लगाएर,

४. पालिका भित्र रहेका प्राकृतिक सम्पदाहरूको सूची बनाई तिनीहरूको महत्त्व बताउन लगाएर।

**(ङ) कार्यघण्टाः २५**

४. थिमः स्थानीय जातजाती, भाषा, धर्म र संस्कृति

**(क) सिकाइ उपलब्धि**

१. आफ्नो पालिकामा रहेका जातिहरूको नाम बताउन,

२. खस भाषाको महत्त्व बताउन,

३. हाम्रा पौराणिक भेषभूषाको सूची बनाउन,

४. हाम्रा स्थानीय चाडपर्वको महत्त्व बताउन।

**(ख) विषयवस्तुः**

❖ स्थानीय जातहरू,

❖ स्थानीय भाषाहरू,

- ❖ स्थानीय भेषभूषा,
- ❖ स्थानीय चाडपर्व।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

- ❖ पालिकाको तथ्याङ्क प्रयोग गर्ने, स्थानीय जातहरु, स्थानीय भेषभूषा र चाडपर्वहरुको नाम बिद्यार्थीहरुलाई भन्न लगाउने,
- ❖ खस भाषा संरक्षणको अभियान्ता तथा जानकारहरूलाई बोलाउने वा फोन गरी कक्षामा सुनाउने,
- ❖ हाम्रा पुराना पोसाकहरू को चित्र देखाई छलफल गराउने,
- ❖ भेटघाट, पुनर्मिलन, मनोरञ्जन, आदि विषयलाई आधार बनाएर छलफल गराउने ।

**(घ) मूल्याङ्कनः**

१. आफ्नो पालिकामा रहेका जातिहरूको नाम बताउन लगाएर,

२. खस भाषाको महत्त्व सोधेर,

३.हाम्रा पौराणिक भेषभूषाको सूची तयार पार्न लगाएर,

४. हाम्रा स्थानीय चाडपर्वको महत्त्व बारे सोधेर।

**(ङ) कार्यघण्टाः २५**

५. थिमः स्थानीय पेसा र व्यवसाय

**(क) सिकाइ उपलब्धि**

१. स्थानीय स्तरमा पालिने पशुपंक्षीहरूको महत्त्व बताउन,

२. पालिकामा हुने फलफूल जस्तै सुन्तला, बेलौति, काफलहरू हुने ठाउँहरुको नाम बताउन,

३. पालिका भित्रका कुन-कुन ठाउँमा कुन-कुन तरकारी खेती हुन्छ भनि ठाँउ र तरकारीको नाम बताउन,

४. पालिका भित्रका कुन कुन ठाउँमा कुन कुन अन्नबाली खेती हुन्छ भनि नाम बताउन।

(ख) **विषयवस्तुः**

- ❖ स्थानीय स्तरमा पालिने पशुपंक्षी,
- ❖ फलफूल,
- ❖ तरकारी बाली,
- ❖ अन्नबाली।

(ग) **सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

- ❖ स्थानीय स्तरका सफल पशुपालक किसानको घरमा बिद्यार्थीहरुलाई लिएर वा किसानलाई बिद्यालयमा बोलाएर पशुपंक्षी पालन गर्दा हुने फाईदाको वारेमा छलफल गराउने,
- ❖ कुन-कुन ठाउँमा कुन-कुन फलफूल पाईन्छन भनि प्रश्न गरी उनीहरूको सहि अवधारणालाई मान्यता दिने,
- ❖ पालिका भित्रका कुन कुन ठाउँमा कुन-कुन तरकारी खेती हुन्छ भनि प्रश्नोत्तर तथा छलफल गराउने,
- ❖ पालिका भित्रका कुन-कुन ठाउँमा कुन-कुन अन्नबालीको खेती राम्रो हुन्छ भनि प्रश्नोत्तर तथा छलफल गराउने ।

(घ) **मूल्याङ्कनः**

१. स्थानीय स्तरमा पालिने पशुपंक्षीहरूको महत्त्व बताउन लगाएर,

२. पालिकामा हुने फलफूल जस्तै सुन्तला, बेलौति, काफलहरू हुने ठाउँको नाम बताउन लगाएर,

३. पालिका भित्रका कुन-कुन ठाउँमा कुन-कुन तरकारी खेती हुन्छ भनि सोधेर,

४. पालिका भित्रका कुन-कुन ठाउँमा कुन-कुन अन्नबाली खेती हुन्छ भनि सोधेर।

(ङ) **कार्यघण्टाः** २०

६. थिमः मानवीय मूल्य र स्वास्थ्य शिक्षा

(क) **सिकाइ उपलब्धि**

१. ठूलालाई सम्मान र सानालाई माया अनि आदरार्थी भाषा प्रयोग गर्न,

२. घरायसी कामकाजमा अभिभावकहरूलाई सहयोग गर्दा हुने फाईदा बताउन,

३. जङ्कफूडको बेफाइदा बताउन

४. अपाङ्ग र असक्तलाई सहयोग गर्ने तरिका बताउन।

(ख) **विषयवस्तुः**

❖ आफूभन्दा ठूलालाई सम्मान र सम्बोधन,

❖ घरायसी कामकाजमा सहयोग,

❖ अस्वस्थ खाना,

❖ अपाङ्ग र असक्तलाई सहयोग।

(ग) **सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

❖ आमा, बुवा, शिक्षक तथा मान्यजनहरूले भनेको मान्दा हुने फाईदाको सूची सङ्कलन गरी छलफल गर्ने र आदरार्थी शब्दहरूको सूची तयार पार्न लगाउने

❖ नराम्रा सँगत, बुवाआमाको खुसी, मेहनतको संस्कार आदिलाई मुख्य बनाएर छलफल गर्ने,

❖ जंङ्कफूड बाट हुने शारीरिक, मानसिक तथा आर्थिक पंक्षमा हुने हानीबारे छलफल गराउने,

❖ कान नसुन्नेलाई, खुट्टा कमजोर भएकालाई कसरी सहयोग गर्नुहुन्छ? भन्ने जस्ता बिकल्प दिएर छलफल गर्ने तर कक्षामा कोहि असक्त भएमा उसको मनोविज्ञानमा चोट नपुऱ्याउने।

(घ) **मूल्याङ्कनः**

१. ठूलालाई सम्मान र सानालाई माया गर्ने आदरार्थी भाषा कक्षाकोठामा प्रयोग गर्न लगाएर,

२. घरायसी कामकाजमा अभिभावकहरूलाई सहयोग गर्दा हुने फाईदा बताउन लगाएर,

३. जङ्कफूडको बेफाइदा बताउन लगाएर,

४. अपाङ्ग र असक्तलाई सहयोग गर्ने तरिका बताउन लगाएर।

**(ङ) कार्यघण्टाः २५**

७. थिमः विपद व्यवस्थापन

**(क) सिकाइ उपलब्धि**

१. आगलागी हुने समय र स्थान का बारेमा बताउन,

२. भिरबाट खस्ने सम्भावित कारण बताउन,

३. हावाहुरी आउने समय बताउन ,

४. पहिरो जाने समय र सम्भावित ठाउँको वारेमा बताउन,

५. प्रकोप र विपदको सामन्य परिचय बताउन।

**(ख) विषयवस्तुः**

☞ आगलागी,

☞ भिरबाट खस्ने,

☞ हावाहुरी

☞ पहिरो,

☞ प्रकोप र विपदको सामान्य परिचय।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

❖ प्रश्नोत्तर र छलफल,

❖ प्रश्नोत्तर र छलफल,

❖ प्रश्नोत्तर र छलफल,

❖ प्रश्नोत्तर र छलफल,

❖ प्रश्नोत्तर र छलफल।

**(घ) मूल्याङ्कनः**

१. आगलागी हुने समय र स्थान सोधेर,

२. भिरबाट खस्ने सम्भावित कारण बताउन लगाएर

३. हावाहुरी आउने समय र यसबाट हुने क्षति सोधेर,

४. पहिरो जाने समय र सम्भावित ठाउँको वारेमा प्रश्न गरेर,

५. प्रकोप र विपदको सामान्य धारणा सोधेर।

**(ङ) कार्यघण्टाः २०**

## कक्षाः४

१. थिमः सिद्ध कुमाखको परिचय

### (क) सिकाइ उपलब्धि

१. आफ्नो पालिका भित्रका विद्यालयहरूको सूची बनाई आधारभूत र माध्यमिक विद्यालय छुटयाउन,

२. पालिकाको भूगोलमा समथर, भिरालो, खोला खोल्सा, खानीहरू भएको ठाउँहरूको पहिचान गर्न,

३. पालिका भित्रका सडकहरूको पहिचान गरी यी वाटाहरूको महत्त्व बताउन,

४. सल्यान जिल्लाको नक्सा हेरी आफ्नो पालिकाको नक्सा बनाउन र छिमेकी पालिकाहरूको नाम बताउन।

### (ख) विषयवस्तुः

- ❖ पालिका भित्रका विद्यालयहरू,
- ❖ पालिकाको भौगोलिक बनावट,
- ❖ स्थानीय बाटाहरू,
- ❖ सल्यान जिल्लाको नक्सामा मेरो पालिका र सिमाना।

### (ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप

- ❖ विद्यालय भ्रमण, फोटो तथा भिडियो प्रदर्शन,
- ❖ पालिकाको नक्सा प्रदर्शन गरी जति सक्यो विद्यार्थीहरूको सहभागीतामा प्रश्नोत्तर र छलफल गराउने,
- ❖ पालिकाको नक्सा प्रदर्शन गरी जति सक्यो विद्यार्थीहरूको सहभागीतामा प्रश्नोत्तर र छलफल गराउने,
- ❖ सल्यान जिल्लाको नक्सा प्रयोग गरी चारै तिरका पालिकाको वारेमा छलफल गराउने।

**(घ) मूल्याङ्कनः**

१.	आफ्नो पालिका भित्रका विद्यालयहरूको सूची बनाउन लगाएर, आधारभूत र माध्यमिक विद्यालय छुट्याउन लगाएर,

२.	पालिकाको भूगोलमा समथर, भिरालो, खोला खोल्सा, खानीहरू भएको ठाउँहरूको नामहरू भन्न लगाएर,

३.	पालिका भित्रका सडकहरूको नाम र यी वाटाहरूको महत्त्व बताउन लगाएर,

४.	सल्यान जिल्लाको नक्सा हेरी आफ्नो पालिकाको नक्सा बनाउन लगाएर, र छिमेकी पालिकाहरूको नाम सोधेर।

**(ङ) कार्यघण्टाः १३**

२.	थिमः स्थानीय वातावरण र हाम्रो कर्तव्य

**(क) सिकाइ उपलब्धि**

१.	स्थानीय चरा र वन्यजन्तुको महत्त्व र संरक्षणका उपायहरु बताउन,

२.	स्थानीय स्तरमा पाईने औषधिजन्य वनस्पति वा जडिबुटीहरूको नाम र काम बताउन,

३.	विद्यालय तथा घरमा फूल रोपी त्यसको संरक्षणमा सहभागी हुन,

४.	पानीको मुहान सरसफाईमा सहभागी हुन मुहान संरक्षणको उपाय भन्न।

**(ख) विषयवस्तुः**

- स्थानीय चरा तथा वन्यजन्तु,
- स्थानीय औषधिजन्य वनस्पति,
- फूल बगैंचा निर्माण,
- पानीका मुहान।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

- चरा र वन्यजन्तु र वातावरण बीचको सम्बन्धमा र यिनीहरूको संरक्षण गर्ने उपायका वारेमा छलफल गराउने,

- ❖ औषधिजन्य वनस्पति लाई कक्षामा ल्याई यसका कामका वारेमा छलफल गरी नाम र कामको सूची बनाउन लगाउने,
- ❖ विद्यालयको प्राङ्गनमा कक्षा अनुसारको ठाउँ दिने वा नाम लेखि दिने, फूल रोप्न लगाउने र गोडमेल, सिँचाई र मलको व्यवस्थापनमा उनीहरूलाई सहभागी बनाउने,
- ❖ नजिकैको धारा तथा मुलमा विद्यार्थीहरूलाई लिएर सरसफाईमा उनीहरूलाई सहभागी बनाउने र त्यही स्थानमा विद्यार्थीहरूलाई गोलाकारमा उभ्याएर पानीको संरक्षणको उपायका वारेमा छलफल गराउने।

**(घ) मूल्याङ्कनः**

१. स्थानीय चरा र वन्यजन्तु महत्त्व किन छ भनि सोधेर र संरक्षणका उपायहरु बताउन लगाएर,

२. स्थानीय स्तरमा पाईने औषधिजन्य वनस्पतिहरूको नाम र त्यस औषधिजन्य बनस्पतिको काम सोधेर,

३. विद्यालय तथा घरमा फूल रोप्न लगाई त्यसको संरक्षणमा सहभागी हुन लगाएर,

४. पानीको मुहानको सरसफाईमा सहभागी हुन र मुहान संरक्षणको उपायहरु भन्न लगाएर।

**(ङ) कार्यघण्टाः २०**

३. थिमः हाम्रो सम्पदाहरू

**(क) सिकाइ उपलब्धि**

१. सम्पदाको परिचय दिन,

२. पर्यटकीय स्थलहरूको महत्त्व बताउन,

३. धार्मिक स्थलहरूको महत्त्व बताउन,

४. सिद्ध कुमाख गाउँपालिका भित्र रहेका सामुदायिक वन र त्यसले समुदायलाई दिने फाईदा बताउन।

(ख) **विषयवस्तुः**

- ❖ सम्पदाको परिचय,
- ❖ पर्यटकीय सम्पदाहरू,
- ❖ मुख्य धार्मिक स्थलहरू,
- ❖ मुख्य प्राकृतिक सम्पदाहरू।

(ग) **सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

- ❖ पालिकामा रहेका सबै सम्पदाहरूको फोटो तथा भिडियो देखाउने र यसबाट सम्पदाको परिभाषा वा परिचय दिने सम्पदाको प्रकार र पालिकामा सबै सम्पदाहरुको सूची बनाउन लगाएर,
- ❖ पालिकाको विकासमा पर्यटकीय स्थलहरूले खेलेको भूमिकाका वारेमा छलफल गराउने,
- ❖ आर्थिक सुधार, ब्यक्ति अनुशासन, शान्ति र धार्मिक स्थलहरुको सम्बन्धका वारेमा छलफल गर्ने,
- ❖ प्राकृतिक सम्पदा मध्येको एउटा महत्त्वपूर्ण सम्पदा वन हो भनि सिकाएर वनले समुदायलाई दिने प्रत्यक्ष र अप्रत्यक्ष फाईदाका वारेमा छलफल गराई कुनै तीन फाईदाहरु बताउन लगाउने।

(घ) **मूल्याङ्कनः**

१. सम्पदाको परिचय भन्न लगाएर

२. पर्यटकीय स्थलहरूको महत्त्व सोधेर,

३. धार्मिक स्थलहरूको महत्त्वका वारेमा प्रश्न गरेर,

४. सिद्ध कुमाख गाउँपालिका भित्र रहेका सामुदायिक वनहरुको नाम सोधेर र त्यसले समुदायलाई दिने फाईदा बताउन लगाएर।

(ङ) **कार्यघण्टाः २५**

४. थिमः स्थानीय जातजाती, भाषा, धर्म र संस्कृति

**(क) सिकाइ उपलब्धि**

१. आफ्ना जिजु वाजेले बोल्ने भाषाको महत्त्व बताउन,

२. लुतो फाल्ने दिनको परिचय र मनाउने तरिका बताउन,

३. टयाम्को वाजा बनाउनका लागि चाहिने सामग्रीको नाम बताउन,

४. साईकुमारी मेलाको परिचय दिन।

**(ख) विषयवस्तुः**

☞ खस भाषा,

☞ चाडपर्वः साउने सक्रान्ती ( लुतो फाल्ने दिन),

☞ स्थानीय वाजाः टयाम्को,

❖ स्थानीय मेलाः साईकुमारीको मेला

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

❖ युटुवमा उक्त भाषाको भिडियो सुनाई महत्त्व बारे छलफल गराउने,

❖ लुतो फाल्ने दिन मनाउने तरिका माथि छलफल गराउने,

❖ टयाम्कोलाई कक्षाकोठामा लियर प्रदर्शन गराउने वा चित्रद्वारा धारणा प्रष्ट बनाईदिने,

❖ युटुवमा रहेको साईकुमारीको मेला देखाउने।

**(घ) मूल्याङ्कनः**

१. आफ्ना जिजु वाजेले बोल्ने भाषाको महत्त्व सोधेर,

२. असारे तिहारको परिचय र मनाउने तरिका बताउन लगाएर,

३. टयाम्को बाजा बनाउनका लागि चाहिने सामग्रीहरुको नाम सोधेर,

४. साईकुमारीको मेलाको कहाँ र कहिले लाग्छ र यस मेलाको मुख्य मुख्य आकर्षण के के हुन भनि प्रस्न गरेर।

**(ङ) कार्यघण्टाः २०**

५. थिमः स्थानीय पेसा र व्यवसाय

**(क) सिकाइ उपलब्धि**

१. स्थानीय स्तरमा उत्पादन गरिएका खाने कुराहरूको आर्थिक तथा स्वास्थ्य लाभको फाईदा बताउन,

२. आफूभन्दा ठूलालाई सम्मान देखाउन र सम्बोधन गर्न,

३. सूर्य प्रणायम, अनुलोम बिलोम र कपालभाति गर्न,

४. विद्यार्थीहरूले पालन गर्नुपर्ने नियमहरु बताउन।

**(ख) विषयवस्तुः**

- स्वस्थ खाना,
- आफू भन्दा ठूलालाई सम्मान र सम्बोधन,
- योग,
- विद्यालय अनुशासन।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

- स्थानीय खानाले कसरी रोग विरुद्ध लड्न सहयोग गर्दछ वा बजारी क्षेत्रमा हाम्रा गाउँघरमा खाने कुराहरुको माग किन बढिराखेको छ भनि छलफल गराउने,
- कुन कुन ठाउँमा आफू भन्दा ठूलालाई सम्मान गर्न सकिन्छ भनि छलफल चलाई कक्षाकोठामा हजुर, तपाई  जस्ता शब्द प्रयोग गरी सम्बोधन गर्न सिकाउने, सम्मान कसरी गर्ने भनी बिद्यार्थीहरुमा समुह निर्माण गरी अभिनय गर्न लगाउने,
- कार्पेट भएको कोठा वा दुवो भएको चौरमा लिएर सूर्य नमस्कार, कपालभाति र अनुलोम बिलोम सिकाउने,
- विद्यार्थीले पालना गर्ने नियमहरू स्वयम विद्यार्थीहरुलाई समुहमा राखी बनाई बनाउन लगाउने र शिक्षकले सहयोग गर्ने र ड्रोईङ पेपरमा लेखी भित्तामा टाँस्ने।

(घ) **मूल्याङ्कनः**

१. स्थानीय स्तरमा उत्पादन गरिएका खाने कुरा हरूको आर्थिक तथा स्वास्थ्य लाभको फाईदाहरू सोधेर,

२. आफूभन्दा ठूलालाई सम्मान देखाउन लगाएर र सम्बोधन गर्न लगाएर,

३. सूर्य प्रणायम, अनुलोम बिलोम र कपालभाति गर्न लगाएर,

४. विद्यार्थीहरूले पालन गर्ने नियम सोधेर।

(ङ) **कार्यघण्टाः १५**

६. थिमः मानवीय मूल्य र स्वास्थ्य शिक्षा

(क) **सिकाइ उपलब्धि**

१. स्थानीय स्तरमा पालिने पशुपंक्षीहरूको महत्त्व  बताउन,

२. स्थानीय अन्नबाली उत्पादनमा हुने समस्याहरू बताउन,

३. स्थानीय फलफूलः सुन्तला खेतीको वारेमा बताउन,

४. स्थानीय पेसाहरूको सूची बनाई आफूलाई मन पर्ने पेसा बताउन।

(ख) **विषयवस्तुः**

१. स्थानीय स्तरमा पालिने पशुपंक्षी,

२. स्थानीय अन्नबाली,

३. स्थानीय फलफूल,

४. स्थानीय पेसा।

(ग) **सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

❖ आफ्नो टोल तथा वडामा भएका सफल पशुपालकको कथा सुनाउने वा उसले गरेको प्रगतिको बयान गर्ने,

❖ मुख्य अन्नबालिको सूची बोर्डमा लेखी प्रत्यक बाली उत्पादनमा देखा पर्ने समस्याहरूको बारेमा छलफल गर्ने- सिँचाई, किरा, जनावर, मल आदि विषयका आधारमा छलफल गर्ने,

❖ कता फर्किएको जमिनमा सुन्तला हुन्छ ? बिरूवा कहाँ पाईन्छ, कसरी हुर्काउने, कहिले फल्छ? र कहिले पाक्छ? कहाँ बेच्ने? आदि विषयमा छलफल गर्ने, सफल कृषकको कथा सुनाउने,

❖ पालिकामा बसोवास गर्ने मानिसहरूका पेसाको सूची तयार गर्ने, परम्पराग पेसामा छलफल गरी यि पेसाबाट एउटा पेसा छान्न लगाई छान्नुको कारण माग्ने।

**(घ) मूल्याङ्कनः**

१. स्थानीय स्तरमा पालिने पशुपंक्षीहरूको महत्त्व सोधेर,

२. स्थानीय अन्नबाली उत्पादनमा हुने समस्याहरू बुँदागत टिपोट गर्न लगाएर,

३. स्थानीय फलफूलः सुन्तला खेतीको वारेमा बताउन लगाएर,

४. स्थानीय पेसाहरूको सूची बनाउन लगाई आफूलाई मन पर्ने पेसा सोधेर।

**(ङ) कार्यघण्टाः २०**

७. थिमः विपद व्यवस्थापन

**(क) सिकाइ उपलब्धि**

१. आगलागी बाट हुने क्षति बताउन,

२. सडक दुर्घटनाबाट बच्नका लागि अपनाईने सावधानीहरू बताउन,

३. नदिमा डुवानका कारण र त्यसबाट बच्ने उपाय बताउन,

४. वालीनाली नष्ट गर्ने जनावरहरुको नाम भन्न र त्यसबाट बच्ने उपायहरू बताउन,

५. प्रकोप र विपद बीच फरक देखाउन।

**(ख) विषयवस्तुः**

☞ आगलागी,

☞ सडक दुर्घटना,

☞ शारदा नदिमा डुब्ने,

☞ वन्यजन्तुबाट बाली बिनास,

☞ प्रकोप र विपद बीच फरक।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

❖ सम्भब भएसम्म आगलागीको फोटो तथा भिडियो देखाउने र क्षतिको अनुमान गर्ने कार्यमा विद्यार्थीहरुलाई संलग्न गराउने,

❖ स्थानीय स्तरमा भएका दुर्घटनाको फोटो तथा भिडियो देखाई बच्ने उपायहरु मध्य मध्यपान, ट्राफिक नियम उलङ्घन, सडकहरुका प्रकृति आदि लाई केन्द्रबिन्दुमा राखि छलफल गराउने,

❖ स्थानीय स्तरमा भएको डुवानको घटना भए विद्यार्थीहरुलाई सुनाउने र डुब्नुको कारण र यसबाट बच्न अपनाउनु पर्ने सावधानीका वारेमा छलफल गराउने,

❖ बाली नोक्सान गर्ने जनावरको सूची बनाउने वा विद्यार्थीलाई बनाउन लगाउने र यसबाट बच्नका लागि अपनाउन सकिने उपायहरू माथि छलफल गर्ने, बिभिन्न ठाउँमा अपनाएका उपायहरु युटुवमा पनि हेर्न सकिन्छ,

❖ भूँईचालो प्रकोप हो भने त्यसबाट हुने क्षतिलाई विपद भनिन्छ, बाढी आउने प्रकोप हो भने मान्छे बगाउने विपद हो भन्दै धेरै उदाहरण दिएर प्रष्ट पार्ने।

**(घ) मूल्याङ्कनः**

१. आगलागीबाट हुने क्षति बताउन,
२. सडक दुर्घटनाबाट बच्नका लागि अपनाईने सावधानीहरू बताउन,
३. नदिमा डुवानका कारण र त्यसबाट बच्ने उपायहरू बताउन,
४. बालीनाली नस्ट गर्ने जनावरको नाम भन्न र त्यसबाट बच्ने उपाय बताउन,
५. प्रकोप र विपद बीचको फरक सोधेर।

**(ङ) कार्यघण्टाः १५**

## कक्षाः५

१. थिमः सिद्ध कुमाखको परिचय

**(क) सिकाइ उपलब्धि**

१. सिद्ध कुमाख गाउँपालिकाको ऐतिहासिक परिचय दिन, पालिका तथा छिमेकी पालिकाको नामाङ्कनको पहिचान दिन, सुगम र दूर्गमको पहिचान र पालिकाको क्षेत्रफल बताउन,

२. राप्ती राजमार्ग र प्रदेश जोड्ने राजमार्गहरूको दुरी, पालिका विकासमा यी राजमार्गहरूको भुमिका बताउन,

३. वडा कार्यालयबाट उपलब्ध गराईने प्रमुख सेवाहरू बताउन,

४. पालिका भित्रको विकासमा योगदान गर्ने सामाजिक संघ संस्थाहरूको परिचय दिन र योगदान बताउन।

**(ख) विषयवस्तुः**

☞ गाउँपालिकाको ऐतिहासिक परिचय, नामाङ्कन हुनुको कारण, भौगोलिक स्वरूप तथा क्षेत्रफल,

☞ राप्ती राजमार्ग र प्रदेश जोड्ने राजमार्ग,

☞ वडा कार्यालयबाट उपलब्ध गराईने प्रमुख सेवाहरू,

☞ पालिका भित्रका सामाजिक सङ्घ संस्थाहरू।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

❖ विद्यार्थीहरूलाई सिद्ध कुमाख गाउँपालिकाको स्थापना मिति, सिद्ध कुमाख नाम राखिनुको कारण तथा अन्य सम्वद्ध इतिहास माथि छलफल गराउने र शिक्षकले थप सहजीकरण गरिदिने, छिमेकी पालिकाहरूको नामाकरणको कारण सोध खोज गर्न लगाउने, पालिकाका सुगम र दूर्गम वडाहरू छुट्याउन सहयोग गर्ने र पालिकाको क्षेत्रफल माथि छलफल गर्ने,

- पालिका तथा जिल्लाको नक्सा प्रयोग गरी राजमार्गहरूको दुरी पत्ता लगाइ ती राजमार्ग हरूले पालिकालाई आर्थिक, सामाजिक, पर्यटकीय तथा अन्य दृष्टिकोणबाट हुने योगदानको चर्चा गर्ने,
- वडा कार्यालयबाट प्राप्तहुने सेवाहरूको सूची बनाउने तथा वडा कार्यालय गएर सोधपुछ गर्न लगाउने,
- सङ्घ तथा संस्थाहरूको सूची तयार गर्न लगाई तिनीहरूको योगदानको क्षेत्रवारे बिचार विमर्ष गर्ने।

**(घ) मूल्याङ्कनः**

१. सिद्ध कुमाख गाउँपालिकाको ऐतिहासिक परिचय सोधेर, पालिका तथा छिमेकी पालिकाको नामाङ्कनको वारेमा सोधेर, सुगम र दुर्गमको क्षेत्र सोधेर र पालिकाको क्षेत्रफल बताउन लगाएर,

२. राप्ती राजमार्ग र प्रदेश जोड्ने राजमार्गहरूको दुरी सोधेर, पालिका विकासमा यी राजमार्गहरूको भूमिका बताउन लगाएर,

३. वडा कार्यालयबाट उपलब्ध गराईने प्रमुख सेवाहरू बताउन लगाएर,

४. पालिका भित्रको विकासमा योगदान गर्ने सामाजिक संघ संस्थाहरूको नाम तथा काम सोधि, योगदान बताउन लगाएर।

**(ङ) कार्यघण्टाः १३**

२. थिमः स्थानीय वातावरण र हाम्रो कर्तव्य

**(क) सिकाइ उपलब्धि**

१. वातावरण संरक्षणको परिचय दिँदै पालिकाक्षेत्रमा पाइने जीवजन्तु तथा वनस्पति संरक्षणमा समुदाय र विद्यालयको भूमिका पहिचान गर्न,

२. घरमा बगैंचा निर्माण गर्न सहयोग गर्न र वातावरण संरक्षणमा घरबगैंचाको महत्त्व बताउन,

३.	पानीका मुहान संरक्षणको महत्त्व र तरिका बताउन,

४.	पालिका स्तरमा पुरा गर्न सकिने दिगो विकासका लक्ष्यहरू पहिचान गरी उपायहरूको खोजी गर्न, दिगो विकास र वातावरण संरक्षणको सम्बन्ध देखाउन।

**(ख) विषयवस्तुः**

☞ वातावरण संरक्षण,

☞ घर बगैंचा,

☞ पानीका मुहानहरूको संरक्षणका उपाय,

☞ दिगो विकास।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

❖ वातावरण (सजीव र निर्जीव) संरक्षण भनेको के हो भनी मस्तिष्क मनथन गराई वातावरन संरक्षणको अवधारणालाई उदाहरण सहित (जीवजन्तु, वनस्पति, वन,जल आदिको संरक्षण) प्रष्ट पार्ने, पालिका क्षेत्रमा पाईने जीवजन्तु तथा वनस्पति संरक्षन गर्नुको महत्त्व छलफल गर्ने र भूमिकाको वारेमा छलफल गराउने,

❖ विद्यार्थीहरूले घरका अभिभावकलाई घर बगैंचा बनाई त्यसमा बिरूवा, जडिबुटी, फूल र फलफूल लगाउन सकिन्छ भनी बुझाउन प्रेरणा दिने, कस्तो घर बगैंचा बनाउने भनी कापीमा ड्रोईङ गराउन लगाउने। साथै घरबगैंचाले वातावरण संरक्षणमा खेल्ने भूमिकामा मस्तिष्क मनथन गराई थप सहजीकरण गर्ने,

❖ नजिकैको मुहानमा लिएर बिद्यार्थीहरुलाई प्रस्न गर्ने कि मुहान संरक्षण गरिएन भने आउदा दिनमा पानीको अवस्था के होला ? पानीका मुहानहरुको संरक्षण कसरी गर्ने? भन्ने विषयमा विचार बिमर्ष गराउने र मुहान संरक्षणका उपायहरु बताइदिने,

❖ दिगो विकास भनेको के होला भनी समुहमा छलफल गर्न लगाई समुहको प्रतिक्रिया सुनेर थप सहजीकरण गर्ने, दिगो विकासका १७ वटा लक्ष्यहरू दिएर सिद्ध कुमाख

गाउँपालिकाले पुरा गर्न सक्ने लक्ष्यहरूको पहिचान गर्न लगाउने, दिगो विकास र वातावरण संरक्षणको अन्तर सम्बन्धमा छलफल गराउने ।

**(घ) मूल्याङ्कनः**

१. वातावरण संरक्षण भनेको के हो? भनि सोधेर,पालिका क्षेत्रमा पाइने जीबजन्तु तथा वनस्पति संरक्षणमा समुदाय र विद्यालयको भूमिका सोधेर,

२. घरमा बगैंचा निर्माण गर्न कसरी सहयोग गर्न सकिन्छ? भनि सोधेर, वातावरण संरक्षणमा घरबगैंचाको महत्त्व बताउन लगाएर,

३. पानीका मुहान संरक्षणको महत्त्व सोधेर र मुहान संरक्षणका उपायहरु सोधेर,

४. पालिका स्तरमा पुरा गर्न सकिने दिगो विकासका लक्ष्यहरू पहिचान गरी उपायहरूको खोजी गर्न, दिगो विकास र वातावरण संरक्षणको सम्बन्ध भन्न लगाएर।

**(ङ) कार्यघण्टाः २०**

३. थिमः हाम्रा सम्पदाहरू

**(क) सिकाइ उपलब्धि**

१. पालिकाको प्राकृतिक स्रोतको पहिचान र संरक्षणका उपायहरू बताउन,

२. ऐतिहासिक स्थल तारादेबी भिरको अवस्था र संरक्षण र सम्वर्धनको उपायहरु बताउन,

३. पर्यटकीय स्थल कुमाखको लेक र राङ्गोमारे भिरको अवस्था, संरक्षण र सम्वर्धनको उपायहरु बताउन,

४. कुपिन्डे ताल र खैरावाङ मन्दिरकोको परिचय बताउन।

**(ख) विषयवस्तुः**

☞ प्राकृतिक सम्पदाहरूकोः अवस्था पहिचान र संरक्षणका उपायहरू,

☞ ऐतिहासिक स्थलहरूः तारादेवी भिर,

☞ पर्यटकीय सम्पदाहरूः कुमाखको लेक, राङ्गोमारे लेक

☞ सल्यान जिल्लाका सम्पदाहरू: कुपिण्डे ताल, खैरावाङ मन्दिर

**(ग)सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

❖ स्थानीय जडिबुटी, खोलानाला, वनजङ्गलको संरक्षणका उपायहरू माथि छलफल गराई चार्ट पेपरमा लेखि कक्षाकोठामा प्रस्तुत गर्न लगाउने,

❖ ऐतिहासिक स्थल तारादेवी भिरको परिचय खुल्ने फोटो तथा चित्र वा पोस्टरहरू प्रदर्शन गर्ने र पृस्टभूमी बताई यसको विकासमा के गर्नुपर्ला भनि मस्तिष्क मनथन गराउने। सम्भव भएमा उक्त ऐतिहासिक स्थलको भ्रमण गराउन पनि सकिन्छ,

❖ पर्यटकीय स्थल कुमाखको लेक र राङ्गोमारे लेकको परिचय खुल्ने फोटो तथा चित्र वा पोस्टरहरू प्रदर्शन गर्ने र पृस्ठभूमि बताउने। सम्भव भएमा उक्त स्थलहरूको भ्रमण गराउन पनि सकिन्छ,

❖ सल्यान जिल्लाको प्रमुख सम्पदा कुपिण्डे दह तथा खैरावाङ मन्दिरकोको फोटो, भिडियो देखाउने वा उक्त क्षेत्रको भ्रमण गराउने।

**(घ) मूल्याङ्कनः**

१. पालिकाको प्राकृतिक स्रोतको पहिचान र संरक्षणका उपायहरूका वारेमा प्रस्नहरू गरेर,

२. ऐतिहासिक स्थल तारदेवी भिरको अवस्था र संरक्षण र सम्वर्धनको उपायहरु वारेमा लेख्न लगाएर,

३. पर्यटकीय स्थल कुमाखको लेक र राङ्गोमारे लेकको अवस्था, संरक्षण र सम्वर्धनको उपायहरु बताउन लगाएर,

४. कुपिन्डे ताल र खैरावाङ मन्दिर सम्बन्धि अनुच्छेद लेख्न लगाएर।

**(ङ) कार्यघण्टाः २५**

४. थिमः स्थानीय जातजाती, भाषा, धर्म र संस्कृति

**(क) सिकाइ उपलब्धि**

१. पालिकामा बसोवास गर्ने जातजातीहरूको जातिगत तथ्याङ्क उल्लेख गर्न र जातिगत संस्कृतिको पहिचान गर्न,

२. हाम्रा पूर्खाले बोल्ने बोल्य खस भाषा संरक्षणका उपायहरू बताउन,

३. घ्यूँ खाने संक्रान्ति र चैते दशैं पर्वको महत्त्व र मनाउने तरिका बताउन,

४. स्थानीय बाजाहरू मादल, सनाही, झ्यालीको परिचय दिन।

**(ख) विषयवस्तुः**

☞ स्थानीय जातहरू,

☞ स्थानीय भाषाः खस भाषा,

☞ चाड पर्वः घ्यूँ खाने संक्रान्ति, चैते दशैं,

☞ वाजाः मादल, सनाई, झ्याली।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

❖ आधिकारिक निकायबाट पालिकामा बसोवास गर्ने जातिगत तथ्याङ्क लिएर विद्यार्थीहरुलाई दिने र कुन जातिले कुन चाडपर्व मनाउँछन् भनि छलफल गराउने,

❖ पूर्खाले बोल्ने बोल्य खस भाषा संरक्षणका बिभिन्न बिकल्पमा जस्तै रेडियो एफ.एम. मा कार्यक्रम चलाउने, किताब लेख्ने, बोलीचालीमा प्रयोग गर्न लगाउने आदि आदि,

❖ घ्यूँ खाने संक्रान्ति र चैते दशैं पर्वको महत्त्व र मनाउने तरिकाहरूको वारेमा जानकारहरूसंग सम्बाद गर्न लगाई बिद्यार्थीहरुलाई अबधारणा बनाईदिने,

❖ स्थानीय वाजाहरू मादल, सनाही, झ्यालीहरू कक्षामा ल्यायर देखाउने नभए फोटोहरू प्रयोग गरी प्रश्नोत्तर गर्दै स्थानीय बाजाहरुको अबधारणा प्रष्ट पारिदिने।

**(घ) मूल्याङ्कनः**

१. पालिकामा बसोवास गर्ने जातजातीहरूको जातिगत तथ्याङ्क सोधेर र जातिगत संस्कृतिको पहिचान गर्न लगाएर,

२. हाम्रा पूर्खाले बोल्ने बोल्य खस भाषा संरक्षणका उपायहरू सोधेर वा बोल्न लगाएर,
३. घ्यूँ खाने संक्रान्ति र चैते दशैं पर्वको महत्त्व सोधेर, मनाउने तरिका भन्न लगाएर,
४. स्थानीय वाजाहरू मादल, सनाही, झ्यालीको वारेमा बर्णन गर्न लगाएर वा प्रयोग सम्बन्धि बताउन लगाएर।

**(ङ) कार्यघण्टाः २०**

५. थिमः स्थानीय पेसा र व्यवसाय

**(क) सिकाइ उपलब्धि**

१. स्थानीय पेसाहरू बैदेसिक रोजगारी, कुखुरा पालन र बंगुर पालनका फाईदा र बेफाईदाहरू बताउन,
२. स्थानीय प्रविधिहरु तोरी, चिउरी र अमिलो पेल्ने कोलको परिचय बताउन,
३. स्थानीय अन्नबालीहरु कोदो फापर र जनालोको वारेमा बताउन,
४. वाँसबाट उत्पादन हुने सामग्रीहरूको परिचय दिन।

**(ख) विषयवस्तुः**

☞ स्थानीय पेसाहरु बैदेसिक रोजगारी, कुखुरा पालन, बंगुर पालन,
☞ स्थानीय प्रविधिमा आधारित बस्तुहरुः तोरी, चिउरी र अमिलो पेल्ने कोल,
☞ स्थानीय अन्नबालीः कोदो, फापर र जनालो,
☞ बाँसबाट उत्पादन गरिएका सामग्रीहरु डोको, डालो र मान्द्रो।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

❖ बैदेशिक रोजगारीमा गएका आमा-बुवाका छोराछोरीहरूलाई फाईदा र बेफाईदा भन्न लगाउने, ब्रोईलर तथा बंगुर पालक किसानका छोराछोरीहरूलाई यसका फाईदा र बेफाईदा भन्न लगाउने र शिक्षकले आवश्यक सहजीकरण गर्ने वा त्यस्ता विद्यार्थीहरू नभएमा फोटो भिडियोहरू प्रयोग गर्ने,

❖ तोरी, चिउरी र अमिलो पेल्ने कोलको भिडियो तथा फोटोहरू प्रयोग गर्ने वा कोल भएको स्थानमा लिएर देखाउँदै यसले कसरी काम गर्छ भनि छलफल गराउने,

❖ स्थानीय अन्नवालीः कोदो, फापर, जनालोको परिचय र प्रयोगका वारेमा विद्यार्थीलाई भन्न लगाउने र शिक्षकले आबश्यक सहयोग गर्ने,

❖ वाँसबाट उत्पादन हुने सामानहरू डोको, स्याकु, छाँचुर, मोगरा, मान्द्रो, पेरूङ्गो आदिको फोटो देखाएर वर्णन गर्ने, बिद्यार्थिहरुलाई बाँसबाट बनेका अन्य सामग्रीहरुको पनि नाम भन्न लगाएर कापिमा टिपोट गर्न लगाउने।

**(घ) मूल्याङ्कनः**

१. स्थानीय पेसाहरू बैदेशिक रोजगारी, कुखुरा पालन र बंगुर पालनका फाईदा र बेफाईदाहरू सोधेर,

२. स्थानीय प्रविधि तोरी पेल्ने कोलको परिचय बताउन लगाएर वा चित्र कोर्न लगाएर,

३. स्थानीय अन्नबाली कोदो, फापर र जनालोको वारेमा बताउन वा लेख्न लगाएर,

४. बाँसबाट उत्पादन हुने सामग्रीहरूको नाम र प्रयोग सोधेर।

**(ङ) कार्यघण्टाः १५**

६. थिमः मानवीय मूल्य र स्वास्थ्य शिक्षा

**(क) सिकाइ उपलब्धि**

१. जन्मदिन मनाउन हाम्रो आफ्नै तरिका प्रयोग गर्न,

२. स्बस्थकर खानामा स्थानीय खानाको वारेमा बताउन,

३. जन्म देखि मृत्युसम्मका स्थानीय संस्कारहरु न्वारन, छैटी, बिवाह र मृत्युको परिचय दिन,

४. योग – सूर्यनमस्कार, कपालभाति, अनुलम बिलोम गर्न।

**(ख) विषयवस्तुः**

❖ जन्मदिन मनाउने तरिका,

- ❖ स्वस्थकर खाना,
- ❖ जन्म देखि मृत्युसम्मका स्थानीय संस्कार,
- ❖ योगः सूर्य नमस्कार, कपालभाति, अनुलम बिलोम।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

- ❖ पानसमा बत्ति बालेर, टीका लगाई आशीर्वाद दिई मनाउने सम्भव भएमा कुनै विद्यार्थीको जन्मदिन परेको दिनमा विद्यालयमै यसै तरिकाले जन्म दिन मनाइदिने र सबैलाई यसैगरी मनाउन प्रेरित गर्ने।केक काटेर जन्मदिन मनाउने चलन हाम्रो संस्कार होईन भनी सिकाउने,
- ❖ स्थानीय परिकार रोटी, आटो, भट्ट, मकै, गँहु, जौं आदिको फाईदाका वारेमा मस्तिष्क मनथन गराई थप सहयोग गर्ने,
- ❖ जन्म देखि मृत्युसम्मका स्थानीय संस्कारहरुमा न्वारन, छैटी, बिवाह र मृत्यु सम्बन्धी संस्कार गरिने क्रियाकलापहरू माथि छलफल गरेर
- ❖ कार्पेट भएको कोठा तथा दुवो भएको चौरमा बिद्यार्थीहरुलाई लिएर सूर्यनमस्कार, कपालभाति, अनुलम बिलोम आदि गराउने र बिहानमा सबैले नियमित रुपमा गर्नका लागि प्रेरणा दिने।

**(घ) मूल्याङ्कनः**

१. जन्मदिन मनाउने तरिका बारेमा बिद्यार्थीहरुको धारणा बुझी हाम्रो आफ्नै जन्म दिन मनाउने तरिका के होला, कसरी मनाउदा राम्रो होला भनि सोधेर,

२. स्वस्थकर खाना- स्थानीय खानाको वारेमा बताउन लगाएर,

३. जन्म देखि मृत्युसम्मका स्थानीय संस्कारहरु न्वारन, छैटी, बिवाह र मृत्यु सम्बन्धी संस्कार गर्ने तरिका सोधेर,

४. योग – सूर्यनमस्कार, कपालभाति, अनुलम बिलोम गर्न लगाएर।

**(ङ) कार्यघण्टाः २०**

७. थिमः विपद व्यवस्थापन

**(क) सिकाइ उपलब्धि**

१. मानव निर्मित विपदहरूको सामान्य परिचय दिन,

२. प्राकृतिक विपद र मानव निर्मित विपदबीच भिन्नता बताउन,

३. विपदका कारण र न्यूनीकरणका उपायहरू बताउन,

४. विपद् व्यवस्थापनका उपायहरूमा विपद् अघि, विपदका समयमा र विपद पछिको अवस्थाको सजकताको बारेमा बताउन।

**(ख) विषयवस्तुः**

❖ मानव निर्मित विपदहरूको सामान्य परिचय,

❖ प्राकृतिक र मानव निर्मित विपद वीचको भिन्नता,

❖ विपदका कारण र न्यूनीकरणका उपायहरू बताउन,

❖ विपद व्यवस्थापनका उपायहरू विपद अघि, विपदका समय र विपद पछिको अवस्था।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

❖ मानव निर्मित विपदहरूको सूची बनाउन लगाउने र आगलागी, महामारी, सडक दुर्घटना जस्ता मानव निर्मित बिपद्का बारेमा छलफल गरि जोखिम न्यूनीकरण गर्ने उपायहरु बताइदिने,

❖ मानव निर्मित र प्राकृतिक विपदहरूको सूची बनाउन लगाउने र यसका भिन्नताहरूका वारेमा लेख्न लगाउने,

❖ यस्ता विपदहरू आउने कारणवारे छलफल गर्ने र न्यूनीकरण गर्ने उपायहरू टिपोट गरि छलफल गर्न लगाउने,

❖ विपद व्यवस्थापनको लागि, विपद पूर्व, विपदका समयमा र विपद पछिको अवस्थामा अपनाउनु पर्ने सावधानी र सुरक्षाका उपायहरूको बारेमा छलफल तथा अन्तरक्रिया, भिडियो प्रयोग गरेर बिद्यार्थीहरुलाई धारणा प्रष्ट पारिदिने।

**(घ) मूल्याङ्कनः**

१. मानव निर्मित विपदहरूको बारेमा सोध्ने,

२. प्राकृतिक र मानव निर्मित विपद बीचको भिन्नता उल्लेख गर्न लगाएर,

३. विपदका कारण र न्यूनीकरणका उपायहरू बताउन लगाएर,

४. विपद व्यवस्थापनका उपायहरू- विपद अघि, विपदका समय र विपद पछिको अवस्थाका बारेमा सोधेर वा लेख्न लगाएर।

**(ङ) कार्यघण्टाः १५**

## कक्षाः६

१. थिमः सिद्ध कुमाखको परिचय

### (क) सिकाइ उपलब्धि

१. गाउँपालिको परिचय- पाँचवटा वडाको बाटो, खानेपानी, विद्युत, विद्यालय र स्वास्थ्य संस्थाको वर्तमानको स्थिति बताउन,

२. पालिका भित्रका संघ सस्थाहरू- पालिका भित्रका समाजिक संघ संस्थाहरू र तिनीहरूको योगदान बताउन,

३. पालिकाबाट प्राप्तहुने सेवाहरू- पालिकाको प्रशासनिक संरचना र प्रवाह हुने सेवाहरू बताउन,

४. पालिकाको जनसंख्या र क्षेत्रफल बताउन।

### (ख) विषयवस्तुः

☞ गाउँपालिको परिचय- पाँचवटा वडाको बाटो, खानेपानी, विद्युत, विद्यालय र स्वास्थ्य संस्था,

☞ पालिका भित्रका संघ सस्थाहरू- पालिका भित्रका समाजिक संघ संस्थाहरू र तिनीहरूको योगदान,

☞ पालिका बाट प्राप्त हुने सेवाहरू- पालिकाको प्रशासनिक संरचना र प्रवाह हुने सेवाहरू,

☞ पालिकाको जनसंख्या र क्षेत्रफल।

### (ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप

❖ पाँचवटा वडाको वाटो, खानेपानी, विद्युत, विद्यालय र स्वास्थ्य संस्था देखिने नक्सा प्रयोग गरी वडागत रूपमा तुलना गरी बिद्यार्थीहरुलाई टिपोट गर्न लगाउने,

- ❖ पालिका भित्रका संघ सस्थाहरू-पालिका भित्रका समाजिक संघ संस्थाहरू र तिनीहरूको योगदान  बारे छलफल गराउने जस्तै वालक्लबको परिचय र योगदान, विद्यालय नजिकै कुनै सहकारी भए त्यसको स्थलगत भ्रमण गराउने,
- ❖ स्थलगत अध्ययन र छलफल गरी सिद्ध कुमाख गाउँपालिकाको प्रशासनिक संरचना र त्यहाँबाट प्रवाह हुने सेवाहरू भन्न लगाउने,
- ❖ पालिकाबाट प्रकाशीत तथ्याङक भएेका सामग्रीहरू प्रयोग गरी छलफल गर्ने।

**(घ) मूल्याङ्कनः**

१. गाउँपालिको परिचय- पाँचवटा वडाको बाटो, खानेपानी, विद्युत, विद्यालय र स्वास्थ्य संस्था वर्तमानको स्थिति बताउन लगाएर,

२. पालिका भित्रका संघ संस्थाहरू-पालिका भित्रका समाजिक संघ संस्थाहरू र तिनीहरूको योगदानका बारेमा प्रश्न गरेर,

३. पालिकाबाट प्राप्तहुने सेवाहरू- पालिकाको प्रशासनिक संरचना र प्रवाह हुने सेवाहरूका बारेमा सोधेर,

४. पालिकाको जनसंख्या र क्षेत्रफल सोधेर।

**(ङ) कार्यघण्टाः  १३**

२. थिमः स्थानीय वातावरण र हाम्रो कर्तव्य

**(क) सिकाइ उपलब्धि**

१. वातावरण संरक्षणको परिचय दिँदै पालिकाक्षेत्रमा पाइने जीवजन्तु तथा वनस्पति संरक्षणमा समुदाय र विद्यालयको भूमिका पहिचान गर्न,

२. स्थानीय वनस्पति-लालीगुँरास, बाँझ, काफल, चुथ्रा, काउलो, मलेवाको परिचय बताउन,

३. पानीका मुहान संरक्षणको महत्त्व र तरिका बताउन,

४. हरियाली प्रवर्धन-हरित घर र विद्यालयको अवधारणा- हरियाली प्रवर्धनको महत्त्व, तरिका र सहभागीता जनाउन।

**(ख) विषयवस्तुः**

- ❖ वातावरण संरक्षण- जीवजन्तु तथा वनस्पति संरक्षणमा विद्यार्थीको भूमिका पहिचान गर्न,
- ❖ स्थानीय वनस्पति-लालीगुँरास, बाँझ काफल, चुथ्रा, काउलो, मलेवाहरुको परिचय र उपयोगिता,
- ❖ पानीको मुहानको संरक्षण गर्ने उपाय बताउन,
- ❖ हरियाली प्रवर्धन- हरित घर र विद्यालयको अवधारणा-हरियाली प्रवर्धनको महत्त्व, तरिका र सहभागीता।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

- ❖ वातावरण (सजीव र निर्जीव) संरक्षण भनेको के हो भनि मस्तिष्क मनथन गराई वातावरन संरक्षणको अवधारणालाई उदाहरण सहित (जीबजन्तु, वनस्पति, वन,जल आदिको संरक्षण) प्रस्ट पार्ने, पालिका क्षेत्रमा पाईने जीबजन्तु तथा वनस्पति संरक्षण गर्नुको महत्त्व छलफल गर्ने र भूमिकाको वारेमा छलफल गर्ने,
- ❖ स्थानीय वनस्पति-लालीगुँरास, बाँझ काफल, चुथ्रा, काउलो, मलेवाहरूको फोटो तथा प्रत्यक्ष अवलोकन गरेर,
- ❖ नजिकैको मुहानमा लिएर मुहान संरक्षण गरिएन भने के होला? कसरी गर्ने भन्ने विषयमा विचार विमर्ष गर्ने,
- ❖ हरित विद्यालयको अवलोकन भ्रमण गराएर वा फोटो देखाएर।

**(घ) मूल्याङ्कनः**

१. वातावरण संरक्षणको परिचय दिँदै पालिका क्षेत्रमा पाइने जीवजन्तु तथा वनस्पति संरक्षणमा समुदाय र विद्यालयको भूमिका लेख्न लगाएर,

२. स्थानीय वनस्पति-लालीगुँरास, बाँझ काफल, चुथ्रा, काउलो, मलेवाको वारेमा सोधेर,

३. पानीका मुहान संरक्षणको महत्त्व र तरिकाहरु बताउन लगाएर,

४. हरियाली प्रवर्धन- हरित घर र विद्यालयको अवधारणा- हरियाली प्रवर्धनको महत्त्व, तरिका र सहभागीता जनाउन लगाएर।

**(ङ) कार्यघण्टाः २०**

३. थिमः हाम्रा सम्पदाहरू

**(क) सिकाइ उपलब्धि**

१. धार्मिक सम्पदा सिद्धबाबा मन्दिर र कालिका मन्दिरको परिचय, महत्त्व र संरक्षणमा सरोकारवालाहरुको भूमिका बताउन, स्थानीय सम्पदाहरूको संरक्षणमा विद्यार्थीको भूमिका पहिचान गर्न,

२. ऐतिहासिक सम्पदा- जुम्ले धारा, प्याउली ओडारको परिचय, महत्त्व र संरक्षणमा सरोकारवालाहरुको भूमिका बताउन, स्थानीय सम्पदाहरूको संरक्षणमा विद्यार्थीको भूमिका पहिचान गर्न,

३. पर्यटकीय सम्पदाहरू-वन नर्सरी, चिल्ली भिरको परिचय, महत्त्व र संरक्षणमा सरोकारवालाहरुको भूमिका बताउन, स्थानीय सम्पदाहरूको संरक्षणमा विद्यार्थीको भूमिका पहिचान गर्न,

४. सल्यान जिल्लाको सम्पदाहरु पुतली दरवार र फलावाङको दरबारको परिचय, महत्त्व र संरक्षणमा सरोकारवालाको भूमिका बताउन, स्थानीय सम्पदाहरूको संरक्षणमा विद्यार्थीको भूमिका पहिचान गर्न।

**(ख) विषयवस्तुः**

☞ धार्मिक संम्पदाः सिद्धबाबा मन्दिर,कालिका मन्दिर,

☞ ऐतिहासिक सम्पदाः जुम्ले धारा, प्याउली ओडार,

☞ पर्यटकीय सम्पदाहरूः वन नर्सरी, चिल्ली भिर,

☞ सल्यान जिल्लाको सम्पदाः पुतली दरवार फलावाङ।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

❖ सिद्ध कुमाख गाउँपालिकाको धार्मीक सम्पदाहरू सिद्धबाबा मन्दिर र कालिका मन्दिरको परिचय खुल्ने चित्र तथा पोस्टरहरू प्रदर्शन गर्ने र पृष्ठभूमि चर्चा गरिदिने तथा हालको अवस्था उल्लेख गरिदिने, शिक्षक तथा अभिभावकको अगुवाईमा उक्त मन्दिरहरूको अवलोकन गराउने, यिनीहरूको महत्त्व र संरक्षणका उपायहरूमा छलफल गराउने,

❖ सिद्ध कुमाख गाउँपालिकाको ऐतिहासिक सम्पदाहरू जुम्लेधारा र प्याउली ओडारको परिचय खुल्ने चित्र तथा पोस्टरहरू प्रदर्शन गर्ने र पृष्ठभूमि चर्चा गरिदिने तथा हालको अवस्था उल्लेख गरिदिने, शिक्षक तथा अभिभावकको अगुवाईमा उक्त स्थानहरूको अवलोकन गराउने, यिनीहरूको महत्त्व र संरक्षणका उपायहरूमा छलफल गराउने,

❖ सिद्ध कुमाख गाउँपालिका पर्यटकीय सम्पदाहरू वन नर्सरी र चिल्ली भिरको परिचय खुल्ने चित्र तथा पोस्टरहरू प्रदर्शन गर्ने र पृष्ठभूमि चर्चा गरिदिने तथा हालको अवस्था उल्लेख गरिदिने, शिक्षक तथा अभिभावकको अगुवाईमा उक्त पर्यटकीय क्षेत्रहरूको अवलोकन गराउने यिनीहरूको महत्त्व र संरक्षणका उपायहरूमा छलफल गराउने,

❖ सल्यान जिल्लाको सम्पदा- पुतली दरवार, फलावाङको परिचय खुल्ने चित्र तथा पोस्टरहरू प्रदर्शन गर्ने र पृष्ठभूमि चर्चा गरिदिने तथा हालको अवस्था उल्लेख गरिदिने, शिक्षक तथा अभिभावकको अगुवाईमा उक्त दरबारको अवलोकन गराउने यिनीहरूको महत्त्व र संरक्षणका उपायहरूमा छलफल गराउने।

**(घ) मूल्याङ्कनः**

१. धार्मिक सम्पदा सिद्धबाबा मन्दिर र कालिका मन्दिरको परिचय, महत्त्व र संरक्षणका उपायहरु सोधेर, सरोकारवालाहरुको भूमिका सोधेर, स्थानीय सम्पदाहरूको संरक्षणमा विद्यार्थीको भूमिका उल्लेख गर्न लगाएर,

२. ऐतिहासिक सम्पदा-जुम्ले धारा, प्याउली ओडारको परिचय, महत्त्व र संरक्षणमा सरोकारवालाको भूमिका बताउन लगाएर, स्थानीय सम्पदाहरूको संरक्षणमा विद्यार्थीको भूमिका बताउन लगाएर,

३. पर्यटकीय सम्पदाहरू-वन नर्सरी, चिल्ली भिरको परिचय, महत्त्व र संरक्षणमा सरोकारवालाहरुको भूमिका बताउन लगाएर, स्थानीय सम्पदाहरूको संरक्षणमा विद्यार्थीको भूमिका बताउन लगाएर,

४. सल्यान जिल्लाको सम्पदा- पुतली दरवार र फलावाङ दरबारको परिचय, महत्त्व र संरक्षणमा सरोकारवालाको भूमिका सोधेर, स्थानीय सम्पदाहरूको संरक्षणमा विद्यार्थीको भूमिका सोधेर।

**(ङ) कार्यघण्टाः २०**

४. थिमः स्थानीय जातजाती, भाषा, धर्म र संस्कृति

**(क) सिकाइ उपलब्धि**

१. स्थानीय जातहरूको सूची बनाई वर्गिकरण गर्न,

२. चाड पर्वहरु कृष्ण अष्टमी, चैते दशैं, होलि, साउने सक्रान्तीको परिचय, महत्त्व र मनाउने तरिका बताउन,

३. मयूँर नाच, झ्याउरे, वनगाडी नाचहरू परिचय, महत्त्व र नाच्ने तरिका बताउन,

४. गुनियो, चोली, फरिया, भोटी भेष भूषाहरूको परिचय र महत्त्व बताउन।

**(ख) विषयवस्तुः**

☞ स्थानीय जातहरू,

☞ चाड पर्वः कृष्ण अष्टमी, चैते दशैं,होलि,साउने सक्रान्ती,

☞ नाचः मयूँर नाच, झ्याउरे, वनगाडी,

☞ भेषभूषाः गुनियो, चोली, फरिया, भोटी।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

❖ पालिकामा भएका स्थानीय जातहरूको सूची बनाई बिभिन्न कलस्टरमा बर्गिकरण गर्न विद्यार्थीहरूलाई समुहकार्य दिने र शिक्षकले आबश्यक सहयोग गर्ने,

❖ चाड पर्व- कृष्ण अष्टमी, चैते दशैं, होलि, साउने सक्रान्तीको मनउदै गरेको फोटो बर्णन गरी कहिले मनाइन्छ? कस्ले मनाउँछन्? कसरी मनाइन्छन? आदि विषयमा छलफल गर्ने,

❖ मयूँर नाच, झ्याउरे, वनगाडी नाचहरू नाचेको भिडियो देखाई यस्ता नाचहरूको बर्णन गरी सांस्कृतिक महत्त्व र नाच्ने तरिकामा छलफल गर्ने,

❖ गुनियो, चोली, फरिया, भोटी भेषभूषाहरूको फोटोहरू देखाई सांस्कृतिक महत्त्व माथि छलफल गर्ने।

**(घ) मूल्याङ्कनः**

१. स्थानीय जातहरूको सूची निर्माण र वर्गिकरण गर्न लगाएर,

२. चाड पर्व- कृष्ण अष्टमी, चैते दशैं, होली, साउने सक्रान्तीको परिचय, महत्त्व र मनाउने तरिका सोधेर,

३. मयूँर नाच, झ्याउरे, वनगाडी नाचहरू परिचय, महत्त्व र नाच्ने तरिका सोधेर,

४. गुनियो, चोली, फरिया, भोटी भेषभूषाहरूको परिचय र महत्त्व बताउन लगाएर।

**(ङ) कार्यघण्टाः २०**

५. थिमः स्थानीय पेसा र व्यवसाय

**(क) सिकाइ उपलब्धि**

१. स्थानीय पेसा- सिलाइ कटाई, मौरी पालनको परिचय, महत्त्व र आवश्यक सामग्री बताउन,

२. स्थानीय प्रविधिमा आधारित सामग्रीहरु ढिकी, जाँतोको परिचय र महत्त्व बताउन,

३. गोबरमलको परिचय, महत्त्व र प्रयोग गर्ने तरिका बताउन,

४. तरकारी बालीहरु काउली, बन्दा आलु र सिमीको परिचय, लगाउने तरिका र लाग्न सक्ने रोग बताउन।

**(ख) विषयवस्तुः**

☞ स्थानीय पेसाहरु सिलाइ कटाई, ब्यापार, मौरीपालन,

☞ स्थानीय प्रविधिमा आधारित सामग्रीहरु ढिकी र जाँतो,

☞ गोबरमलको परिचय, महत्त्व र प्रयोग गर्ने तरिका,

☞ तरकारी बालीहरु काउली, बन्दा, आलु र सिमी।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

❖ सिलाइकटाई, मौरीपालन देखिने तस्बीरहरू प्रयोग गर्ने, बेरोजगारी समस्या समधान, आर्थिक उपार्जन, अनावश्यक कुलतबाट बचाउने भएकाले यसको महत्त्व छ भनि सिकाउने जसका लागि मस्तिष्क मनथन पनि गराउन सकिन्छ, आन्त्यमा आवश्यक सामग्रीको सूची बनाइदिने,

❖ ढिकी र जातोको वारेमा सिकारूहरू संग छलफल गरी के के सामना हुन्छ? कसरी काम गर्छ, के के काम गर्छ? आदि विषयमा छलफल गर्ने,

❖ गोबर मलको छलफल गर्दै बनाउने तरिका, स्वास्थ्यको लागि गोवरमलको प्रयोग र वारीमा मल घाममा सुकाउनु हुँदैन भन्ने सिकाउने,

❖ काउली, बन्दा आलु, सिमीको तरकारी बालीमा बिउ छनौट, माटोको तयारी र मलको प्रयोगको वारेमा र लाग्न सक्ने रोगहरुका बारेमा छलफल गर्ने। यस कार्यमा कृषि विज्ञले लेखेको पुस्तकहरू प्रयोग गर्न सकिन्छ।

**(घ) मूल्याङ्कनः**

१. स्थानीय पेसा- सिलाइ कटाई, मौरी पालनको परिचय, महत्त्व र आवश्यक सामग्री बताउन  लगाएर,

२. स्थानीय प्रविधिमा आधारित सामग्री- ढिकी, जातोको परिचय, महत्त्व सोधेर,

३.	गोबरमलको परिचय, महत्त्व र प्रयोग गर्ने तरिका बताउन लगाएर,
४.	तरकारी बालीहरु काउली, बन्दा आलु, सिमीको परिचय, लगाउने तरिका र लाग्न सक्ने रोगका वारेमा सोधेर।

**(ङ) कार्यघण्टाः१५**

६. थिमः मानवीय मूल्य र स्वास्थ्य शिक्षा

**(क) सिकाइ उपलब्धि**

१.	विद्यालयमा विद्यार्थीलाई अनुशासनमा राख्न स्वयम विद्यार्थीको, शिक्षक, विद्यालय प्रशासन तथा अभिभावकको भूमिका बताउन,
२.	जातीय विभेद न्यूनीकरण गर्ने स्थानीय पालिकाले गरेका प्रयासहरु बताउन,
३.	पालिकामा गरिने जन्म देखि मृत्यु सम्म गरिने संस्कारहरूको वारेमा बताउन,
४.	ध्यान- परिचय, विद्यार्थीलाई हुने फाईदा, बिपासना ध्यान गर्ने विधि बताउन।

**(ख) विषयवस्तुः**

☞ विद्यालयमा अनुशासन,
☞ जातिय विभेद न्यूनीकरण गर्ने उपायहरू,
☞ जन्मदेखि मृत्यु सम्म गरिने संस्कार,
☞ ध्यान- परिचय, विद्यार्थीलाई हुने फाईदा, विपासना ध्यान गर्ने विधि।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

❖ शासन लाई अनुकरण गर्नु अनुशासन हो भनि बुझाई, नियम बनाउदा विद्यार्थीको सहभागीता, शिक्षक नमुना हुनुपर्ने, आदि विषयमा छलफल गर्ने,
❖ जातिय विभेद न्यूनीकरणमा पालिकाले गरेका तत्कालिन प्रयासहरूको सूची बनाई कार्यान्वयनको चुनौतिका वारेमा विचार विमर्ष गर्ने। यस्तो विभेद कम गर्न के गर्न सकिएला भनि समुहकार्य गराई प्रस्तुत गर्न लगाउने,

❖ न्वारन र छैंटीको परिचय दिई यसको पौराणिक मान्यताहरू र यस अबसरमा के-के गर्ने गरीन्छ बन्ने विषयमा छलफल गराउने,

❖ ध्यान- मनलाई बहसमा राख्नु ध्यान हो भनि बुझाउने, जसरी बोर्डलाई सफा नगरी त्यहाँ लेख्न सकिदैन, त्यसैगरी मन सफा नगरी मनमा नयाँकुरा लेख्न सकिदैन- त्यसैले सफा गर्ने साधन ध्यान हो भन्ने जस्ता उहाहरण दिने, ध्यान जानेको व्यक्तिलाई पनि विद्यालयमा निम्ता गरेर वा यूटुभ भिडियो देखाएर पनि अभ्यास गराउन सकिन्छ।

**(घ) मूल्याङ्कनः**

१. विद्यालयमा विद्यार्थीलाई अनुशासनमा राख्न विद्यार्थी, शिक्षक, विद्यालय प्रशासन र अभिभावकको भूमिका लेख्न लगाएर,

२. जातिय विभेद न्यूनीकरण गर्ने स्थानीय पालिकाले गरेका प्रयासहरू बताउन लगाएर,

३. पालिकामा गरिने जन्म देखि मृत्युसम्म गरिने न्वारन र छैटी संस्कारहरूको वारेमा सोधेर,

४. ध्यान- परिचय, विद्यार्थीलाई हुने फाईदा, विपासना ध्यान गर्ने विधि बताउन लगाएर,

**(ङ) कार्यघण्टाः १५**

७. थिमः विपद व्यवस्थापन

**(क) सिकाइ उपलब्धि**

१. प्रकोप र विपदको भिन्नतामा देखाउन,

२. विपद पूर्व तयार पारिने सामग्रीहरूको सूची बनाउन,

३. हावा हुरीका समयमा गर्न हुने र गर्न नहुने कार्यहरूको सूची बनाउन,

४. स्थानीय स्तरमा हुने सडक दुर्घटनाबाट बच्नाका लागि आवश्यक ट्राफिक नियमहरू बताउन।

(ख) विषयवस्तुः

☞ प्रकोप र विपदको भिन्नता,

☞ विपद पूर्व तयार पारिने सामग्री,

☞ हावा वहुरीका समयमा गरिने कार्य,

☞ सडक दुर्घटनाबाट बच्नाका लागि ट्राफिक नियम।

(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप

❖ प्रकोप तथा विपदको सामान्य अवधारणा बताउने र कुन अवस्थालाई प्रकोप भनिन्छ र कुन अवस्थाको प्रकोपलाई विपद भनिन्छ भनि स्पष्ट पारिदिने,

❖ विपद पूर्वका लागि चाहिने खाद्य तथा अखाध्य वस्तुहरूको सूची बनाउन लगाएर त्यस माथि छलफल गराउने,

❖ हावाहुरीका समयमा गर्न हुने र गर्न नहुने कार्यहरूको छलफल गरी सूची बनाउन लगाई आबश्यक सहयोग गर्ने,

❖ ट्राफिक चिन्ह भएका चित्रहरू देखाई बाटो काट्ने नियम, बाटो हिड्दा पालना गर्ने नियम, बसमा यात्रा गर्दा पालना गर्नुपर्ने नियम हरूको बारेमा छलफल गराउने।

(घ) मूल्याङ्कनः

१. प्रकोप र विपदको भिन्नता लेख्न लगाएर,

२. विपद पूर्व तयार पारिने सामग्रीहरूको सूची बनाउन लगाएर,

३. हावा हुरीका समयमा गर्न हुने र गर्न नहुने कार्यहरूको सूची बनाउन लगाएर,

४. स्थानीय स्तरमा हुने सडक दुर्घटनाबाट बच्नाका लागि आवश्यक ट्राफिक नियमहरू बताउन लगाएर।

(ङ) कार्यघण्टाः १२

८. थिमः व्यवहारिक लेखन

### (क) सिकाइ उपलब्धि

१. भरपाईको ढाँचा तयार पार्न,

२. मेलमिलाप पत्रको ढाँचा तयार पार्न,

३. कार्यालयलाई लेखिने निबेदन ढाँचा तयार पार्न,

४. माईनुट तथा निर्णय लेखनको ढाँचा तयार पार्न।

### (ख) विषयवस्तुः

☞ भरपाई,

☞ मेलमिलाप पत्र,

☞ कार्यालयलाई निबेदन,

☞ माईनुट तथा निर्णय लेखन।

### (ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप

❖ भरपाई गर्दा ध्यान दिनुपर्ने कुराहरू जस्तै लिने  दिनेको नाम थर, ठेगाना उमेर, लिएको दिएको रकम भएको नमुना बिद्यार्थीहरुलाई दिई अर्को परिस्थितिमा भरपाई लेख्न लगाउने,

❖ मेलमिलाप पत्रको नमुना सिकारूलाई दिई आर्को परिस्थितिमा मेलमिलाप पत्र लेख्न लगाउने,

❖ कार्यालयका लागि लेखिने निवेदनको नमुना बिद्यार्थीहरुलाई दिई अर्को परिस्थितिमा निबेदन लेख्न लगाउने,

❖ माईनुट वा निर्णय लेखनको नमुना सिकारूलाई दिई अर्को परिस्थितिमा निर्णय लेख्न लगाउने वा वालक्लव वा रेडक्रसको बैठकको माइनुट लेख्न सिकाउने।

### (घ) मूल्याङ्कनः

१. भरपाईको ढाँचा तयार गर्दा ध्यान दिनुपर्ने कुराहरू सोधेर,

२. मेलमिलाप पत्रको ढाँचा तयार गर्दा ध्यान दिनुपर्ने कुराहरू सोधेर,

३. कार्यालयलाई लेखिने  निवेदनको ढाँचा तयार गर्दा ध्यान दिनुपर्ने कुराहरू सोधेर,

४. माईनुट तथा निर्णय लेखनको  ढाँचा तयार गर्दा ध्यान दिनुपर्ने कुराहरू सोधेर।

### (ङ) कार्यघण्टाः १३

## कक्षाः७

१. थिमः सिद्ध कुमाखको परिचय

### (क) सिकाइ उपलब्धि

१. पालिकाको भौगोलिक बनावट- वन, नदि, सडक, विद्यालय आदि देखिने गरी नक्सा बनाउन,

२. पालिकाले जारी गरेको ऐन, कानुनको सामान्य जानकारी दिन,

३. पालिका अध्यक्षको काम कर्तव्य र अधिकारको सामान्य जानकारी दिन,

४. वडाबाट प्रदान गरिने सेवाहरूको सामान्य जानकारी दिन।

### (ख) विषयवस्तुः

☞ पालिकाको भौगोलिक बनावटको नक्सा निर्माण,

☞ पालिकाले जारी गरेको ऐन, कानुन,

☞ पालिका अध्यक्षको काम कर्तव्य र अधिकार,

☞ वडाबाट प्राप्तहुने सेवाहरू।

### (ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप

❖ पालिकाको नक्सा अध्ययन गर्न दिएर त्यसैको आधारमा पालिकाको नक्सा बनाउन लगाउने,

❖ उपलब्ध स्रोत साधन सामग्रीको माध्यमबाट जारी गरिएका ऐन, कानुनहरुको बारेमा बताई ति कानुनहरुको सामान्य जानकारी दिने,

❖ पालिका अध्यक्षको काम, कर्तव्य र अधिकारहरु के-के होलान भन्ने अनुमान गर्न लगाई अन्त्यमा कानुनले प्रदान गरेको काम, कर्तव्य र अधिकार बताउने,

❖ वडाबाट प्राप्त हुने सेवाहरू के-के होलान भनि अनुमान गर्न लगाई अन्त्यमा कानुनले प्रदान गरेका सेवाहरू बिद्यार्थीहरुलाई टिप्न लगाई छलफल गराउने।

**(घ) मूल्याङ्कनः**

१. पालिकाको भौगोलिक बनावट- वन, नदि सडक, विद्यालय आदि देखिने गरी नक्सा बनाउन लगाएर,

२. पालिकाले जारी गरेको ऐन कानुनको बारेमा प्रस्न र छलफल गराएर,

३. पालिका अध्यक्षको काम कर्तव्य र अधिकारको सामान्य जानकारी सोधेर,

४. वडाबाट प्रदान गरिने सेवाहरूको सामान्य जानकारी सोधेर।

**(ङ) कार्यघण्टाः १३**

२. थिमः स्थानीय वातावरण र हाम्रो कर्तव्य

**(क) सिकाइ उपलब्धि**

१. पालिकामा पर्ने सामुदायिक बनः परिचय, महत्त्व, फाईदा- वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रण र कानुनी ब्यबस्था बताउन,

२. प्राकृतिक स्रोतको महत्त्व र संरक्षणका उपायहरू बताउन,

३. दिगो विकास- दिगो विकास र हरित विद्यालय बीचको सम्बन्ध, दिगो विकास र वातावरण संरक्षणका लागि स्थानीय स्तरबाट गर्न सकिने प्रयासहरु बताउन,

४. जलवायु परिवर्तनबाट स्थानीय तहमा देखिएका असरहरू बताउन।

**(ख) विषयवस्तुः**

☞ वन व्यवस्थापन,

☞ प्राकृतिक स्रोतको महत्त्व र संरक्षण,

☞ दिगो विकास- दिगो विकास र हरित विद्यालय बीचको सम्बन्ध, दिगो विकास र वातावरण संरक्षणका लागि स्थानीय स्तरबाट गर्न सकिने प्रयासहरु,

☞ जलवायु परिवर्तनबाट स्थानीय तहमा देखिएका असरहरू।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

❖ पालिका भित्रका वनहरूको विवरण दिने, वनको अवलोकन गराउने, बृत्तचित्र

देखाउने, वनमा पाईने वन्यजन्तु तथा वनस्पति को परिचय दिदै वनका फाईदा बताईदिने- चोरी पैठारी नियन्त्रणको कानुनी ब्यबस्था बताई दिने,

- ❖ पालिकामा रहेका प्राकृतिक स्रोतको उदाहरण दिइ यसको महत्त्व र संरक्षणका उपायहरू माथि छलफल गराउने,
- ❖ दिगो विकास र हरित विद्यालयको अबधारण दिने, उर्जाको मितब्ययी उपयोग, वातावरण मैत्री व्यवहार, पानीको उचित प्रयोग, जैबिक विविधता ह्रास हुन नदिने, पर्यावरण सन्तुलन राख्ने, घर र विद्यालय हरियाली राख्ने, यस्तो कार्यमा विद्यार्थी, विद्यालय र समुदायले खेल्ने भूमिका बताउने,
- ❖ जलवायु परिबर्तनको परिचय दिइ स्थानीय तहमा देखिएका असरहरु जस्तै बेलामा पानी नपर्ने, लालीगुरास पहिल्यै फुल्ने आदि उदाहरण दिने र थप असरहरु माथि छलफल गराउने।

**(घ) मूल्याङ्कनः**

१. पालिकामा पर्ने सामुदायिक बनको परिचय, महत्त्व, फाईदा- वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रण र कानुनी ब्यबस्था सोधेर,

२. प्राकृतिक स्रोतको महत्त्व र संरक्षणका उपायहरू बताउन लगाएर,

३. दिगो विकास- दिगो विकास र हरित विद्यालय बीचको सम्बन्ध, दिगो विकास र वातावरण संरक्षणका लागि स्थानीय स्तरबाट गर्न सकिने प्रयासहरु बताउन लगाएर,

४. जलवायु परिवर्तनबाट स्थानीय तहमा देखिएका असरहरू बताउन लगाएर।

**(ङ) कार्यघण्टाः** २०

३. थिमः हाम्रा सम्पदाहरू

**(क) सिकाइ उपलब्धि**

१. धार्मिक सम्पदाहरू चमेरे गुफा, सिद्धबाबा मन्दिरको परिचय, महत्त्व र संरक्षणका उपायहरू बताउन,

२. ऐतिहासिक सम्पदाहरु निराजन मा. बि. ढोरचौरले संकलन गरेका पुराना सामान तथा जडिबुटीहरूको महत्त्व र थप व्यवस्थीत गर्ने उपायहरू बताउन,

३. पर्यटकीय सम्पदाहरु कराने भिरको परिचय, महत्त्व र विकासको योजना बताउन,

४. सल्यान जिल्लामा सम्पदाहरु मध्य गंगामाला मन्दिरको परिचय, महत्त्व र संरक्षण तथा विकासको उपाय बताउन।

**(ख) विषयवस्तुः**

☞ धार्मिक सम्पदाहरू- चमेरे गुफा, सिद्धबाबा मान्दिर

☞ ऐतिहासिक सम्पदा- निराजन मा. बि. ढोरचौरले संकलन गरेका पुराना सामान तथा जडिबुटीहरू

☞ पर्यटकीय सम्पदा- कराने भिर

☞ सल्यान जिल्लामा सम्पदा- गंगामाला मन्दिर

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

❖ सिद्ध कुमाख गाउँपलिकाको धार्मिक सम्पदाहरू गुरू देवता मन्दिर र कालिका मन्दिर परिचय खुल्ने चित्र तथा पोस्टरहरू प्रदर्शन गर्ने र पृष्ठभूमि चर्चा गरिदिने तथा हालको अवस्था उल्लेख गरिदिने, शिक्षक तथा अभिभावकको अगुवाईमा उक्त मन्दिरहरूको अवलोकन गराउने, यिनीहरूको महत्त्व र संरक्षणका उपायहरूमा छलफल गर्ने,

❖ पालिकाको ऐतिहासिक सम्पदा निराजन मा.वि. ढोरचौरले संकलन गरेका पुराना सामान तथा जडिबुटीहरूको परिचय खुल्ने चित्र तथा पोस्टरहरू प्रदर्शन गर्ने र पृष्ठभूमि चर्चा गरिदिने तथा हालको अवस्था उल्लेख गरिदिने, शिक्षक तथा अभिभावकको अगुवाईमा उक्त सम्पदाहरूको अवलोकन गराउने, यिनीहरूको महत्त्व र संरक्षण तथा विकासका उपायहरूमा छलफल गर्ने,

❖ पालिकाको पर्यटकीय सम्पदा कराने भिरको परिचय खुल्ने चित्र तथा पोस्टरहरू प्रदर्शन गर्ने र पृष्ठभूमि चर्चा गरिदिने तथा हालको अवस्था उल्लेख गरिदिने, शिक्षक

तथा अभिभावकको अगुवाईमा उक्त भिरहरूको अवलोकन गराउने, यिनीहरूको महत्त्व र विकासका उपायहरूमा छलफल गर्ने,

❖ सल्यान जिल्लाको सम्पदा गंगामाला मन्दिरको परिचय खुल्ने चित्र तथा पोस्टरहरू प्रदर्शन गर्ने र पृष्ठभूमि चर्चा गरिदिने तथा हालको अवस्था उल्लेख गरिदिने, शिक्षक तथा अभिभावकको अगुवाईमा उक्त मन्दिरको अवलोकन गराउने, यसको महत्त्व र संरक्षण तथा विकासका उपायहरूमा छलफल गर्ने।

**(घ) मूल्याङ्कनः**

१. धार्मिक सम्पदाहरू चमेरे गुफा र सिद्धबाबा मन्दिरको परिचय, महत्त्व र संरक्षणका उपायहरू सोधेर

२. ऐतिहासिक सम्पदाहरु निराजन मा.वि. ढोरचौरले संकलन गरेका पुराना सामान तथा जडिबुटीहरूको महत्त्व र थप व्यवस्थित गर्ने उपायहरू सोधेर

३. पर्यटकीय सम्पदा- कराने भिरको परिचय, महत्त्व र विकासको योजना बताउन लगाएर

४. सल्यान जिल्लामा सम्पदा- गंगामाला मन्दिरको परिचय, महत्त्व र संरक्षण तथा विकासको उपाय बताउन

**(ङ) कार्यघण्टाः २०**

४. थिमः स्थानीय जातजाती, भाषा, धर्म र संस्कृति

**(क) सिकाइ उपलब्धि**

१. स्थानीय चाडपर्वहरूको परिचय र महत्त्व बताउन,

२. स्थानीय नाचहरूको महत्त्व र संरक्षणका उपायहरू बताउन,

३. स्थानीय वाजागाजाहरूको संरक्षणका उपायहरू बताउन,

४. स्थानीय मेलाहरूको महत्त्व र संरक्षणका उपायहरू बताउन।

(ख) विषयवस्तुः

☞ स्थानीय चाडपर्वहरूको परिचय र महत्त्व,

☞ स्थानीय नाचहरूको महत्त्व र संरक्षण,

☞ स्थानीय वाजा गाजाहरूको संरक्षण,

☞ स्थानीय मेलाहरूको महत्त्व र संरक्षण।

(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप

❖ स्थानीय चाडपर्वहरूको भिडियो किलिप्स देखाउने र यस्ता चाडपर्वहरू सामजिक सदभब, भाईचारका लागि महत्त्व छ भनि स्थानीय उदाहरण दिएर बुझाउने,

❖ स्थानीय नाचहरूको भिडियो किलिप्स देखाउने र यस्ता नाचहरू सांस्कृतिक विकासका लागि महत्त्व छ भनि स्थानीय नाचहरु उदाहरण दिएर बुझाउने र संरक्षणका लागि पालिका सरकारले के गर्नु पर्ला भनि विद्यार्थीहरूबाट राय ल्याउने उक्त रायलाई टिपोट गर्न लगाउने,

❖ स्थानीय वाजागाजाहरूको तस्विर देखाउने र यस्ता बाजागाजाहरू सांस्कृतिक विकासका लागि महत्त्व छ भनी स्थानीय उदाहरण दिएर बुझाउने र संरक्षणका लागि पालिका सरकारले के गर्नु पर्ला भनि विद्यार्थीहरूबाट राय छलफल गराउने र उक्त राय टिपोट गर्ने,

❖ स्थानीय मेलाहरूको भिडियो किलिप्स देखाउने र यस्ता मेलाहरू सांस्कृतिक, आर्थिक र मनोरन्जन विकासका लागि महत्त्व छ भनि स्थानीय मेलाहरुको उदाहरण दिएर बुझाउने र संरक्षणका लागि पालिका सरकारले के गर्नु पर्ला भनि विद्यार्थीहरूबाट राय ल्याउने र आफ्नो राय थपिदिने, प्राप्त रायलाई बुँदागत टिपोट गरि छलफल गर्ने।

(घ) मूल्याङ्कनः

१. स्थानीय चाडपर्वहरूको सूची तयार गर्न लगाएर, र स्थानिय चाडपर्वहरुको महत्त्व बताउन लगाएर,

२.	स्थानीय नाचहरूको महत्त्व र संरक्षणका उपायहरू लेख्न लगाएर,

३.	स्थानीय वाजा गाजाहरूको संरक्षणका उपायहरू सोधेर,

४.	स्थानीय मेलाहरूको महत्त्व र संरक्षणका उपयहरू भन्न लगाएर।

**(ङ) कार्यघण्टाः २०**

५. थिमः स्थानीय पेसा र व्यवसाय

**(क) सिकाइ उपलब्धि**

१.	पालिकाको सुन्तला खेतीका लागि चर्चित ठाउँहरू थाहा पाउन, बिरूवा छनौट, मल र पानी दिने तरिका सुन्तला खेतीको महत्त्व र फाइदाहरू बताउन।

२.	अदुवा बालीको लागि चर्चित ठाउँ थाहा पाउन, बिउ छनौट, लगाउने तरिका, खेतीको महत्त्व बताउन,

३.	बेमौसमी तरकारी बालीको महत्त्व र चुनौति बताउन,

४.	स्थानीय हाट बजार लाग्ने ठाउँहरू थाहा पाई हाट बजारको महत्त्व बताउन।

**(ख) विषयवस्तुः**

☞	स्थानीय पेसा- सुन्तला खेती

☞	स्थानीय नगदेबाली- अदुवा बाली

☞	बेमौसमि तरकारी- महत्त्व र चुनौति

☞	स्थानीय हाटबजार-महत्त्व

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

❖	हाम्रो पालिकामा सुन्तला खेती हुने चर्चित ठाँउहरुको सूची बनाउन लगाउने, सुन्तला खेती गर्ने किसानलाई बिरूवा छनौट, मल र पानी दिने तरिका, सुन्तला खेतीको महत्त्व र फाइदाहरूका बारेमा क्रमसः सोध्ने र मुख्य मुख्य बुँदाहरू टिपोट गरि कक्षामा ल्याई छलफल गराउने,

- ❖ अदुवा बाली किसानलाई भेटेर उसलाई एक जना विद्यार्थीले अदुवाबाली राम्रो हुने ठाउँहरू बिउँ छनौट, मल र पानी दिने तरिका, अदुवाबाली को महत्त्व र फाइदाहरू क्रमश सोध्ने र अरू बिद्यार्थीहरुले किसानले दिएका मुख्य मुख्य बुँदाहरू टिपी कक्षामा ल्याई छलफल गराउने
- ❖ बेमैसमी तरकारीको संभावनाको क्षेत्रहरू माथी छलफल गरी,बेरोजगारीहल गर्ने सवाल र आर्थिक विकासमा यसको महत्त्व माथि छलफल गर्ने र सिंचाई, मल, बिउँ, बजार आदिमा भएका  चुनौतिहरु छलफल गराई समुहगत भन्न लगाउने,
- ❖ पालिका भित्र हाटबजार लाग्ने स्थान बताई यसले कृषकलाई दिएको राहतबारे छलफल गर्ने र हाटबजारको महत्त्व माथि थप प्रस्ट पारिदिने।

**(घ) मूल्याङ्कनः**

१. पालिकाको सुन्तला खेतीका लागि चर्चित ठाउँहरूको नाम भन्न लगाएर, बिरूवा छनौट, मल र पानी दिने तरिका सुन्तला खेतीको महत्त्व र फाइदाहरू उल्लेख गर्न लगाएर,

२. अदुवा बालीको लागि चर्चीत ठाउँहरुका नाम भन्न लगाएर, बिउ छनौट, लगाउने तरिका, खेतीको महत्त्व भन्न र लेख्न लगाएर,

३. बेमौसमी तरकारी बालीको महत्त्व र चुनौति बताउन लगाएर,

४. स्थानीय हाट बजार लाग्ने ठाउँहरूको सूची बनाउन लगाउने र हाटबजारको महत्त्व लेख्न लगाएर।

**(ङ) कार्यघण्टाः १५**

६. थिमः  मानवीय मूल्य र स्वास्थ्य शिक्षा

**(क) सिकाइ उपलब्धि**

१. विद्यालयमा अनुशासनको महत्त्व बताउन,

२. सकारात्मक व्यवहारको परिचय र महत्त्व बताउन,

३.	जातीय विभेद र वालबिवाह न्यूनीकरणमा पालिकाले गरेका प्रयासहरू बताउन,

४.	ध्यान र सिकाई सम्बन्ध देखाउन।

**(ख) विषयवस्तुः**

- ❖ विद्यालय अनुशासनको महत्त्व
- ❖ सकारात्मक व्यवहारको परिचय र महत्त्व
- ❖ जातीय विभेद, वालबिवाह न्यूनीकरणमा पालिकाले गरेका प्रयासहरु
- ❖ ध्यान र सिकाई सम्बन्ध

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

- ❖ शासनलाई अनुकरण गर्नु अनुशासन हो आफ्नो विद्यालयको उदाहारण दिने, अनुशासन भनेको के हो भनि आ-आफ्नो कपिमा लेख्न लगाउने, अनुशासनले पठन पाठन, खेलमा, राजनितिमा, सेना तथा प्रहरीमा कसरी भुमिका खेलेको हुन्छ भनि छलफल गराउने,
- ❖ तँपाईहरुको बिचारमा सकारात्मक ब्यबहार भनेको के हो? तँपाईले जानेको कुरा कपिमा लेख्नुहोस भनेर लेख्न लगाउने; मन, वचन र कर्म गर्दा अरूलाई हानी नपुऱ्याउने व्यवहार सकारात्मक ब्यबहार हो भनि निष्कर्ष दिने- सकारात्मक ब्यबहारले आफू र अरू सबैको भलो हुन्छ भनी ज्ञानी महापुरूषहरूको उदाहरण दिने,
- ❖ जातिय विभेद, वालबिवाह न्यूनीकरणमा पालिकाले गरेका प्रयासहरूको आधिकारिक रिपोट कक्षामा प्रस्तुत गरि छलफल गराउने,
- ❖ ध्यान र सिकाई के हो भनी पहिला छुट्टा छुट्टै छलफल गर्ने र अन्तर सम्बन्ध देखाउने।

**(घ) मूल्याङ्कनः**

१.	विद्यालयमा अनुशासनको महत्त्व सोधेर,

२.	सकारात्मक व्यवहारको परिचय र महत्त्व बताउन लगाएर,

३. जातीय विभेद र वालबिवाह न्यूनीकरणमा पालिकाले गरेका प्रयासहरू सोधेर,

४. ध्यान र सिकाई वीच सम्बन्ध वर्णन गर्न लगाएर।

**(ङ) कार्यघण्टाः १५**

७. थिमः विपद व्यवस्थापन

**(क) सिकाइ उपलब्धि**

१. सुरक्षित विद्यालयको धारणा बनाई विद्यालयमा सुरक्षित रहने उपायहरू बताउन,

२. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका तीन चरणहरूमा गरिने क्रियाकलापका बारेमा बताउन,

३. सिद्ध कुमाख गाउँपालि भित्रका जोखिमयुक्त वडाहरूको पहिचान र न्यूनीकरण गर्ने उपायहरू बताउन।

**(ख) विषयवस्तुः**

☞ सुरक्षित विद्यालय,

☞ विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका तीन चरणहरूमा गरिने क्रियाकलाप,

☞ सिद्ध कुमाख गाउँपालि भित्रका जोखिमयुक्त वडाहरूको पहिचान र न्यूनीकरण गर्ने उपायहरू।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

❖ सुरक्षित विद्यालय के हो ? यसको आबश्यकता किन पर्छ ? विद्यालयलाई कसरी सुरक्षित बनाउन सकिन्छ? कक्षाकोठा, खेल मैदान, शौचालय, चमेना गृह लगायत दैनिक सम्पर्कमा आईरहने स्थानहरूको सुरक्षाको लागि अपनाउनु पर्ने उपायहरूको वारेमा प्रश्नोत्तर, मस्तिस्क मनथन गराई सुरक्षाका उपायहरुको सूची गराउन लगाएर कक्षामा प्रस्तुत गर्न लगाइ पृष्ठपोषन दिने,

❖ विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका ३ चरणहरूमा गरिने क्रियाकलापहरू (१) विपद पूर्ब तयारीः आपतकालीन योजना, दक्ष जनशक्तिका लागि आवश्यक

तालिम, खोज, उद्दार र राहत वितरणका लागि आवश्यक सामग्री, जनचेतनाका कार्यक्रम (२) विपदको समयः खोज उद्दार तथा राहत कार्य (३) विपद पश्चातः पुनर्स्थापना जस्ता कृयाकलापहरूका वारेमा छलफल गर्ने,

❖ जोखिमयुक्त वडाहरूमा भएको प्रकोपको स्तर पत्ता लगाउने र न्यूनीकरण गर्ने उपायहरू छलफल गरी कापीमा टिपोट गर्न लगाउने।

**(घ) मूल्याङ्कनः**

१. बिधालयमा सुरक्षित रहने कुनै तीन वटा उपायहरु लेख्न लगाएर,

२. बिपद् जोखिम न्यूनीकरण तथा ब्यबस्थापनका तीन चरणमा गरिने मूख्य क्रियाकलापहरुको सूची तयार गर्न लगाएर,

३. सिद्ध कुमाख गाउँपालिकाका कुन-कुन वडाहरुमा बिपदको जोखिम छ? लेख्न लगाई न्यूनीकरनका उपायहरु भन्न लगाएर।

**(ङ) कार्यघण्टाः१२**

८. थिमः व्यवहारिक लेखन

**(क) सिकाइ उपलब्धि**

१. तमसुकको ढाँचा तयार पार्न,

२. भरपाईको ढाँचा तयार पार्न,

३. मेलमिलाप पत्रको ढाँचा तयार पार्न,

४. सुझाब पत्र लेखनको ढाँचा तयार पार्न।

**(ख) विषयवस्तुः**

३. तमसुक

४. भरपाई

५. मेलमिलाप

६. सुझाव पत्र

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

- ❖ तमसुकको नमुना बिद्यार्थीहरुलाई दिएर अर्को परिस्थितिमा तमसुक लेख्न लगाउने'
- ❖ भरपाई गर्दा ध्यान दिनुपर्ने कुराहरू जस्तैः लिने  दिनेको नाम थर, ठेगाना उमेर, लिएको दिएको रकम भएको नमुना बिद्यार्थीहरुलाई दिएर अर्को परिस्थितिमा भरपाई लेख्न लगाउने,
- ❖ मेलमिलाप पत्रको नमुना बिद्यार्थीहरुलाई दिएर अर्को परिस्थितिमा मेलमिलाप पत्र लेख्न लगाउने,
- ❖ सूझाव पत्रको नमुना बिद्यार्थीहरुलाई दिएर अर्को परिस्थितिमा सुझाव पत्र लेख्न लगाउने।

**(घ) मूल्याङ्कनः**

१. कुनै एक बिषय दिएर तमसुक ढाँचा तयार पार्न लगाएर,

२.  भरपाईको ढाँचा तयार पार्न लगाएर,

३. मेलमिलाप पत्रको ढाँचा तयार पार्न लगाएर,

४. सुझाव पत्र लेखनको ढाँचा तयार पार्न लगाएर।

**(ङ) कार्यघण्टाः १३**

## कक्षाः८

१. थिमः सिद्ध कुमाखको परिचय

### (क) सिकाइ उपलब्धि

१. उपाध्यक्षको काम कर्तव्य र अधिकारको वारेमा समान्य जानकारी बताउन,

२. सल्यान जिल्लाका १० वटै स्थानीय पालिकाको वारेमा सामान्य परिचय बताउन,

३. पालिकामा रहेका सार्वजनिक कार्यालयहरू- विद्यालय, स्वास्थ्य चौकी, पालिकाको कार्यलयहरूको सामान्य परिचय वताउन,

४. पालिका भित्रका विकासका पूर्वाधार- शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, विद्युत, खानेपानी कृषिहरूको अवस्था बताउन।

### (ख) विषयवस्तुः

☞ उपाध्यक्षको काम कर्तव्य र अधिकार,

☞ सल्यान जिल्लाका स्थानीय तहहरू,

☞ पालिकामा रहेका सार्बजनिक कार्यालयहरू,

☞ पालिका भित्रका विकासका पूर्बाधारको अवस्था।

### (ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप

❖ पालिका उपाध्यक्षको काम, कर्तव्य, र अधिकार के-के होला भन्ने अनुमान गर्न लगाई अन्त्यमा कानुनले प्रदान गरेको काम, कर्तव्य र अधिकारहरु बताईदिने र ति काम, कर्तब्य र अधिकारहरु टिपोट गर्न लगाउने,

❖ सल्यान जिल्लाका सबै पालिकाहरूको-नाम,क्षेत्रफल, जनसंख्या, सम्पदाहरू आदि समेटेको संक्षिप्त लेख तयार गर्नका लागि सहयोग गर्ने

❖ पालिकामा रहेका सार्बजनिक कार्यालयहरू विद्यालय, स्वास्थ्य चौकी, पालिकाको कार्यलयहरू कहाँ छन? कति छन? कुन अवस्थामा छन? आदि विषय बिषयकको संक्षिप्त सूची तयार गर्न लगाउने,

❖ पालिका भित्रका विकासका पुर्बाधारहरु शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, विद्युत, खानेपानी, कृषिको अवस्था बारे बिधार्थीहरुलाई बर्णन गर्न लगाउने।

**(घ) मूल्याङ्कनः**

१. उपाध्यक्षको काम कर्तव्य र अधिकारको वारेमा भन्न लगाएर,

२. सल्यान जिल्लाका १० वटै स्थानीय पालिकाको वारेमा संक्षिप्तमा भन्न लगाएर,

३. पालिकामा रहेका सार्वजनिक कार्यालयहरू- विद्यालय, स्वास्थ्य चौकी, पालिकाको कार्यलयहरूको वारेमा संक्षिप्तमा भन्न लगाएर,

४. पालिका भित्रका विकासका पूर्बाधारहरु शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, विद्युत, खानेपानी कृषिहरूको वारेमा बर्तमान अबस्था बारे भन्न लगाएर।

**(ङ) कार्यघण्टाः १३**

२. थिमः स्थानीय वातावरण र हाम्रो कर्तव्य

**(क) सिकाइ उपलब्धि**

१. सिद्ध कुमाख गाउँपालिकामा पानीको दिगो व्यवस्थापनका उपायहरू पहिचान गर्न र आकासे पानी संकलनमा सहयोग गर्न,

२. प्राकृतिक स्रोतको संरक्षणका उपायहरू बताउन,

३. हरित घर र विद्यालय निर्माणका लागि आबश्यक आधारभूत पक्षहरू बर्णन गर्न, दिगो विकास र हरित विद्यालयको अन्तर सम्बन्ध व्याख्या गर्न,

४. जलवायु परिवर्तनबाट स्थानीय तहमा देखिएका असरहरू र समाधानका उपायहरूको सूची तयार गर्न लगाएर।

**(ख) विषयवस्तुः**

☞ पानीको दिगो व्यवस्थापन,

☞ प्राकृतिक स्रोतको संरक्षणका उपायहरू,

☞ हरियाली प्रबर्धन,

☞ जलवायु परिवर्तनबाट स्थानीय तहमा देखिएका असरहरू र समाधानका उपायहरू।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

❖ पानीको दिगो व्यवस्थापन गर्ने उपायहरूमा छलफल गराउने जस्तै- मुहान संरक्षण गर्ने, आकाशे पानी संकलन आदि र आकाशे पानीको संकलन गर्ने विधि भिडियो सहित प्रदर्शन गर्ने वा आकाशे पानी संकलन गरेको ठाउँ अवलोकन गराउने (बर्षा, ट्याङ्की, प्रशोधन प्रयोग),

❖ प्राकृतिक स्रोत भनेको प्रकृतिबाट प्राप्त साधन- जस्तै- हावा पानी, नदि नाला प्रकाश, वन आदि हुन। यिनीहरुको संरक्षणका उपायहरूमा आबश्यक मात्रामा मात्र पानी प्रयोग गर्नु, पानीको प्रयोग सम्बन्धी बलियो कानुन बनाएर, सचेतना फैलाएर आदि विषयमा बिचार बिमर्ष गरी प्रष्ट पार्ने,

❖ हरित घर तथा विद्यालय निर्माणको लागि आबश्यक पर्ने पक्षहरू (हरियाली प्रवर्धन, ईको क्लव, पानी व्यवस्थापन र सरसफाई, फोहोरमैला व्यवस्थापन, उर्जा मैत्रि घर तथा विद्यालय, सिकाई केन्द्रको विकास र सञ्चालन)को परिचय दिने, यी कार्यहरूमा विद्यार्थी तथा विद्यालयको भूमिका पहिचान गर्ने र सहभागी हुने, हरित विद्यालय तथा दिगो विकासबीचको अन्तरसम्बन्ध बताउन लगाउने र यस्तो सम्बन्ध प्रवर्धन गर्न विद्यार्थी, विद्यालय, समुदाय,स्थानीय तहले खेल्नुपर्ने भूमिका छलफल गर्ने,

❖ जलवायु परिवर्तनबाट स्थानीय तहमा देखिएका असरहरू जस्तैः बिभिन्न रोग देखापर्नु, मौषम र समयमा तालमेल नहुनु, मुल सुक्नु र समाधानका उपायहरू जस्तैः हरियाली बढाउने, प्लास्टिक प्रयोगमा रोक, दिगो विकासलाई ध्यान दिएर विकास, बैकल्पिक उर्जाको प्रयोग आदि विषयमा छलफल गराई जलबायु परिबर्तनले स्थानीय तहमा देखिएका असरहरु र समाधानका उपायहरुको सूची तयार पार्न लगाउने।

**(घ) मूल्याङ्कनः**

१. सिद्ध कुमाख गाउँपालिकामा पानीको दिगो व्यवस्थापनका उपायहरू र आकाशे पानी संकलनका तरिका बताउन लगाएर,

२. प्राकृतिक स्रोतहरुको संरक्षणका उपायहरू बताउन लगाएर,

३. हरित घर र विद्यालय निर्माणका लागि आवश्यक आधारभूत पक्षहरू बर्णन गर्न, दिगो विकास र हरित विद्यालयको अन्तर सम्बन्ध व्याख्या गर्न लगाएर,

४. जलवायु परिवर्तनबाट स्थानीय तहमा देखिएका असरहरू र समाधानका उपायहरू बताउन लगाएर।

**(ङ) कार्यघण्टाः** २०

३. थिमः हाम्रा सम्पदाहरू

**(क) सिकाइ उपलब्धि**

१. धार्मिक सम्पदाहरूः ब्राहथान, नागेश्वर मन्दिरको परिचय, महत्त्व र संरक्षणका उपायहरू बताउन,

२. ऐतिहासिक सम्पदाहरु सिद्धगुफाको महत्त्व र थप व्यवस्थित गर्ने उपायहरू बताउन,

३. पर्यटकीय सम्पदाहरु चिल्ली भिरको परिचय, महत्त्व र विकासको योजना बताउन,

४. सल्यान जिल्लामा सम्पदा छायाँक्षेत्रको परिचय, महत्त्व र संरक्षण तथा विकासको उपाय बताउन।

**(ख) विषयवस्तुः**

☞ धार्मिक सम्पदाहरू ब्राहथान, नागेश्वर मन्दिर,

☞ ऐतिहासिक सम्पदाः सिद्ध गुफाको परिचय, महत्त्व र संरक्षणका उपायहरू,

☞ पर्यटकीय सम्पदाः चिल्ली भिर

☞ सल्यान जिल्लामा सम्पदाः छायाँक्षेत्र

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

- ❖ गाउँपलिमा रहेको धार्मीक सम्पदाहरू ब्राहथान,नागेश्वर मन्दिरको परिचय खुल्ने चित्र तथा पोस्टरहरू प्रदर्शन गर्ने र पृष्ठभूमि चर्चा गरिदिने तथा हालको अवस्था उल्लेख गरिदिने, शिक्षक तथा अभिभावकको अगुवाईमा उक्त मन्दिरहरूको अवलोकन गराउने, यिनीहरूको महत्त्व र संरक्षणका उपायहरूमा छलफल गर्ने,
- ❖ पालिकाको ऐतिहासिक सम्पदा सिद्धगुफाको परिचय खुल्ने चित्र तथा पोस्टरहरू प्रदर्शन गर्ने र पृष्ठभूमि चर्चा गरिदिने तथा हालको अवस्था उल्लेख गरिदिने, शिक्षक तथा अभिभावकको अगुवाईमा उक्त सम्पदाको अवलोकन गराउने, यसको महत्त्व र संरक्षण तथा विकासका उपायहरूमा छलफल गरी टिपोट गर्न लगाउने,
- ❖ पालिकाको पर्यटकीय सम्पदा चिल्ली भिरको परिचय खुल्ने चित्र तथा पोस्टरहरू प्रदर्शन गर्ने र पृष्ठभूमी चर्चा गरिदिने तथा हालको अवस्था उल्लेख गरिदिने, शिक्षक तथा अभिभावकको अगुवाईमा उक्त भिरको अवलोकन गराउने, यसको महत्त्व र विकासका उपायहरूमा छलफल गरी टिपोट गर्न लगाउने,
- ❖ सल्यान जिल्लाको सम्पदा छायाँक्षेत्रको परिचय खुल्ने चित्र तथा पोस्टरहरू प्रदर्शन गर्ने र पृष्ठभूमी चर्चा गरिदिने तथा हालको अवस्था उल्लेख गरिदिने, शिक्षक तथा अभिभावकको अगुवाईमा उक्त स्थानको अवलोकन गराउने, यसको महत्त्व र संरक्षण तथा विकासका उपायहरूमा छलफल गरी टिपोट गर्न लगाउने।

**(घ) मूल्याङ्कनः**

१. धार्मिक सम्पदाहरूः ब्राहथान र नागेश्वर मन्दिरको परिचय सोधेर, महत्त्वको र संरक्षणका उपायहरूको सूची बनाउन लगाएर,

२. ऐतिहासिक सम्पदाः सिद्ध गुफाको महत्त्व र थप व्यवस्थीत गर्ने उपायहरू सोधेर,

३. पर्यटकीय सम्पदाः चिल्ली भिरको परिचय सोधेर, महत्त्व र विकासको योजनाको सूची बनाउन लगाएर।

४. सल्यान जिल्लामा सम्पदाः छायाँक्षेत्रको परिचय सोधी, महत्त्व र संरक्षण तथा विकासको उपायहरुको सूची बनाउन लगाएर।

**(ङ) कार्यघण्टाः २०**

४. थिमः  स्थानीय जातजाती, भाषा, धर्म र संस्कृति

**(क) सिकाइ उपलब्धि**

१. स्थानीय भेषभूषाः घलेक, धरो परिचय, महत्त्व र संरक्षणका उपायहरू बताउन,

२. स्थानीय वाजाहरू मुरली, सारिङ्गेको परिचय, महत्त्व र संरक्षणका उपायहरू बताउन,

३. स्थानीय गीतहरू लोक गीत र ठारी भाकाको परिचय, महत्त्व र संरक्षणका उपायहरू बताउन,

४. कुमाखको मेला- परिचय र महत्त्व बताउन।

**(ख) विषयवस्तुः**

☞ स्थानीय भेषभूषाः घलेक र धरोहरुको परिचय, महत्त्व र संरक्षण,

☞ स्थानीय वाजाहरूः मुरली र सारिङ्गेहरुको परिचय, महत्त्व र संरक्षण,

☞ स्थानीय गीतहरूः लोक गीत र ठारीभाकाहरुको परिचय, महत्त्व र संरक्षण,

☞ कुमाखको मेलाको परिचय र महत्त्व।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

❖ स्थानीय भेषभूषाहरु घलेक, धरोहरूको भिडियो किलिप्स वा फोटोहरू देखाउने र यस्ता भेषभूषाहरू हाम्रा पुखाको ईतिहास, उनीहरूको सम्झनाका साथै स्वास्थ्यका लागि महत्त्व छ भनी स्थानीय भेषभूषाहरुको उदाहरण दिएर बुझाउने र पुनः प्रयोगको लागि अभियान चलाउनु पर्ने जस्ता लगायत अरू संरक्षणका उपायहरू माथि छलफल गरी टिपोट गर्ने,

❖ स्थानीय वाजागाजा मुरली, सारिङ्गेहरूको तस्बिर देखाउने र यस्ता वाजागाजाहरू सांस्कृतिक विकासका लागि महत्त्व छ भनी स्थानीय बाजाहरु उदाहरण दिएर

बुझाउने र संरक्षणका लागि पालिका सरकारले के गर्न पर्ला भनि विद्यार्थीहरूबाट राय ल्याउने र संरक्षणका उपायहरु माथि छलफल गर्ने,

- ❖ स्थानीय लोकगीत र ठारी भाकाहरूको भिडियो किलिप्स देखाउने र यस्ता गीतहरू सांस्कृतिक विकासका लागि महत्त्व छ भनि स्थानीय गीतहरुको उदाहरण दिएर बुझाउने र संरक्षणका लागि पालिका सरकार विद्यार्थी, विद्यालयहरूले के-के गर्नुपर्ला? विद्यार्थीहरूबाट राय ल्याएर संरक्षणका उपायहरुको सूची बनाउने,
- ❖ स्थानीय कुमाखको मेलाको भिडिओ किलिप्स देखाउने र यस्ता मेलाहरू सांस्कृतिक, आर्थिक र मनोरन्जन विकासका लागि महत्त्व छ भनि स्थानीय मेलाहरुको उदाहरण दिएर बुझाउने र संरक्षणका लागि पालिका सरकार, विद्यार्थी, विद्यालयहरूले के गर्न पर्ला भनि विद्यार्थीहरूबाट राय ल्याउने र आफ्नो राय थपि टिपोट गर्न लगाउने।

**(घ) मूल्याङ्कनः**

१. स्थानीय भेषभूषाहरुः घलेक, धरोको परिचय सोधेर, महत्त्व र संरक्षणका उपायहरूको सूची बनाउन लगाएर,

२. स्थानीय वाजाहरूः मुरली, सारिङ्गेको परिचय, महत्त्व र संरक्षणका उपायहरू बताउन लगाएर,

३. स्थानीय गीतहरूः लोक गीत र ठारी भाकामो परिचय, महत्त्व र संरक्षणका उपायहरू सोधेर,

४. कुमाखको मेलाको परिचय र महत्त्व तथा संरक्षणका उपायहरु लेख्न लगाएर

**(ङ) कार्यघण्टाः २०**

५. थिमः स्थानीय पेसा र व्यवसाय

**(क) सिकाइ उपलब्धि**

१. स्थानीय पेसाहरुः टिम्मुर खेतीको बेर्ना छनौट, जमिन तयारी, मल र पानीको प्रयोग, फाईदाका वारेमा बर्णन गर्न,

२. स्थानीय प्रविधिमा आधारित सामग्रीः अदुवा फलेर सुठो बनाउने खोर- खोर बनाउने तरिका र अदुवा फल्ने तरिका बताउन,

३. तरकारी बाली चुच्चेकरेला, भेडे खुर्सानी, हिउँदे सिमीहरुको परिचय र महत्त्व बताउन,

४. किवी खेतीको बेर्ना उत्पादन, लगाउने तरिका र सम्भावनाको बारेमा बताउन।

**(ख) विषयवस्तुः**

☞ स्थानीय पेसा टिम्मुर खेती- बेर्ना छनौट, जमिन तयारी, मल र पानीको प्रयोग, फाईदा,

☞ स्थानीय प्रविधिमा आधारित सामग्री अदुवा फल्ने खोर, खोर बनाउने तरिका, अदुवा फल्ने तरिका,

☞ तरकारी बालीहरुमा चुच्चेकरेला, भेडे खुर्सानी, हिउदे सिमी,

☞ किवी खेती।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

❖ टिम्मुर खेती गर्ने किसानलाई भेटेर उसलाई एक जना विद्यार्थीले टिम्मुर हुने ठाउँहरू,बिरूवा छनौट, मल र पानी दिने तरिका, टिम्मुर खेतीको महत्त्व र फाइदाहरू क्रमसः सोध्ने र अरू विद्यार्थीहरूले किसानले दिएका मुख्य-मुख्य बुँदाहरू टिपोट गरी कक्षामा छलफल गराउने,

❖ अदुवा फल्न खोर र फल्ने तरिकाको फोटो वा भिडियो किलिप देखाई उनीहरूको जिज्ञासा अनुसारको छलफल गर्ने र अदुबा फलेर सुठो बनाउने तरिका पालै पालो भन्न लगाएर,

❖ तरकारी बाली- चुच्चेकरेला, भेडे खुर्सानी, हिउँदे सिमीको विशेष्ताहरु बर्णन गरी यसका फईदा- (रोग, धेरै उत्पादन, लामो समय फल्ने)का वारेमा छलफल गर्ने,

❖ किबि खेती किसानलाई भेटेर उसलाई एक जना विद्यार्थीले किबी खेती हुने ठाउँहरू, बिरूवा छनौट, मल र पानी दिने तरिका, किवी खेतीको महत्त्व र फाइदाहरू क्रमसः सोध्ने र अरू विद्यार्थीहरूले किसानले दिएका मुख्य मुख्य बुँदाहरू टिपी कक्षामा छलफल गराउने, यदि किवी किसान नभेटीएको खण्डमा यूट्युव वा अन्य माध्यम बाट यस खेती गर्दा बेर्ना उत्पादन, लगाउने तरिका र संभावनाका बारेमा कक्षामा छलफल गरी प्रष्ट बनाउने।

**(घ) मूल्याङ्कनः**

१. स्थानीय पेसा टिम्मुर खेती गर्दा बेर्ना छनौट, जमिन तयारी, मल र पानीको प्रयोग, खेती गर्दा हुने फाईदाका वारेमा बरण गर्न लगाएर,

२. स्थानीय प्रविधिमा आधारित सामग्री र प्रयोगः अदुवा फलेर सुठो गराउने खोर उक्त खोर बनाउने तरिका, अदुवा फल्ने तरिका बताउन लगाएर,

३. तरकारी बालीहरु चुच्चे करेला, भेडे खुर्सानी र हिउँदे सिमीहरुको परिचय र महत्त्व सोधेर,

४. किवी खेतीको लागि बेर्ना उत्पादन, बेर्ना लगाउने तरिका र सम्भावनाको वारेमा बताउन लगाएर।

**(ङ) कार्यघण्टाः१५**

६. थिमः  मानवीय मूल्य र स्वास्थ्य शिक्षा

**(क) सिकाइ उपलब्धि**

१. लैङ्गिक विभेद न्यूनीकरणमा पालिकाले खेलेको भूमिका बताउन,

२. बिपसना ध्यान विधि तथा अभ्यास गरेर देखाउन,

३. गौतमबुद्धका चार आर्य सत्यहरूका वारेमा बताउन,

४. अस्वस्थ खानाहरु जङ्कफूड, राजसिक र तामसिक भोजनको जानकारी दिन।

(ख) विषयवस्तुः

☞ लैङ्गिक विभेद न्यूनीकरणमा पालिकाको भूमिका,

☞ विपासना ध्यान विधि तथा अभ्यास,

☞ गौतमबुद्धका चार आर्य सत्यहरू,

☞ अस्वस्थ खाना,

(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप

❖ लैंङ्गिक विभेद न्यूनीकरणमा पालिकाले गरेका प्रयासहरूको आधिकारिक रिपोट कक्षामा प्रस्तुत गर्ने र त्यसको बारेमा छलफल गर्ने,

❖ विपासना भनेको आफ्नो श्वास र शरीरमा ध्यान लगाउनु हो भनि सिकाएर यसका वारेमा थप जान्न युटुवमा सत्य नारायण गोईङ्कालाई हेरेर अभ्यास गरउने,

❖ संसारमा दुःख छ, दुःखको कारण छ, दुःखलाई निवारण गर्न सकिन्छ र दुःख निवारणको उपाय अस्टाङ्गिक मार्ग हो, यी चार आर्य सत्यहरूलाई हाम्रा आफ्नै उदाहरण दिएर बुझाउने,

❖ जङ्कफूड र राजसिक तामसिक भोजनको परिभाषा दिएर यिनी शरिरका लागि हानीकारक छन भनि बताउने र यसको सट्टामा घरमा पकाइको सात्विक भोजन खानुपर्छ भनि बताउने।

(घ) मूल्याङ्कनः

१. लैङ्गिक विभेद न्यूनीकरणमा पालिकाले खेलेको भूमिका भन्न लगाएर,

२. बिपासना ध्यान विधि तथा अभ्यास गरेर देखाउन लगाएर,

३. गौतमबुद्धका चार आर्य सत्यहरूका वारेमा सोधेर,

४. अस्वस्थ खानाः जङ्कफूड र गरीस्ठ भोजनको वारेमा सोधेर।

(ङ) कार्यघण्टाः  १५

७. थिमः विपद् व्यवस्थापन

### (क) सिकाइ उपलब्धि

१. बालीनष्ट पार्ने जनावर र नष्ट हुने बालीनाली को सूची बनाई बाली नष्ट हुनबाट बच्ने उपाय बताउन,

२. ग्यास सिलिन्डर बिस्फोट हुनबाट जोगिन अपनाउने सावधानीरु बताउन,

३. विपदको समयमा सबै भन्दा जोखिममा परेका बर्गहरू जस्तै वालबालिका, महिला, दलित तथा विपन्न बर्गको पहिचान र कारण खोजी गर्न।

### (ख) विषयवस्तुः

४. वन्यजन्तुबाट वालीनाली नष्ट,

५. ग्यास सिलिन्डर बिस्फोट र सावधानी

६. विपदको समयमा सबै भन्दा जोखिममा परेका बर्गहरू जस्तै बालबालिका, महिला, दलित तथा बिपन्न बर्गको पहिचान र कारण खोजी

### (ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप

- बाली नस्ट गर्ने जनावरहरू र नस्ट हुने बालिको वारेमा छलफल गरी सूची तयार पार्ने र यसबाट बच्न के गर्नुपर्ला भनि छलफल गर्न, यूटुभमा अनेत्रको अभ्यास हेराउने,
- ग्यास सिलिन्डर प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू छलफल गर्ने र यसका सावधानीका वारेमा तयार गरिएका भिडियो हरू यूटुभमा पनि पाउन सकिन्छ, बिद्यार्थीहरुलाई ग्यास सिलिन्डर बिस्फोटबाट जोगिन अपनाउनु पर्ने साबधानीहरु लेख्न लगाउने,
- विपदका समयमा सबैभन्दा जोखिममा परेका बर्गहरू जस्तै बालवालिका, महिला, दलित तथा बिपन्न बर्गहरूको पहिचान गर्ने तथा यी बर्गहरू किन विपदका समयमा अझ बढी जोखिममा हुन्छन भनि छलफल गर्ने,

**(घ) मूल्याङ्कनः**

१. बाली नष्ट गर्ने जनावर र नष्ट हुने बालीनालीको सूची बनाई बाली नष्ट हुनबाट बाँच्ने उपायहरु लेख्न लगाएर,

२. ग्यास सिलिन्डर बिस्फोट हुनबाट जोगिन अपनाउने सावधानीहरुको सूची बनाउन लगाएर,

३. विपदको समयमा सबै भन्दा जोखिममा परेका बर्गहरू जस्तै वालबलिका, महिला, दलित तथा बिपन्न बर्गको पहिचान र कारण सोधेर।

**(ङ) कार्यघण्टाः१२**

८. थिमः व्यवहारिक लेखन

**(क) सिकाइ उपलब्धि**

१. भरपाईको ढाँचा तयार पार्न,

२. मेलमिलाप पत्रको ढाँचा तयार पार्न,

३. कार्यालयलाई लेखिने  निबेदन ढाँचा तयार पार्न,

४. माईनुट तथा निर्णय लेखनको ढाँचा तयार पार्न।

**(ख) विषयवस्तुः**

☞ भरपाई,

☞ मेलमिलाप पत्र,

☞ कार्यालयलाई निवेदन,

☞ माईनुट तथा निर्णय लेखन।

**(ग) सम्भावित सिकाई सहजीकरण क्रियाकलाप**

❖ भरपाई गर्दा ध्यान दिनुपर्ने कुराहरू जस्तैः लिने दिनेको नाम थर, ठेगाना उमेर, लिएको दिएको रकम भएको नमुना  बिद्यार्थीहरुलाई दिएर अर्को परिस्थितिमा भरपाई लेख्न लगाउने,

- ❖ मेलमिलाप पत्रको नमुना बिद्यार्थीहरुलाई दिएर अर्को परिस्थितिमा मेलमिलाप पत्र लेख्न लगाउने,
- ❖ कार्यालयलाई लेखिने पत्रको नमुना बिद्यार्थीहरुलाई दिएर अर्को परिस्थितिमा मेलमिलाप पत्र लेख्न लगाउने
- ❖ माईनुट तथा निर्णय लेखनको नमुना बिद्यार्थीहरुलाई दिएर अर्को परिस्थितिमा मेलमिलाप पत्र लेख्न लगाउने

**(घ) मूल्याङ्कनः**

१. कुनै एक बिषयमा भरपाईको ढाँचा तयार गराउन लगाएर।

२. कुनै एक बिषयमा मेलमिलाप पत्रको ढाँचा तयार पार्न लगाएर,

३. कार्यालयलाई लेखिने निबेदन ढाँचा तयार पार्न लगाएर,

४. कुनै एक बैठकको माईनुट तथा निर्णय लेखन लगाएर।

**(ङ) कार्यघण्टाः १३**

## ७. सिकाइसहजीकरण विधि तथा प्रक्रिया

स्थानीय पाठ्यक्रम स्थानीय वस्तुस्थितिको सापेक्षतामा तयार गरिने पाठ्यक्रम हो। एउटै पालिकामा पनि स्थानीय विषयवस्तुहरूको सन्दर्भ र परिवेशमा एकरूपता नहुन सक्छ। स्थानीय विषयको लागि पाठ्यपुस्तकको परिकल्पना गरिदैन तथापी विषयवस्तुसंग सम्बन्धित विभिन्न सन्दर्भ पुस्तकहरूलाई उपयोगमा भने ल्याउन सकिन्छ। विद्यार्थीको रूची, उमेर, क्षमता र स्थानीय परिवेशको जगमा यसको सिकाइ सहजीकरण गर्नुपर्ने भएकोले एउटै विधि वा सिकाई क्रियाकलाप स्थानीय विषयमा सान्दर्भिक हुदैन। यस अर्थमा पनि परिवेश सापेक्ष शिक्षण सिकाइ क्रियाकलाप वाञ्छनीय हुन्छ। स्थानीय पाठ्यक्रमको सिकाइ सहजीकरणको सम्बन्धमा स्थानीय विषय पढ्ने र पढाइने विषय भन्दा पनि गर्ने र गराइने विषय हो। यो स्थानीय विशिष्ट परिस्थिति सापेक्ष हुन्छ जसले गर्दा यसले पाठ्यपुस्तकको परिकल्पना गर्दैन। एउटै पालिकाको विभिन्न क्षेत्रको वस्तुस्थिति पनि फरक-फरक हुनसक्ने भएकाले ठाउँ विशेष यसका क्रियाकलापहरू पनि फरक फरक हुनसक्ने सम्भावना रहन्छ। कुनै पनि विषयवस्तुको प्रभावकारी सिकाइका लागि प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप, आवश्यक शैक्षणिक योजना निर्माण, त्यसको कार्यान्वयनको आवश्यकता हुन्छ। स्थनीय पाठ्यक्रमका विषयवस्तुको सिकाइका लागि पाठ्यक्रमले निर्दिष्ट गरेका विषयक्षेत्रसँग सम्बन्धित भई विभिन्न विद्यार्थी केन्द्रित क्रियाकलाप, परियोजना कार्य, सामुहिक कार्यलाई उपयोगमा ल्याउन सकिन्छ। सूचना तथा सञ्चार प्रविधिको समुचित प्रयोग गर्दै विषयवस्तुको वारेमा विद्यार्थीलाई स्पष्ट पार्न सकिन्छ। स्थानीय पाठ्यक्रम शिक्षणको विधि तथा क्रियाकलाप यही नै हुन्छ र हुनु पर्छ भन्ने हुदैन तथापी शिक्षण सिकाइ गर्दा निम्नानुसार शिक्षण विधि र क्रियाकलापहरू सञ्चालन गर्न सकिन्छ :

**सिकाइ सहजीकरण गर्न देहायका विधिहरू अपनाउन सकिनेछ ।**

**क) आधारभूत शिक्षण विधि** :छलफल विधि, प्रश्नोत्तर विधि, अवलोकन विधि, क्षेत्र भ्रमण विधि, प्रदर्शन विधि, खेल विधि, खोज विधि, समस्या समाधान विधि, अभ्यास विधि आदि।

**ख) अनुसन्धानमा आधारित शिक्षण विधि** :कार्यमूलक अनुसन्धान, मामिला अध्ययन, परियोजना कार्य, स्थलगत अध्ययन

**ग) वैकल्पिक शिक्षण विधि** :श्रव्य-दृश्य, सङ्गीत शिक्षण, कथाकथन, सूचना तथा सञ्चार प्रविधिमा आधारित, अन्य ।

**सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनौट गर्दा ध्यान दिनुपर्ने पक्षहरू**

स्थानीय पाठ्यक्रम स्थानीय विषय स्थानीय परिवेशमा तयार गरिएको आवश्यकता केन्द्रित विषयवस्तुहरूको सँगालो भएकोले अन्य विषयहरू जस्तो तोकिएको पाठ्यपुस्तक/ कार्यपुस्तकमा उल्लेख भए बमोजिम सिकाइ सहजीकरण गर्न सम्भव हुदैन।विषयवस्तुको माग र विद्यार्थीको अवस्थालाई मध्यनजर राख्दै स्थानीय विषय पठनपाठन गराउनु पर्ने भएकोले पनि यसको सिकाइ सहजीकरण अन्य विषय भन्दा अलि फरक हुन सक्ने सम्भावना रहन्छ। सम्बन्धित विषय क्षेत्रमा मेल खाने शिक्षण विधि तथा प्रविधि छनौट गर्दा ध्यान दिनुपर्ने केही महत्त्वपूर्ण पक्षहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ:

**विषयवस्तु तथा सिकाइ उपलब्धि** : स्थानीय पाठ्यक्रममा उल्लेख गरिएको तथा कक्षागता, एकाइगत तथा पाठगत विषयवस्तु तथा अपेक्षित सिकाइ उपलब्धि सँग मेल खाने सिकाइ सहजीकरण विधि छनौट र प्रयोगमा समुचित ध्यान दिनुपर्दछ । उदाहरणका लागि स्थानीय सिप र प्रविधि सम्बन्धमा शिक्षण सिकाइ गर्दा विद्यार्थीलाई व्याख्यान वा विश्लेषणात्मक विधिबाट सहजीकरण गर्दा अपेक्षित सिप विकास गर्न सकिन्न । यसको लागि प्रयोगात्मक, अभ्यासात्मक तथा प्रदर्शन जस्ता विधिहरू आवश्यक हुन्छन्।

**वालमनोविज्ञान** : पाठ्यपुस्तक तथा कार्यपुस्तकद्वारा चित्रात्मक प्रस्तुतिबाट सिकिरहेका विद्यार्थीहरूलाई स्थानीय पाठ्यक्रम विना कुनै पाठ्यपुस्तक वा कार्यपुस्तकबाट पढ्नु पर्दा असहजताको अनुभूति हुनसक्छ।यस्तो अवस्थामा सर्वप्रथम विद्यार्थीको दैनिक जीवन तथा स्थानीय परिवेश अनुकूलको स्थानीय विषय शिक्षण गर्दा विद्यार्थीको उमेर, रूचि, व्यक्तिगत

क्षमता, पूर्वज्ञान, प्रवृत्ति आदिलाई ध्यान दिई सोही बमोजिमका सिकाइ सहजीकरण विधि उपयोगमा ल्याउनु पर्ने हुन्छ।

**स्रोत साधनको उपलब्धता** : स्थानीय विषयको सिकाइ सहजीकरण गर्दा शिक्षण विधि तथा रणनीति छनौटको सन्दर्भमा आर्थिक, मानवीय, भौतिक एवम् स्थानीयताको दृष्टिकोणले उपयुक्त हुने र स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको सहजतापूर्वक प्रयोग गर्न सकिने हिसावले छनौट गर्नु पर्दछ।

**विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति** : विद्यालयको वातावरण, विद्यार्थी तथा विद्यार्थी आउने समुदायको पृष्ठभूमिमा परिस्थिति सापेक्ष शिक्षण विधि तथा प्रविधिहरूको छनौट र उपयोगलाई ध्यान दिई शिक्षण सिकाइको योजना निर्माण गर्नपर्ने हुन्छ। विद्यालयमा के कस्ता शैक्षिक सामग्रीहरू उपलब्ध छन्। स्थानीय स्तरबाट थप सामग्रीहरू के कसरी उपलब्ध गराउन सकिन्छ शिक्षण सिकाइमा हाम्रो लागि कस्तो परिस्थिति विद्यमान छ। जस्ता कुराहरूको सही र सार्थक विश्लेषण गरी शिक्षण विधिको छनौट र प्रयोग गर्न सके स्थानीय विषयको सिकाइ सहजीकरण प्रक्रिया सहज रूपमा सञ्चालन गर्न सकिन्छ।

**शिक्षकको योग्यता, क्षमता, र रूचि** : स्थानीय विषय केवल पाठयक्रम र विभिन्न सन्दर्भ सामग्रीद्वारा पठनपाठन गर्नुपर्ने भएकोले शिक्षक योग्य भएर मात्र पुग्दैन। शिक्षकले आत्मविश्वासका साथ आवश्यक विधि तथा प्रविधि र शिक्षण सामग्रीको व्यवस्थापन गर्न पनि सक्रिय हुनु पर्छ। लगनशील र पेसासँग बफादार शिक्षकले मात्र इमान्दारी पूर्वक आवश्यक स्रोत सामाग्रीको व्यवस्थापन गरेर स्थानीय विषय पठनपाठन गर्न सक्ने भएकोले शिक्षकको क्षमता र आत्मविश्वास विकास गर्न स्थानीय विषयको पाठ्यक्रम तथा शिक्षण विधिको वारेमा यथोचित तालिमको व्यवस्था गर्नुपर्ने हुन्छ। स्थानीय परिवेश, सन्दर्भ र प्रसङ्ग स्थानीय विषयवस्तु स्वभावले नै स्थानीय परिवेश, स्थानीय सन्दर्भ र प्रसङ्ग सापेक्ष हुन्छ। विषयवस्तुको स्वरूप र अपेक्षित सिकाइ उपलब्धिलाई स्थानीय परिवेशसँग संयोजन गर्दै स्थानीय वातावरण

अनुकूल शिक्षण विधि र प्रविधिको छनौट गरी सिकाइ सहजीकरण गर्न सकिने भएकोले स्थानीय परिवेश र सन्दर्भलाई पनि विशेष ध्यान दिन आवश्यक हुन्छ।

**स्थानीय विषय शिक्षण गर्ने शिक्षकलाई सल्लाह र सुझाव**

स्थानीय पाठ्यक्रम स्थानीयता केन्द्रित हुन्छ।स्थानीय आवश्यकताको जगमा स्थानीय सरोकारवालाहरूको सक्रिय सहभागीतामा स्थानीय पाठ्यक्रम तयार हुन्छ।यो लचिलो प्रकृतिको हुने भएकोले समय, सन्दर्भ र आवश्यकताको आधारमा यसलाई सहजै परिस्कृत एवम् परिमार्जन गर्न पनि सकिन्छ। राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका विषय जुन स्थानीय सन्दर्भमा आवश्यक र महत्त्वपूर्ण छ, ति विषय क्षेत्रहरू नै स्थानीय पाठ्यक्रममा समेटिन्छन्। स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकताका कुराहरू समेटी आफ्नो मौलिक कला, संस्कृति र पेसासँग चासो बढाउन स्थानीय सरोकारवालाहरूको नै क्षमता अभिवृद्धि गर्दै स्थानीय तहमै निर्माण गरी कार्यानवयन गर्ने पाठ्यक्रम पनि हो। यो केन्द्रमुखी हुँदैन। यो विकेन्द्रित पाठ्यक्रम हो।स्थानीय आवश्यकतालाई दृष्टिगत गरी तयार गरिने स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्न त्यति सजिलो हुदैन। तर, सम्पूर्ण सरोकारवालाहरूको विश्वास जित्न सकेको खण्डमा यसको कार्यान्वयन त्यति गाह्रो पनि देखिदैन।यसको कारण के हो भने स्थानीय पाठ्यक्रम स्थानीय स्रोत साधनकै प्रयोग गरेर कार्यान्वयन गर्न सकिन्छ।पाठ्यक्रम तयार भएपछि पाठ्यपुस्तक नै नभए पनि पाठ्यक्रम कार्यान्वयन गर्न विद्यार्थी र शिक्षकको संयुक्त प्रयास हुँदा सजिलै सकिन्छ। नेपाल विविधताले भरिपूर्ण मुलुक हो।यहाँका प्रत्येक टोलटोल र गाउँगाउँमा फरक फरक संस्कृति, रीतिरिवाज र परम्परा पाइन्छन्। भौगालिक परिवेश, जातजाती, संस्कार एवम संस्कृति र मूल्यमान्यता पनि विविधता पाइन्छ। सल्यान जिल्ला सिद्ध कुमाख गाउँपालिकाको सन्दर्भमा पनि यो कुरा लागु हुन्छ। नेपालमा अपार स्रोत र सम्भावनाको भण्डार छ।हामीमा त्यसलाई पहिचान र व्यावसायीकरण गर्ने सिप र अभिवृत्तिको मात्र खाँचो छ।सिद्ध कुमाख गाउँपालिका पनि प्राकृतिक स्रोत साधन, पर्यटकीय सम्भावना, जातिगत विशिष्टताले धनि छ। प्रशस्त जनशक्ति भएर पनि तिनलाई आर्थिक

विकासको मूल धारमा ल्याउन सकिएको छैन। स्वरोजगरीको सिर्जना गर्नेभन्दा अरूले सिर्जना गरी दिएको रोजगरीमा मजदुरी गर्ने खालका जनशक्ति दिनानुदिन बढ्दै गइरहेको अवस्था छ। सिद्ध कुमाख गाउँपालिकाले विभिन्न पेसा एवम् व्यवसाय गर्न चाहने व्यक्तिहरूलाई आर्थिक सहायता, विना धितो सरल कर्जा वितरण जस्ता कार्यक्रमहरू अगाडि बढाईरहेको छ।तर पनि हालका वर्षमा समुदायका युवा शिक्षित बेरोजगारका रूपमा परिणत भइरहेका छन्। यस्तो अवस्था आउनु हाम्रो जस्तो विकासोन्मुख मुलुक र पालिकाका लागि विडम्बनाको कुरा हो। हाम्रो देशमा औद्योगिक क्षेत्र र सेवा क्षेत्र निकै सानो भएकाले यहाँ सीमित व्यक्तिले मात्र अवसर पाउन सक्ने अवस्था छ। स्थानीय स्रोत र साधन खेर गई कृत्रिम गरीबीको अवस्था सिर्जना भएको देखिन्छ। यस्ता कुरालाई राष्ट्रिय पाठ्यक्रमले समेट्न सम्भव हुँदैन। हो, हाम्रो सिद्ध कुमाख गाउँपालिका पनि उद्यम नगर्ने, बेरोजगार छु भन्ने तर भएको जमीन बाँझै राखेर तरकारी मूल्य बढ्यो भनेर सरकारलाई गाली गर्ने प्रवृत्ति विद्यमान छ।

हामीले विद्यार्थीलाई स्थानीय सामाजिक, आर्थिक, सांस्कृतिक एवम् धार्मिक अवस्था र महत्त्वका वारेमा पनि सिकाउनुपर्ने हुन्छ। स्थानीय स्रोत साधनको अधिकतम परिचालन गरी व्यक्तिलाई आर्थिक विकासमा सक्षम बनाउने कार्यमा स्थानीय पाठ्यक्रमको अहम् भूमिका रहेको हुन्छ। स्थानीय पेसा, व्यवसाय तथा जीविकोपार्जनमा विद्यार्थीलाई सहभागी गराउन पनि यो स्थानीय पाठ्यक्रम उपयोगी सिद्ध हुनेछ।त्यसैले यस्ता स्थानीय पक्षलाई समेटेर विद्यार्थीलाई सिकाउनको निम्ति यो स्थानीय पाठ्यक्रम तयार पारिएको हो। यस्तो पाठ्यक्रम कुनै एक विद्यालय वा नजिकका विद्यालयका समूहले मिलेर बनाई लागु गर्न सक्छन्। यो पाठ्यक्रमको नमुनामा कुनै स्थान विशेष नतोकिएको हुनाले केही सामान्य जस्तो देखिन्छ। स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका कतिपय विषयवस्तुहरू आवश्यक स्रोतसामग्रीहरूको खोजी गरी उपयोगमा ल्याउनुपर्ने हुन्छ। यसको लागि आवश्यक स्रोत साधनको खोजी गर्न समेत क्रियाशील हुन आवश्यक छ। विद्यार्थीले प्रत्यक्ष भाग लिएर वा सम्बन्धित व्यक्ति वा विज्ञ

व्यक्तिहरूसँग छलफल गरेर पाठ्यक्रमका निर्धारित ज्ञान, सिप र अभिवृति हासिल गर्न सक्नेछन् ।

स्थानीय विषयले निर्दिष्ट गरेको क्षेत्र, कम र उद्देश्यलाई केन्द्रविन्दुमा राखेर विद्यार्थीको व्यक्तिगत विभिन्नता र सामाजिक विविधता अनुरूपको पाठ्यवस्तुलाई प्रोत्साहन गर्ने, सान्दर्भिक स्थानीय विषयवस्तु र आवश्यकतालाई जोड्दै विद्यार्थीको सक्रिय सहभागीता बढाउन विशेष ध्यान दिने, स्थानीय पेसा, व्यवसाय, समाज, संस्कृति, भूगोल, जातिगत र भाषागत अवस्थाको आधारमा विद्यार्थीको अपनत्व हुनेखालको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने, पाठ्यक्रमको मर्म र भावना अनुसार कक्षागत रूपमा सामान्यबाट जटिलतर्फका विषयवस्तुहरूको सोपान मिलाएर शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने, कक्षाकोठाभित्र **सिकाइका लागि गर्न सकिने क्रियाकलापहरूः** समूह कार्य, छलफल, प्रश्नोत्तर, अन्तरक्रिया, व्याख्याको प्रयोग, अभिनय, नाटक आदिलाई शिक्षण सिकाइसँग जोड्दै सिकाइको प्रभावकारीतामा ध्यान दिने, कक्षाकोठा वाहिर सिकाइका लागि गर्न सकिने क्रियाकलापहरूः परियोजना कार्य, सामुदायिक कार्य, कार्यमूलक अनुसन्धान, क्षेत्र भ्रमण, प्रत्यक्ष अवलोकन, वाल अनुसन्धान, घट्ना अध्ययन, विभिन्न व्यक्तिहरूसँग प्रत्यक्ष कुराकानी, लक्षित समूह छलफल आदि पक्षमा पाठ्यक्रमका उद्देश्य सम्बन्धित गराई शिक्षण सिकाइ क्रियकालापलाई प्रभावकारी बनाउन प्रयत्नरत रहने, सिकाइलाई दिगो र उद्देश्यमूलक बनाउन विद्यार्थीलाई गरेर सिक्ने **(Learning By Doing)**सिद्धान्तको व्यवहारिक प्रयोगमा ध्यान दिने, मूल्याङ्कनका लागि पेपर-पेन्सिल टेस्ट भन्दा पनि निरन्तर अभ्यास एवम् परियोजना कार्य तथा विद्यार्थीको अभिव्यक्ति र व्यवहार परिवर्तनको अवस्थालाई ख्याल गर्ने, विभिन्न स्रोतसामग्री सङ्कलन गरी पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ सक्षमता प्राप्तिका लागि प्रयत्नशील रहने, मूल्याङ्कन गर्दा विद्यार्थीको कार्यलाई प्रशंसा गर्ने, सिर्जनात्मक अभिव्यक्ति र अभ्यासात्मक क्रियाकलापको जगमा विद्यार्थीले प्राप्त गरेको ज्ञान, सिप, अभिवृत्ति र व्यवहारिक पक्षलाई आँकलन गर्ने, स्थानीय विषय पढाउने शिक्षकहरूबीच अनुभव आदान-प्रदान गरी आइपरेका समस्याहरू हल

गर्न हर्दम क्रियाशील रहने,पाठ्यक्रमलाई समसामयिक बनाउन आवश्यकता महशुस भएको अवस्थामा पालिकास्तरीय छलफल गरी परिमार्जन गर्न पहल गर्ने, विद्यार्थीलाई उत्पादनसँग गाँस्दै श्रमलाई सम्मान गर्ने तथा अग्रजहरूको योगदानको कदर गर्दै असल आचरण, नैतिक मूल्यमान्यता, अनुशासन तथा सभ्यता सम्बन्धी पक्षहरूमा आफू र विद्यार्थी दुवैको भूमिकालाई समन्वयात्मक ढंगले विकास र विस्तार गर्न प्रयत्नशील रहने, आफ्नो परिवेश, स्थानीयता, जन्मभूमि, आफ्नो भाषा, संस्कृति, कलाकौशल, संस्कार, चाडपर्व, मूल्यमान्यता जस्ता पक्षहरू शिक्षण गर्दा आवश्यकतानुसार सम्बन्धित विषयमा जानकार व्यक्तिहरूलाई स्रोत शिक्षकको रूपमा बेलाबेलामा आमन्त्रण गरी अनुभव साटासाट गर्ने परिवेश निर्माण गर्ने। विपद् व्यवस्थापन र सुरक्षित विद्यालय सम्बन्धी समुचित जानकारी गराइ विद्यार्थीलाई विपदबाट बच्ने उपाय, व्यवस्थापन, कारण, प्रभाव तथा सुरक्षित विद्यालयको आवश्यकता र महत्त्वको सम्बन्धमा समेत छलफल, अनुभव साटासाट, अन्तरक्रिया, परियोजना कार्य, प्रत्यक्ष अवलोकन आदिको माध्यमले सुसूचित गराउन क्रियाशील रहने कार्यमा सहभागीतात्मक पद्धति अवलम्बन गर्नु पर्दछ।

## ८. मूल्याङ्कन प्रणाली

मूलतः स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका विषयवस्तुहरूको मूल्याङ्कन गर्न विद्यार्थीले प्राप्त गरेका उपलब्धिहरू परियोजना कार्यमार्फत गर्न सान्दर्भिक हुन्छ। पेपर-पेन्सिल टेस्टबाट मात्र स्थानीय विषयको उपलब्धि मूल्याङ्कन गर्दा पाठ्यक्रमले अपेक्षा गरेको सिकाइ उपलब्धि प्राप्त भए/नभएको यकिन गर्न कठिन हुन्छ। तर पनि विद्यार्थी मूल्याङ्कन पाठ्यक्रमको एक अभिन्न अङ्ग हो। यस अन्तर्गत विद्यार्थी मूल्याङ्कन र पाठ्यक्रम मूल्याङ्कन महत्त्वपूर्ण छन्। वर्तमान पाठ्यक्रमले कक्षा ७ सम्म विद्यार्थी मूल्याङ्कनमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई विशेष जोड दिएको छ। कक्षा १-३ मा शत प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कनको आधारमा, कक्षा ४-५ मा ५० प्रतिशत आन्तरिक मूल्याङ्कन र ५० प्रतिशत बाह्य मूल्याङ्कनका आधारमा मूल्याङ्कन गर्नु पर्ने प्रावधान छ । तर, यही शैक्षिक सत्र २०७७ देखि लागु भएको कक्षा १ को

एकिकृत पाठ्यक्रमले निरन्तर मूल्याङ्कनलाई समसामयिक परिमार्जन गरीसकेको छ। यसको लागि सक्षमतामा आधारित पाठ्यक्रमको अवधारणा अनुरूप विद्यार्थी मूल्याङ्कन गर्नुपर्ने हुन्छ। यसको अर्थ निश्चित समयावधिमा नभई नियमित, निरन्तर तथा कक्षा क्रियाकलापको अङ्गको रूपमा नै मूल्याङ्कनलाई प्रयोग गरीनुपर्छ भनिएको हो। स्थानीय पाठ्यक्रमको मूल्याङ्कन पनि यही आधारमा नै गर्नुपर्दछ। स्थानीय पाठ्यक्रमका विषयहरूमा विद्यार्थीहरूले पढेर भन्दा प्रत्यक्ष अवलोकन गरेर, पेसा व्यवसायका काम गरेर एवम् स्वयम् कार्य अभ्यासमा संलग्न भएर तथा सामाजिक र सामुदायिक गतिविधिमा सहभागी भएर सिक्दछन्। यस्तो सिकाइ प्रक्रियाको मूल्याङ्कन अनौपचारिक रूपमा निरन्तर गरीनु पर्दछ। यसका लागि प्रश्नोत्तर, छलफल, क्रियाकलापहरूको अवलोकन, अभिभावक वर्गको राय प्रतिक्रिया, विद्यार्थी वर्गकै साथी समूहको राय प्रतिक्रिया आदि उपयोगी हुन्छन्। विद्यार्थीहरूलाई स्थानीय सिप सिकाउने कुरालाई जोड दिने पाठ्यक्रम भएमा उत्पादन प्रणालीसँग आबद्ध गरी अभिभावकहरूको आय आर्जनमा पनि सहयोग पुग्न सक्छ। पाठ्यक्रम बमोजिम स्थानीय पाठ्यक्रमको पनि आवधिक परीक्षाहरू समेत लिई तोकिएका ढाँचामा प्रगति अभिलेक र पोर्टफोलियोहरू पनि राख्न पर्दछ। पाठ्यक्रमको समग्र मूल्याङ्कन भने पाठ्यक्रम निर्माण समूह, शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाहरू समेतको संयुक्त प्रयासमा अवलोकन, अन्तरक्रिया र छलफलबाट गर्न सकिन्छ। यो पाठ्यक्रम स्थानीय तहमै कार्यान्वयन गरिने भएकोले यसलाई निरन्तर अद्यावधिक  पनि गर्दै लान आवश्यक छ। आवश्यक ठानिएका विषयवस्तुहरू थप गर्दै र आवश्यक नठानिएका विषयवस्तुहरू हटाउदै जान पनि सकिन्छ।

स्थानीय विषयको मूल्याङ्कन गर्दा प्रत्येक विद्यार्थीहरूको कार्यसञ्चयीका व्यवस्थित गरी राख्न आवश्यक हुन्छ। विद्यार्थीको कक्षा कार्य, उपस्थिति, परियोजना कार्य, व्यवहार अवलोकनबाट देखिएको अपेक्षित परिवर्तन, उपलब्धि परीक्षा आदिलाई अध्यावधिक गर्दै सोही आधारमा विद्यार्थीको मूल्याङ्कन गरीनुपर्छ। विद्यार्थीको मूल्याङ्कनमा सिकाइ क्षेत्रमा प्राप्त भएको अपेक्षित ज्ञान, सिप, बुझाइ, व्यवहारलाई आवश्यकता अनुसार विश्लेषण, मूल्याङ्कन र सिर्जनशीलता

(Creativeness) लगायतका उच्च क्षमता परीक्षण गर्नका लागि साधन तथा प्रक्रियाको अवलम्वन गर्नुपर्छ।

यस स्थानीय पाठ्यक्रमको विद्यार्थी मूल्याङ्कन देहायका विधि र प्रक्रियाका आधारमा गरिने छ।

१) आधारभूत तहमा निर्माणात्मक र सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई मापन गरिने छ। आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेअनुसार यस पाठ्यक्रमको कार्यान्वयन र विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङ निर्देशिका २०७८ लाई अवलम्बन गरिने छ।

२) विद्यार्थीहरूको मूल्याङ्कन गर्दा आन्तरिक र बाह्य परीक्षाहरुमा मूल्याङ्कन गरिने छ।

३) स्थानीय विषयको पठनपाठनद्वारा विद्यार्थीहरूले आफै गरेर सिक्ने वा अवलोकन गरेर सिक्ने भएकोले नियमित रूपमा विद्यार्थीहरूले गरेर सिक्ने वा अवलोकन गरेर सिक्न तथा पृष्ठपोषण प्रदान गरी प्राप्त प्रतिवेदनको आधारमा मूल्याङ्कन गर्ने प्रक्रियालाई प्रोत्साहन गरिने छ।

४) प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका रहने छ र त्यसभित्र विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यवहार परिवर्तन, अवलोकन, हाजिरी, सामूहिक कार्यमा सक्रियताका अभिलेक राखी सोही आधारमा मूल्याङ्कन गरिने छ। कक्षा १-३ मा एकीकृत पाट्यक्रमको आधारमा मूल्याङ्कन गरिने छ। कक्षा १-३ को मूल्याङ्कन पश्चात् विद्यार्थीहरूको तह वा श्रेणी विभाजन गर्दा एकीकृत पाट्यक्रमको मूल्याङ्कन ढाँचा र प्रक्रिया अपनाई विद्यार्थीको सिकाइ उपलब्धिलाई GPA मा निर्धारण गरिने छ।

५) आधारभूत तहको (कक्षा कक्षा ६-८) मा ५०% बाह्य परीक्षा (वार्षिक परीक्षा) र ५०% आन्तरिक परीक्षा पद्धतिबाट विद्यार्थीको मूल्याङ्कन गरिने छ।आन्तरिक र बाह्य

दुबै मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीलाई कक्षोन्नति गरिने छ। लिखित मूल्याङ्कनको उत्तीर्णाङ्क ३५% हुनेछ र अक्षराङ्कन मूल्याङ्कन पद्धतिमा गरिनेछ।

६) विद्यार्थीहरूको मूल्ल्याङ्कन गर्दा ज्ञान तथा बोध तहका(knowledge and understanding) अति छोटा प्रश्नहरू, सामान्य बुझाइका आधारमा उत्तर दिने छोटा प्रश्नहरू समेट्नु पर्दछ। त्यसैगरी विश्लेषण गर्ने, अनुसन्धान गर्ने, विभिन्न सामानका नमुनाहरू बनाइ प्रस्तुत गर्ने, कुनै कामहरू आफै गर्न सक्ने र विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि सिप(Skill) तहका प्रश्नहरू समेट्नु पर्दछ। यसका साथै व्यवहारकौशल सिप/व्यवहार परिवर्तन (Behaviour Change)सँग सम्बन्धित किसिमका प्रश्नहरू समावेश गर्नुपर्ने छ।

७) प्रयोगात्मक तथा परियोजनामूलक क्रियाकलापको मूल्याङ्कन गर्दा अध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमुनाहरू बनाइ प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछ। यसभित्र विषयवस्तुको ज्ञान, बोध, सिपको क्षमता, बुझाइको प्रस्तुतीकरण, व्यवहार परिवर्तन जस्ता पक्षहरू समेट्नुपर्ने छ।

८) प्रयोगात्मक तथा परियोजनामूलक परीक्षा सञ्चालन गर्दा स्थानीय वातावरण, प्रदूषण, फोहोर व्यवस्थापन, रहनसहन, रीतिरिवाज, प्रकोप/विपद्, सामाजिक मूल्यमान्यता तथा स्थानीय पेसा व्यवसायलाई समेट्ने किसिमका क्रियाकलापहरू गराउनुपर्ने छ।

९) विद्यार्थी मूल्याङ्कन सम्बन्धी अन्य विधि र प्रक्रिया राष्ट्रिय पाठ्यक्रम प्रारूपमा उल्लेख गरेको प्रावधान प्रतिकूल नहुने गरी हुने छ।

**विद्यार्थी उपलब्धि स्तर र त्यसको सामान्य व्याख्या**

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य(Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| उच्च(Advanced) | ४ | माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

मूल्याङ्कन प्रक्रियालाई शिक्षण सिकाइको एक अभिन्न पक्ष/अङ्ग मानिएको सन्दर्भमा सुरूवाति चरणमा दैनिक कक्षा क्रियाकलापको रूपमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गरी सिकाइमा सुधार ल्याउने प्रयास गर्नुपर्दछ। दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि प्राप्त भयो वा भएन भनेर आवश्यकता अनुसार विभिन्न मूल्याङ्कनका साधनहरूको प्रयोग गरी विद्यार्थी मूल्याङ्कन गरी अभिलेखीकरण गर्नुपर्दछ। मूल्याङ्कन गर्दा विद्यार्थीको उपलब्धिस्तर यदि १ वा २ मात्र देखियो भने सुधारात्मक योजना बनाइ कम्तीमा पनि ३ सम्म उपलब्धि स्तर पुयाउनु पर्छ। विद्यार्थीहरू मध्ये सिकाइ उपलब्धि १ वा २ मात्र ल्याउने र ३ वा ४ ल्याउने विद्यार्थी पहिचान गरी सुधारात्मक शिक्षण सिकाइको माध्यमबाट १ वा २ सिकाइ उपलब्धिमा सुधार ल्याउन प्रयास गर्दागर्दै त्यो प्राप्त हुन सकेन भने अपेक्षित सिकाइ उपलब्धि प्राप्त हुन नसक्नुका अन्य कारणहरू खोजी सामाधानका उपायहरू पहिल्याउन शिक्षक क्रियाशील रहनुपर्दछ।

**स्तरीकृत औसत अङ्क निकाल्ने तरिका**

१. आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम अनुसार उपलब्धि प्रतिशत निकाल्ने तरिका आधारभूत तहको कक्षा १-३ को एकीकृत पाठ्यक्रमअनुसार प्रत्येक

विषयको क्षेत्रगत उपलब्धि प्रतिशत निम्नलिखित सूत्र प्रयोग गरी नियमित सिकाइ पश्चात् र थप सहायतापश्चात् गरी दुई पटक निकाल्नुपर्छ र उक्त थिमगत रूपमा निकालिएको प्रतिशतका आधारमा थिमगत रूपमा ग्रेड पनि दिन सकिन्छ ।

$$\text{थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धि स्तरको अङ्कको जोड}}{\mathbf{4} \times \text{थिममा रहेका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times 100$$

विषयको समग्र वार्षिक उपलब्धि निकाल्दा भने प्रत्येक विषयको प्रत्येक थिममा थप सहायता पश्चात् विद्यार्थीले प्राप्त गरेको अङ्कको योग निकाल्नुपर्छ। यसैअनुसार प्रत्येक थिममा विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धि प्रतिशत निकालेर तलको तालिका जस्तै थिमगत र जम्मा विषयक्षेत्रगत सिकाइ उपलब्धि प्रतिशत निकाल्नुपर्छ।

$$\text{जम्मा उपलब्धि प्रतिशत} = \frac{\text{सबै थिमहरूमा प्राप्त उपलब्धि स्तरको अङ्कको जोड}}{\mathbf{4} \times \text{सबै थिममा रहेका जम्मा सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times 100$$

६) कक्षा ४-५ मा ५०% आन्तरिक मूल्याङ्कन पद्धति (निर्माणात्मक पद्धति) र ५०% बाह्य मूल्याङ्कन (वार्षिक परीक्षा) बाट विद्यार्थीको मूल्याङ्कन गरिने छ। विद्यार्थीलाई कक्षोन्नति आन्तरिक र बाह्य दुवै पद्धतिका आधारमा गरिने छ।तर आन्तरिक र बाह्य मूल्याङ्कनमा बिषयगत छुट्टा छुट्टै कम्तिमा D+ ल्याउनु पर्ने छ।

७) आन्तरिक मूल्याङ्कनमा औसत उपलब्धि हासिल गरेका तर बाह्य मूल्याङ्कनमा अनुत्तीर्ण भएका विद्यार्थीहरूका हकमा सम्बन्धित अभिभावक, कक्षा वा विषय शिक्षक र प्रधानाध्यापकको निर्णयबाट कक्षोन्नति गर्न सकिने छ।

८) विद्यार्थीहरूको मूल्याङ्कन गर्दा ज्ञान तहमा अति छोटा प्रश्नहरू, बोध तहका छोटा प्रश्नहरू र उच्च तहका लामो उत्तर दिनुपर्ने किसिमका प्रश्नहरू समाबेश गर्नुपर्नेछ।

९) लेटर ग्रेडिङ पद्धति, २०७८ ले विद्यालय तहका पाठ्यक्रममा स्तरीकृत अङ्क र अक्षरमा उपलब्धि स्तर निर्धारण गर्ने निम्नानुसारका तरिका उल्लेख गरेको छ।

| क्र.सं. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धिस्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सो भन्दा माथि | ४.० | A+ | सर्वोत्तम |
| २ | ८० र सो भन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम |
| ३ | ७० र सो भन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट |
| ४ | ६० र सो भन्दा माथि७० भन्दा कम | २.८ | B | उत्तम |
| ५ | ५० र सो भन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक |
| ६ | ४० र सो भन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य |
| ७ | ३५ र सो भन्दा माथि ४० भन्दा कम | १.६ | D+ | आधारभूत |
| ८ | ३५ भन्दा कम | – | NG | अवर्गीकृत |

विद्यालय शिक्षाको वर्तमान पाठ्यक्रमले निर्देश गरेअनुसारको पाठ्यघण्टा तथा कार्यघण्टाःलाई आधार मानेर लेटर ग्रेडिङ निर्देशिकाले स्तरीकृत औसत अङ्क निकाल्ने व्यवस्था गरेको छ। विद्यालय तहमा पठनपाठन सञ्चालनका लागि सामान्यतया ६० मिनेटको एक पिरियड हुने छ तर विद्यालयले वार्षिक कार्यघण्टाः नघट्ने गरी समय व्यवस्थापन गर्न सक्ने व्यवस्था गरेको छ। पठनपाठन सञ्चालनका लागि खर्च भएको ३२ घण्टाको समयावधिलाई एक पाठ्यघण्टा मानिएको छ।मौजुदा पाठ्यक्रमले व्यवस्था गरेको पठनपाठनको समयावधिलाई पाठ्यघण्टामा रूपान्तरण गरी प्रमाणीकरण गर्नुपर्ने व्यवस्था गरिएको छ। यसै गरी पाठ्यघण्टा र क्रियाकलापका सन्दर्भमा शिक्षक र विद्यार्थी बीच प्रत्यक्ष सम्वाद र सहकार्य गरी गरिने सिकाइसम्वद्ध क्रियाकलाप र अतिरिक्त क्रियाकलापलाई पाठ्यघण्टामा गणना गर्नुपर्ने प्रावधान

छ। वाह्य मूल्याङ्कनका लागि लिइने परीक्षामा सहभागी हुन विद्यालय खुलेको वा पठनपाठन भएको कुल दिनको ७५ प्रतिशत हाजिरी भएको हुनुपर्ने छ। पाठ्यक्रममा प्रयोगात्मक कार्यका लागि निर्दिष्ट पाठ्यघण्टा अनुसार कक्षा सञ्चालन गर्दा सिकाइसम्बद्ध क्रियाकलाप तथा अतिरिक्त क्रियाकलापलाई आधार मानी मूल्याङ्कन गर्नुपर्नेछ।लेटर ग्रेडिङको कार्यान्वयनका लागि प्रत्येक विषयको उत्तरपुस्तिकाको परीक्षण र सम्परीक्षण अङ्कमा गर्नुपर्छ। परीक्षण र सम्परीक्षणबाट प्राप्त सैद्धान्तिक र आन्तरिकको छुट्टाछुट्टै अङ्कलाई अक्षर ग्रेडमा रूपान्तर गर्नुपर्छ। सम्बन्धित तह वा कक्षा पूरा गरेको विद्यार्थीले प्राप्त ग्रेड सिटका आधारमा सम्बन्धित तह वा कक्षा पूरा गरेको भएमा विद्यार्थीले पेसागत र प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर प्राप्त गर्ने छन्। अग्र अध्ययनका लागि भने सो तह वा कक्षा पूरा गरी स्तरीकृत औसत अङ्क **(GPA)** सहितको ग्रेड सिट र मूल प्रमाणपत्र आवश्यक पर्ने छ। विद्यार्थीले प्राप्त गरेको ग्रेडको व्याख्या पनि ग्रेडसिटमा उल्लेख गरिने छ। विद्यालयले नै ग्रेड सिट र प्रमाणपत्र उपलब्ध गराउनेछ। अग्र अध्ययनका लागि मूल प्रमाणपत्र अनिवार्य हुनेछ। मूल प्रमाण पत्र नलिई अग्र अध्ययन गरेमा समकक्षता प्रदान गरिने छैन। मूल प्रमाणपत्र प्राप्त गर्न नसकेका विद्यार्थीले तीन जति पटक NG आएपनि तीन बर्ष सम्म ग्रेड वृद्धि परीक्षामा संलग्न हुन पाउने छन् र ग्रेड वृद्धि परीक्षामा संलग्न हुने तथा आन्तरिक मूल्याङ्कनमा सहभागी भई वाह्य मूल्याङ्कनमा संलग्न हुन नसकेका विद्यार्थीको हकमा आन्तरिक तथा प्रयोगात्मक मूल्याङ्कनको अङ्क तिन वर्षसम्म कायम रहनेछ। दुई विषयभन्दा बढी जतिसुकै विषयमा तोकिएको ग्रेड प्राप्त गर्न नसकेमा वा ग्रेड वृद्धि परीक्षामा तोकिएको ग्रेड प्राप्त गर्न नसकेका परीक्षार्थी अर्को वर्षको सम्पूर्ण विषयको परीक्षामा संलग्न हुन वा सोही कक्षामा पुनः अध्ययन गर्न पाउने छन्। आन्तरिक मूल्याङ्कनमा तोकिएको ग्रेड प्राप्त नभई वार्षिक वा वाह्य परीक्षामा संलग्न भएको विद्यार्थीको परीक्षा रद्द हुन सक्नेछ। विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको कार्यान्वयन गर्नेमुख्य दायित्व विद्यालयको हो। यसका लागि विद्यालयले आवश्यकताअनुसार अभिमुखीकरण र छलफल गरी अवधारणगत स्पष्टता कायम

गर्नुपर्छ। प्रयोगात्मक कार्य, परियोजना कार्यलगायतका सिकाइसम्बद्ध क्रियाकलाप र अतिरिक्त क्रियाकलापमा विद्यार्थी उपलब्धिको विवरण अभिलेकअनुसार प्रमाणीकरण गरी उपलब्ध गराउने काम पनि विद्यालयले नै गर्नुपर्ने भएकाले लेटर ग्रेडिङको कार्यान्वयनमा प्रमुख भूमिका विद्यालय र शिक्षकको हुन्छ। लेटर ग्रेडिङ पद्धतिअनुसार विद्यार्थीको सिकाइ उपलब्धिको अभिलेखीकरणका लागि निम्नानुसारको ग्रेड सिट तथा अन्य व्यवस्था गरिएको छ।

**पाठ्यक्रम परिमार्जन**

मानिसका सामाजिक इच्छा, आकाङ्क्षा र आवश्यकताहरूको परिवर्तनसँगै आवश्यकता अनुसार यो पाठ्यक्रमलाई परिमार्जन र परिष्कृत गर्दै लिएरनेछ। यस क्षेत्रका प्राकृतिक, सामाजिक, साँस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको सकारात्मक सन्दर्भहरूको खोज, अनुसन्धान र अध्ययन गरिनेछ र प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लिएरने छ। परिवर्तित सन्दर्भलाई यस पाठ्यक्रमले निरन्तर सम्बोधन गर्दै अगाडि बढ्ने छ।

**अनुसूची १**

**स्थानीय विषयको थिमगत उपलब्धि विवरण**

**मूल्याङ्कन अभिलेखीकरण फाराम कक्षाः १**

**विद्यार्थीको नामः** **रोल नम्बरः**

**बिषयः स्थानीय**

१. सिद्ध कुमाखको परिचय

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाई पछिको मल्याङ्कन | | थप सहायता पछिको मूयाङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. आफू बसेको गाउँ वा टोलको नाम र वडा नम्बर बताई गाउँपालिकाको नक्सामा आफ्नो टोल देखाउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. आफूले पढ्ने विद्यालयको नाम, ठेगान भन्नुका साथै विद्यालय वरिपरिको वातावरण, घेरवार, भवन तथा कक्षाकोठाको वारेमा बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| **अभिभावकको दस्तखत** **शिक्षकको दस्तखत**<br>**मितिः** | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

## २. स्थानीय वातावरण र हाम्रो कर्तव्य

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाई पछिको मल्याङ्कन | | थप सहायता पछिको मूयाङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. स्थानीय चराहरूको नाम बताउन। | प्रश्नोत्तर | | | | |
| २. स्थानीय वन्यजन्तु र घरपालुवा जनावरहरूको नाम बताउन। | प्रश्नोत्तर | | | | |
| ३. स्थानीय स्तरमा पानीका स्रोतहरू तथा पानी प्रयोग कहाँ कहाँ हुन्छ भनि बताउन। | प्रश्नोत्तर | | | | |
| ४. स्थानीय स्तरमा पाइने वनस्पतिको नाम बताउन र फूल बगैंचाको अबधारणा बनाउन। | प्रश्नोत्तर | | | | |
| **अभिभावकको दस्तखत** **शिक्षकको दस्तखत**<br><br>**मितिः** | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

### ३. हाम्रा सम्पदाहरू

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाई पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूयाङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. पालिकामा भएका मुख्य प्राकृतिक सम्पदाहरूको नाम बताउन | प्रश्नोत्तर | | | | |
| २. पालिकामा भएका मुख्य धार्मिक स्थलहरूको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ३. पालिकामा भएका मुख्य ऐतिहासिक सम्पदाहरूको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ४. पालिकामा भएका मुख्य पर्यटकीय सम्पदाहरूको नाम बताउन | प्रश्नोत्तर | | | | |
| **अभिभावकको दस्तखत** **शिक्षकको दस्तखत**<br>**मितिः** | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

## ४. स्थानीय जातजाती, भाषा, धर्म र संस्कृति

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाई पछिको मल्याङ्कन | | थप सहायता पछिको मूयाङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. हाम्रा चाडपर्वहरूको नाम बताउन | प्रश्नोत्तर | | | | |
| २. हाम्रा मेलाहरूको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ३. हाम्रा नाचहरूको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ४. हाम्रा गीतहरूको नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| **अभिभावकको दस्तखत** **शिक्षकको दस्तखत**<br><br>**मितिः** | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

## ५. स्थानीय पेसा र व्यवसाय

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाई पछिको मल्याङ्कन | | थप सहायता पछिको मूयाङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. आफ्नो परिवारका सदस्यहरूले गर्ने पेसा बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. आफ्नो घरमा फल्ने आन्नबालीको नाम भन्न | प्रश्नोत्तर | | | | |
| ३. आफ्नो घरमा फल्ने तरकारीको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ४. आफ्नो सेरोफेरोमा फल्ने फलफूलहरूको नाम भन्न | प्रश्नोत्तर | | | | |
| **अभिभावकको दस्तखत** **शिक्षकको दस्तखत**<br>**मितिः** | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

## ६. मानवीय मूल्य र स्वास्थ्य शिक्षा

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाई पछिको मल्याङ्कन | | थप सहायता पछिको मूयाङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. अभिवादनको संस्कार सिकाउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. पाहुनाप्रति देखाउने संकार सिकाउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. घरमा पाक्ने स्वस्थ खानाको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ४. प्याकेटमा आउने अस्वस्थ खानाको नाम बताउन | प्रश्नोत्तर | | | | |
| **अभिभावकको दस्तखत** **शिक्षकको दस्तखत**<br>**मितिः** | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

## ७. विपदव्यवस्थापन

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाई पछिको मल्याङ्कन | | थप सहायता पछिको मूयाङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. हावाहुरी आउने सम्भावित समय र यसबाट हुनसक्ने क्षति बताउन | प्रश्नोत्तर | | | | |
| २. चट्याङ आउने सम्भावित समय र यसबाट हुनसक्ने क्षति बताउन | प्रश्नोत्तर | | | | |
| ३. आगलागी हुने सम्भावित समय र यसबाट हुनसक्ने क्षति बताउन | प्रश्नोत्तर | | | | |
| ४. सर्पले टोक्ने सम्भावित समय र यसबाट हुनसक्ने हुने खतरा बताउन | प्रश्नोत्तर | | | | |
| **अभिभावकको दस्तखत** **शिक्षकको दस्तखत**<br>**मितिः** | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

# अनुसूची २

## स्थानीय विषयको थिमगत उपलब्धि विवरण

## मूल्याङ्कन अभिलेखीकारण फराम कक्षाः २

**विद्यार्थीको नामः** **रोल नम्बरः**

**बिषयः स्थानीय**

१. सिद्ध कुमाखको परिचय

<table>
<tr><th rowspan="2">सिकाई उपलब्धि</th><th rowspan="2">मूल्याङ्कनको साधन</th><th colspan="2">नियमित पढाई पछिको मल्याङ्कन</th><th colspan="2">थप सहायता पछिको मूयाङ्कन</th></tr>
<tr><th>मिति</th><th>अङ्कन</th><th>मिति</th><th>अङ्कन</th></tr>
<tr><td>१. आफ्नो टोल र वडाको नाम बताउन</td><td>प्रश्नोत्तर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२. नजिकको बजारको नाम बताउन</td><td>प्रश्नोत्तर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३. बरपरको विद्यालयको नाम बताउन</td><td>प्रश्नोत्तर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br><br>मितिः</td><td colspan="2">विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड</td><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">उपलब्धि प्रतिशत</td><td></td><td></td><td></td></tr>
</table>

## २. स्थानीय वातावरण र हाम्रो कर्तव्य

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाई पछिको मल्याङ्कन | | थप सहायता पछिको मूयाङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्क | मिति | अङ्क |
| १. स्थानीय वन्यजन्तुहरूको नाम बताउन | प्रश्नोत्तर | | | | |
| २. स्थानीय वनस्पतिहरूको नाम वाताउन | प्रश्नोत्तर | | | | |
| ३. स्थानीय जडिबुटीको नाम भन्न | प्रश्नोत्तर | | | | |
| ४. पानीको स्रोत र प्रयोग हुने ठाउँ बताउन | प्रश्नोत्तर | | | | |
| **अभिभावकको दस्तखत** **शिक्षकको दस्तखत**<br><br>**मितिः** | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

## ३. हाम्रा सम्पदाहरू

<table>
<tr><td rowspan="2">सिकाई उपलब्धि</td><td rowspan="2">मूल्याङ्कनको साधन</td><td colspan="2">नियमित पढाई पछिको मल्याङ्कन</td><td colspan="2">थप सहायता पछिको मूयाङ्कन</td></tr>
<tr><td>मिति</td><td>अङ्कन</td><td>मिति</td><td>अङ्कन</td></tr>
<tr><td>१. पालिकामा भएका मुख्य प्राकृतिक सम्पदाहरूको नाम बताउन</td><td>प्रश्नोत्तर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२. पालिकामा भएका मुख्य धार्मिक स्थलहरूको नाम बताउन</td><td>प्रश्नोत्तर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३. पालिकामा भएका मुख्य ऐतिहासिक सम्पदाहरूको नाम बताउन</td><td>प्रश्नोत्तर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४. पालिकामा भएका मुख्य पर्यटकीय सम्पदाहरूको नाम बताउन</td><td>प्रश्नोत्तर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br><br>मितिः</td><td colspan="2">विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड</td><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">उपलब्धि प्रतिशत</td><td></td><td></td><td></td></tr>
</table>

## ४. स्थानीय जातजाती, भाषा, धर्म र संस्कृति

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाई पछिको मल्याङ्कन | | थप सहायता पछिको मूयाङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. आफ्नो टोलमा बस्ने मुख्य जातिहरूको नाम बताउन | प्रश्नोत्तर | | | | |
| २. हाम्रा पुर्खाले बोलेको खस भाषाको वारेमा उत्सुक्ता देखाउन | प्रश्नोत्तर | | | | |
| ३. स्थानीय चाडपर्वको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ४. स्थानीय परम्परागत वाजाहरूको नाम बताउन | प्रश्नोत्तर | | | | |
| **अभिभावकको दस्तखत** **शिक्षकको दस्तखत**<br>**मितिः** | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

## ५. स्थानीय पेसा र व्यवसाय

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाई पछिको मल्याङ्कन | | थप सहायता पछिको मूयाङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. आफ्नो घरमा वा छरछिमेकमा पालिने पशुपंक्षीहरूको नाम बताउन | प्रश्नोत्तर | | | | |
| २. आफ्नो घरपरिवार तथा छिमेकीहरूले गर्ने पेसा व्यवसायको नाम भन्न | प्रश्नोत्तर | | | | |
| ३. आफ्नो सेरोफेरोमा फल्ने अन्नबालीको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ४. आफ्नो सेरोफेरोम फल्ने फलफूलहरूको नाम बताउन | प्रश्नोत्तर | | | | |
| **अभिभावकको दस्तखत** **शिक्षकको दस्तखत** **मितिः** | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

## ६. मानवीय मूल्य र स्वास्थ्य शिक्षा

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाई पछिको मल्याङ्कन | | थप सहायता पछिको मूयाङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. परम्परागत रूमा चल्दै आएका खाना र खाना खाने बेलामा पालन गरिने असल संस्कारहरूको नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. स्वस्थकर घरमा पाईने खानाको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ३. शिक्षकहरूप्रति गरिने असल संस्कार प्रर्दशन गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. घरायसी कामकाजमा सहयोग प्रति सकारात्मक बन्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| **अभिभावकको दस्तखत** **शिक्षकको दस्तखत**<br><br>**मितिः** | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

## ७. विपदव्यवस्थापन

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाई पछिको मल्याङ्कन | | थप सहायता पछिको मूयाङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. पहिरो जाने समय र सम्भावित ठाउँको वारेमा बताउन | प्रश्नोत्तर | | | | |
| २. हावा हुरि आउने समय बताउन | प्रश्नोत्तर | | | | |
| ३. आगलागी हुने समय र स्थान बताउन | प्रश्नोत्तर | | | | |
| ४. रूखबाट खस्ने सम्भावित कारण बताउन | प्रश्नोत्तर | | | | |
| **अभिभावकको दस्तखत** **शिक्षकको दस्तखत**<br>**मितिः** | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

## अनुसूची ३
## स्थानीय विषयको थिमगत उपलब्धि विवरण
## मूल्याङ्कन अभिलेखीकारण फराम कक्षाः ३

**विद्यार्थीको नामः** **रोल नम्बरः**

**बिषयः स्थानीय**

**१. सिद्ध कुमाखको परिचय**

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाई पछिको मल्याङ्कन | | थप सहायता पछिको मूयाङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. आफ्नो वडाको वडा नम्बर, ठेगान र वडाबाट दिईने सामान्य सेवाहरू बताउन | प्रश्नोत्तर | | | | |
| २. आफू बसेको ठाउँको मौसम कुन कुन महिनामा कस्तो कस्तो हुन्छ भनि बताउन। | प्रश्नोत्तर | | | | |
| ३. आफ्नो वडाको सबै भन्दा ठुलो बजारको जाने आउने दुरी, पाईने सामानहरू (कपडा, खाध्यान्न......) आदि बताउन | प्रश्नोत्तर | | | | |
| ४. आफ्नो नजिकै माध्यमिक विद्यालयको वारेमा संक्षिप्त | प्रश्नोत्तर | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| जानकारी दिन | | | | | |
| **अभिभावकको दस्तखत** **शिक्षकको दस्तखत**<br><br>**मितिः** | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

## २. स्थानीय वातावरण र हाम्रो कर्तव्य

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाई पछिको मल्याङ्कन | | थप सहायता पछिको मूयाङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. घर बगैँचाको परिचय दिन | प्रश्नोत्तर | | | | |
| २. पानीको स्रोत संरक्षणको महत्त्व बताउन | प्रश्नोत्तर | | | | |
| ३. स्थानीय जडिबुटीको नाम भन्न | प्रश्नोत्तर | | | | |
| ४. स्थानीय चराहरू र जनावरहरूको नाम बताउन | प्रश्नोत्तर | | | | |
| **अभिभावकको दस्तखत** **शिक्षकको दस्तखत**<br><br>**मितिः** | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

## ३. हाम्रा सम्पदाहरू

<table>
<tr><th rowspan="2">सिकाई उपलब्धि</th><th rowspan="2">मूल्याङ्कनको साधन</th><th colspan="2">नियमित पढाई पछिको मल्याङ्कन</th><th colspan="2">थप सहायता पछिको मूयाङ्कन</th></tr>
<tr><th>मिति</th><th>अङ्कन</th><th>मिति</th><th>अङ्कन</th></tr>
<tr><td>१. पालिका भित्र रहेका धार्मिक स्थलहरूको सूची बनाई तिनीहरूको महत्त्व बताउन</td><td>प्रश्नोत्तर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२. पालिका भित्र रहेका ऐतिहासिक स्थलहरूको सूची बनाई तिनीहरूको महत्त्व बताउन</td><td>प्रश्नोत्तर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३. पालिका भित्र रहेका पर्यटकीय स्थलहरूको सूची बनाई तिनीहरूको महत्त्व बताउन</td><td>प्रश्नोत्तर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४. पालिका भित्र रहेका प्राकृतिक सम्पदाहरूको सूची बनाई तिनीहरूको महत्त्व बताउन</td><td>प्रश्नोत्तर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मितिः</td><td colspan="2">विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड</td><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">उपलब्धि प्रतिशत</td><td></td><td></td><td></td></tr>
</table>

## ४. स्थानीय जातजाती, भाषा, धर्म र संस्कृति

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाई पछिको मल्याङ्कन | | थप सहायता पछिको मूयाङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. आफ्नो पालिकामा रहेका जातिहरूको नाम बताउन | प्रश्नोत्तर | | | | |
| २. खस भाषाको महत्त्व बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३.हाम्रा पौराणिक भेषभूषाको सूची बनाउन | प्रश्नोत्तर | | | | |
| ४. हाम्रा स्थानीय चाडपर्वको महत्त्व बताउन | प्रश्नोत्तर | | | | |
| **अभिभावकको दस्तखत** **शिक्षकको दस्तखत** <br> **मितिः** | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

## ५. स्थानीय पेसा र व्यवसाय

<table>
<tr><td rowspan="2">सिकाई उपलब्धि</td><td rowspan="2">मूल्याङ्कनको साधन</td><td colspan="2">नियमित पढाई पछिको मल्याङ्कन</td><td colspan="2">थप सहायता पछिको मूयाङ्कन</td></tr>
<tr><td>मिति</td><td>अङ्कन</td><td>मिति</td><td>अङ्कन</td></tr>
<tr><td>१. स्थानीय स्तरमा पालिने पशुपंक्षीहरूको महत्त्व बताउन</td><td>प्रश्नोत्तर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२. पालिकामा हुने फलफूल जस्तै सुन्तला, बेलौति, काफल हरू हुने ठाउँ बताउन</td><td>प्रश्नोत्तर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३. पालिका भित्रका कुनकुन ठाउँमा कुन कुन तरकारी खेती हुन्छ भनि बताउन।</td><td>प्रश्नोत्तर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४. पालिका भित्रका कुनकुन ठाउँमा कुन कुन अन्नबाली खेती हुन्छ भनि थाहा पाउन।</td><td>प्रश्नोत्तर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मितिः</td><td colspan="2">विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड</td><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">उपलब्धि प्रतिशत</td><td></td><td></td><td></td></tr>
</table>

## ६. मानवीय मूल्य र स्वास्थ्य शिक्षा

<table>
<tr><th rowspan="2">सिकाई उपलब्धि</th><th rowspan="2">मूल्याङ्कनको साधन</th><th colspan="2">नियमित पढाई पछिको मल्याङ्कन</th><th colspan="2">थप सहायता पछिको मूयाङ्कन</th></tr>
<tr><th>मिति</th><th>अङ्कन</th><th>मिति</th><th>अङ्कन</th></tr>
<tr><td>१. ठूलालाई सम्मान र सानालाई माया गरी अनि आदरार्थी भाषा प्रयोग गर्न</td><td>प्रश्नोत्तर र अवलोकन</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२. घरायसि कामकाजमा अभिभावकहरूलाई सहयोग गर्दा हुने फाईदा बताउन</td><td>प्रश्नोत्तर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३. जंकफूडको बेफाईदा बताउन</td><td>प्रश्नोत्तर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४. अपाङ्ग र असक्तलाई सहयोग गर्ने तरिका बताउन</td><td>प्रश्नोत्तर र अवलोकन</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br><br>मितिः</td><td colspan="2">विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड</td><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">उपलब्धि प्रतिशत</td><td></td><td></td><td></td></tr>
</table>

## ७. विपद व्यवस्थापन

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाई पछिको मल्याङ्कन | | थप सहायता पछिको मूयाङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. आगलागी हुने समय र स्थान बताउन | प्रश्नोत्तर | | | | |
| २. भिरबाट खस्ने सम्भावित कारण बताउन | प्रश्नोत्तर | | | | |
| ३. हावा हुरी आउने समय बताउन | प्रश्नोत्तर | | | | |
| ४. पहिरो जाने समय र सम्भावित ठाउँको वारेमा बताउन | प्रश्नोत्तर | | | | |
| ५. प्रकोप र विपदको सामन्य परिचय बताउन | प्रश्नोत्तर | | | | |
| **अभिभावकको दस्तखत** **शिक्षकको दस्तखत**<br><br>**मितिः** | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

## विद्यार्थी मूल्याङ्कन (कक्षा ४-८)

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाई उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न आन्तरिक र बाह्य दुबै किसिमका मूल्याङ्कन गरिने छ। आन्तरिक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणको माध्यमबाट विद्यार्थीको सिकाईमा सुधार गर्नु हो।सिकाइका लागि गरिने यस्ता आन्तरिक मूल्याङ्कन शिक्षण सिकाई प्रक्रयाको अभिन्न अङ्गको रूपमा रहनु पर्दछ। आन्तरिक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि बिभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्दछ। आन्तरिक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्य सम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, हाँजिरी, त्रैमासिक परीक्षाहरू, लगायतका साधन प्रयोग गर्न सकिन्छ।

विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाई उपलव्धि विद्यार्थीले हासिल गरेको सिकाई स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रस्नोत्तर, व्यवहारअवलोकन लगायतका तरिका प्रयोग गर्न सकिन्छ। यसका लागि बिभिन्न तहका सिकाई क्षमता मापन गर्ने प्रश्नहरू, व्यवहारिक समस्या लगायत कक्षा सहभागीता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विधार्थीको सहभागीता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाई उपलब्धिमा विद्यार्थीको सिकाई स्तर मूल्याङ्कन गर्न प्रयोग हुन सक्ने साधनहरू हुन। यस्तो मूल्याङ्कन विषयबस्तुको प्रत्यक क्षेत्र वा एकाईको सिकाई पश्चात गरी सो क्षेत्र वा एकाई अन्तरगतका मुख्य सिकाई उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण बिभिन्न साधनहरूको प्रयोगबाट गर्नु पर्छ।यसरी सिकाई उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाई स्तर हासिल गरेको नपाईएमा सुधारात्मक सिकाईको अबसर प्रदान गरी पनः परीक्षण गरी न्युनतम सिकाई स्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको अबसर प्रदान गर्नु पर्दछ। पटक पटकको सुधारात्मक सिकाई पश्चात पनि न्यूनतम स्तरको सिकाइ हासिल गर्न नसक्ने

बिद्यार्थीका लागि उपचारात्मक सिकाईको योजना निर्माण गरी त्यस्ता विद्यार्थीहरूलाई सहयोग गर्नुपर्दछ।

**आन्तरिक मूल्याङ्कन**

आन्तरिक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेखीत गर्नुपर्छ। यसका लागि आन्तरिक मूल्याङ्कनलाइ अभिलेखीत गरी प्रत्यक विद्यार्थीको कार्यसञ्चयिका (portfolio) ब्यबस्थित गरी राख्नुपर्दछ। यस्तो अभिलेखका आधारमा निम्न लिखित पक्षमा तोकिय अनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समाबेस गरिने छ।

| सि. न. | मूल्याङ्कनका पक्ष | अंक भार |
|---|---|---|
| १ | सहभागीता | ४ |
| २. | प्रयोगात्मक/परियोजना | ३६ |
| | (क) प्रयोगात्कम तथा परियोजना कार्यको तयारी | ६ |
| | (ख) प्रयोगात्कम तथा परियोजना कार्य सञ्चालन र प्रतिवेदन/ चार्ट तयारी/चित्र/तलिका तयारी र अभिलेखीकरण | २० |
| | (ग) परियोजना कार्य तथा प्रयोगात्मक कार्यको प्रतिवेदन प्रस्तुतीकरण | ६ |
| | (घ) अन्तर्बार्ता | ४ |
| ३. | त्रैमासिक परिक्षा | १० |
| | जम्मा | ५० |

आन्तरिक मूल्याङ्कनको कुल पूर्णाङ्कको ५०% आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनबाट समाबेस गरिने छ भने बाह्य परीक्षामा बाँकी ५०% अङ्क समाबेस गरिने छ।

**द्रष्टव्यः**

- सहभागीता अन्तरगत उपस्थिति तथा सिकाईमा सहभागीता र सक्रियता पर्दछन।
- त्रैमासिक परीक्षालाई ५०% अङ्कभारमा सञ्चालन गरी तोकियको १०% अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ।
- त्रैमासिक परीक्षामा सुरू देखि पठनपाठन भएका सबैपाठ तथा एकाईबाटवाह्य परीक्षाको बिशिष्टिकरण तालिकालाई आधार मानेर प्रश्न निर्माण गरी परीक्षा सञ्चालन गर्नुपर्ने छ।
- एक शैक्षिक सत्रमा दुईवटा त्रैमासिक परीक्षा सञ्चालन गर्नुपर्ने छ। उक्त परीक्षाको नतिजालाई आन्तरिक मूल्याङ्कनमा समावेश गर्नु पर्ने छ।
- वार्षिक रूपमा विद्यार्थीलाई ग्रेड सिट प्रदान गर्दा आन्तरिक मूल्याङ्कनको ५०% अङ्कभारको छुट्टै तथा वाह्य परीक्षाको ५०% अङ्कभारको छुट्टै ग्रेड कायम गरी आन्तरिक र वाह्य मूल्याङ्कन दुबैको औषत ग्रेड पोईन्ट (Grade Point Average-GPA) कायम हुने गरी ग्रेड सिट तयार गर्नुपर्ने छ।

साथै विद्यार्थी मूल्याङ्कन गर्दा अपाङ्गता भएका र बिशेष सिकाई आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनु पर्नेछ।

**कक्षा ४–८ को वार्षिक अभिलेखीकरण निम्न अनुसार राख्न सकिन्छ ।**

## कक्षा ४ देखि ८ को वार्षिक अभिलेखीकरण

| क्र.स | विषय | आन्तरिक मूल्यांकनको अंकभार | | | | | अन्तिम मूल्यांकनको अंकभार |
|---|---|---|---|---|---|---|---|
| | | सहभागिता बापत प्राप्त अङ्कभार | प्रयोगात्मक तथा परियोजना कार्यबापत प्राप्त अङ्कभार | त्रैमासिक परीक्षामा प्राप्त अङ्कभार | | जम्मा प्राप्त अङ्कभार | |
| | | | | पहिलो त्रै. | दोस्रो त्रै. | | |
| १ | नेपाली | ३ | ३३ | ४.५ | ४.५ | ४५ | ४० |
| २ | अङ्ग्रेजी | ३ | २७ | ३.५ | २.५ | ३६ | ४३ |
| ३ | गणित | २.५ | ३० | ३.५ | ४ | ४० | ४५ |
| ४ | विज्ञान तथा प्रविधि | ३.५ | ३३ | ५ | ४.५ | ४६ | ४२ |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ३ | २८ | ४ | ३ | ३८ | ३५ |
| ६ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३.५ | ३२ | ४.५ | ४ | ४४ | ४१ |
| ७ | स्थानीय विषय | ३ | ३१ | ४ | ४ | ४२ | ४४ |

## आबधिक/वाह्य मूल्याङ्कन

बाह्य मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५०% हुनेछ। प्रत्यक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरूदेखि पढाई भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ।यस विषयको परीक्षामा बिशेष गरेर ज्ञान, सिप, बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन।पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य अनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरीन्छ। अन्तिम परीक्षको प्रश्नपत्र निर्माण गर्दा तपसिलको विशिष्टीकरण तालिकाको आधारमा गरिने छ।यस पाठ्यक्रममा कक्षा ४-८ को विशिष्टीकरण तालिका विकास भएको छ।यसलाई आधार मानेर अम्तिम परीक्षाको प्रश्नपत्र बनाई मूल्याङ्कन गर्नुपर्ने छ।

# अनुसूची-४
# विशिष्टीकरण तालिका

**कक्षा ६-८** **पूणाङ्कः ५०** **समयः २ घण्टा**

| प्रश्न योजना तथा अङ्कभार वितरण | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| एकाइ | क्षेत्र | पाठ्यघण्टा | पूर्णाङ्क | ज्ञान 20% | | | बोध 30% | | | प्रयोग 30% | | | उच्च दक्षता 20% | | | जम्मा प्रश्न संख्या | | | जम्मा पाठ्यघण्टा | | | जम्मा अङ्क |
| | | | | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | |
| १ | सिद्ध कुमाखको परिचय | १३ | ५ | १ | १ | | | १ | | | | | | | | १ | २ | | १ | ४ | | ५ |
| २ | स्थानीय वातावरण र हाम्रो कर्तव्य | २० | ८ | | | | | १ | १ | १ | | | १ | | | २ | १ | १ | | ४ | ४ | ८ |
| ३ | हाम्रो सम्पदाहरू | २० | ८ | | | | | १ | | | | | | १ | १ | | २ | १ | | ४ | ४ | ८ |
| ४ | स्थानीय जातजाती, भाषा, धर्म र संस्कृति | २० | ८ | | १ | | १ | | | | | १ | १ | | | २ | १ | १ | २ | २ | ४ | ८ |
| ५ | स्थानीय पेसा र व्यवसाय | १५ | ६ | १ | १ | | | | | १ | १ | | | | | २ | २ | | २ | ४ | | ६ |
| ६ | मानवीय मूल्य र स्वास्थ्य शिक्षा | १५ | ६ | | | १ | | १ | | | | | | | | | १ | १ | | २ | ४ | ६ |
| ७ | विपदव्यवस्थापन | १२ | ४ | | | | | १ | | | १ | | | | | | २ | | | ४ | | ४ |
| ८ | व्यवहारिक लेखन | १३ | ५ | १ | | | | | | | | १ | | | | १ | | १ | १ | | ४ | ५ |
| जम्मा | | १२८ | ५० | ३ | ३ | १ | १ | ५ | १ | २ | २ | २ | २ | १ | १ | ८ | ११ | ५ | ८ | २२ | २० | ५० |

# अनुसूची-५
## विशिष्टीकरण तालिका

**कक्षा ४ र ५** **पूणाङ्कः ५०** **समयः २ घण्टा**

| प्रश्न योजना तथा अङ्कभार वितरण | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| एकाई | क्षेत्र | पाठ्यघण्टा | पूर्णाङ्क | ज्ञान 20% | | | बोध 30% | | | प्रयोग 30% | | | उच्चदक्षता 20% | | | जम्मा प्रश्न संख्या | | | जम्मा पाठ्यघण्टा | | | जम्मा अङ्क |
| | | | | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | |
| १ | सिद्ध कुमाखको परिचय | १३ | ५ | १ | १ | | | १ | | | | | | | | १ | २ | | १ | ४ | | ५ |
| २ | स्थानीय वातावरण र हाम्रो कर्तव्य | २० | ८ | | | | | १ | १ | १ | | | १ | | | २ | १ | १ | २ | २ | ४ | ८ |
| ३ | हाम्रो सम्पदाहरू | २५ | १० | | | | | १ | | | १ | | | १ | १ | | ३ | १ | | ६ | ४ | १० |
| ४ | स्थानीय जातजाती, भाषा, धर्म र संस्कृति | २० | ८ | | १ | | १ | | | | | १ | १ | | | २ | १ | १ | २ | २ | ४ | ८ |
| ५ | स्थानीय पेसा र व्यवसाय | १५ | ६ | १ | १ | | | | | १ | १ | | | | | २ | २ | | २ | ४ | | ६ |
| ६ | मानवीय मूल्य र स्वास्थ्य शिक्षा | २० | ८ | | १ | | | | | | १ | १ | | | | | २ | १ | | ४ | ४ | ८ |
| ७ | विपदव्यवस्थापन | १५ | ५ | | | | | | १ | | | | १ | | | १ | | १ | १ | | ४ | ५ |
| जम्मा | | १२८ | ५० | २ | ४ | | १ | ३ | २ | २ | ३ | २ | ३ | १ | १ | ८ | ११ | ५ | ८ | २२ | २० | ५० |

## अनुसूची ६

| विषय क्षेत्र | विषयबस्तुहरू |
|---|---|
| १ सिद्ध कुमाखको परिचय | • मेरो ठेगाना<br>• मेरो विद्यालय<br>• वरिपरिका विद्यालय<br>• मेरो गाउँटोल<br>• गाउँपालिकाको परिचय<br>• स्थानीय बाटोः रासी राजमार्गले ढोरचौर दखि मोखलासम्म छोएको, ढोरचौर देखि उचाल्ने-दह/उचाल्ने– छापडाँडा- घरेली, उचाल्ने-खार्बन-सागिने, उचाल्ने-चिनाली, ढोरचौर- डाँडाकटेरी- कालालेक- चिनाली- कालालेक- फलाटे- उचाल्ने, कालालेक- भङ्गाचौर- कुमाख, कालालेक- भङ्गाचौर- भडारे- खानीगाउँ, चाखिलघाट- त्रिबेणी- कागखोला- कुमाख (लुम्बिनी रारा राजमार्ग), चाखिलघाट-त्रिवेणी-खानीगाउँ,चाखिलघाट-त्रिवेणी-भडारे-टाकुरागाउँ, कुमाख, ढोरचौर झारगाउँ- माझखर्क-राम्री, बेलौतिवारी- तल्लो बाँझकाँडा-उपल्लो बाँझकाँडा,<br>• स्थानीय बजारः ढोरचौर, चाख्लीघाट, मोखला, पटारे, उचाल्ने, चिनाली, छापडाँडा, कालालेक, खार्बन, सागिने, फलाटे<br>• स्थानीय हावापानीः हिउँदमा धेरै जाडो नहुने र गर्मीमा पनि त्यति धेरै गर्मी नहुने, हिमपातको समयमा लेकाली भेगमा हिमपात हुने<br>• पालिकाको सिमानाः पूर्बमा वागचौर न. पा. उत्तरमा कुमाख गा.पा., पश्चिममा वनगाड कुभिण्डे र दक्षिणमा शारदा नगरपालिका<br>• जनप्रतिनीधिः अध्यक्ष र उपाध्यक्ष दुबै पुरूस, वडा न १ देखि ५ सम्म ५ जना वडा अध्यक्ष सहित २७ जना जनप्रतिनीधि,<br>• पालिकाबाट प्रासहुने सेवाः शिक्षा, स्वास्थ्य, कृषि,पशु, रोजगार, योजना लगायत विपदमा परेकालाई राहत तथा उध्दार, |

| | |
|---|---|
| | उपाध्यक्षको संयोजकत्वमा न्यायीक समितिको कार्य, सामाजिक सुरक्षा भत्ता<br>• पालिकाको भौगोलिक बनावट<br>• पालिकामा रहेका सार्बजनिक कार्यालयहरुः रेडक्रस उपसाखा ढोरचौर, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य चौकी, स्वास्थ्य एकाइ, वडामा रहेको पशु स्वास्थ्य इकाइ,पालिकाभित्रका विद्यालय<br>• जनप्रतिनीधिहरूको काम कर्तव्य र अधिकार<br>• पालिकाको जनसङ्ख्या तथ्याङ्क<br>• पालिकाको नक्सामा मेरो टोल<br>• जिल्लाको नक्सामा मेरो पालिका<br>• मेरा छिमेकी पालिका<br>• सल्यान जिल्लाका स्थानीय तह<br>• पालिका नामाकरणको पृष्ठभूमि |
| **२ स्थानीय वातावरण र हाम्रो कर्तव्य** | • स्थानीय चरा तथा वन्यजन्तुः ढुकुर, जुरेली, कोईली, कालिज, तिर्था, काग, भगेरा, मैना, कालेकल्चु,भ्याकुर,भद्राई, तुलीगाडा, परेवा, घामेचरी, सेगुन, वाज, चिल, गिद्ध,न्याउनी, फाप्रेचरी, चिभे, वाँसकसेरा, लामपुच्छे, हुचुरो, लाटो कोसेरो,<br>• बन्यजन्तुः वादर, दुम्सी, घोरल, राते, गुना, स्याल, वनबिरालो, न्याउरी, लोखर्के,कोइरालो, ब्बाँसो, सर्प, छेपारो, बदेल, गोरो<br>• स्थानीय वनस्पति/बनः साल, सल्लो, चिउरी पिपल बर, धाइरो, लालीगुँरास, सिमल पैयुँ, बाँस, निगालो, बाँझ खर्सु, ओखर, काफल, चुथ्रा, ऐसेलु, अगेरू, काउलो, कटुस, मेल, स्याउ, जामुन, जम्मु, मलेवा, भुटकुरो, दतिवन, वनमारा, दालचिनी, भिमल<br>• वनस्पति र फुल बगैंचा निर्माण<br>• घर बगैंचा<br>• स्थानीय जडिबुटीः टिमुर, समयो, सिल्पुजरा, चोथ्रा, हरजरो, |

| | |
|---|---|
| | तितेपाति, तिते, ब्रुस्रेजरी, कालोबेसार, असुरो, वाईअदुवा, रगत जरी, हर्रो, बर्रो, अमला, महामिरो, गुर्जो, अदुवा, वेसार, दालचिनी, भागेचुक, बटुलेरी, बिरोलकानो, कुरिलो, पुदिनो, बोजो, घोरटाप्रे, अलैची, घ्युकुमारी, रूदिलो, सिउडि, आँक रतनझोता<br>• वातावरण संरक्षण को परिचय<br>• वातावरण संरक्षणमा विद्यालय र विद्यार्थी र समुदायको भूमिका<br>• पानीको संरक्षण गर्ने उपाय<br>• जलवायु परिवर्तनबाट स्थानीय तहमा देखिएको असर<br>• प्राकृतिक स्रोतको संरक्षण<br>• जलश्रोतः शारदा नदि, घट्टेखोला, जुम्लेधारा, हम्पाल खोला, पटारेखोला, कजेरीखोला, समाराखोला, खार्बनजिउला, वेलखोला, गामखोला, चाख्लीघाट, भालुखोला, ढारवास, फलाटेखोला, खानीखोला<br>• हरियाली प्रबर्धनः सामुदायिक वन, कवुलियत वन, सुन्तला बगैंचा, टिम्मुर बगैंचा, जलामारे सामुदायिक वन, सिमखोली सामुदायिक वन, सुलेसी सामुदायिक वन, तामाखानी सामुदायिक वन बस्नेँढुंगा सामुदायिक वन, नारायणी कबुलियत वन<br>• दिगो बिकासः लैङ्गिक समानता, मर्यादित रोजगार तथा आर्थिक बृद्धि, असमानता न्यूनीकरण |
| **३ हाम्रा सम्पदाहरू** | • धार्मिक सम्पदाहरू (परिचय/महत्त्व/संरक्षणका उपाय) सिद्ध गुफा, सिद्धगुफा धानेटाकुरा, कालिका मन्दिर, राधाकृष्ण मन्दिर, सिद्ध गुफा खन्डक, चमेरे गुफा टाकुरा, शिबमन्दिर ढोरचौर, मुर्तीलेखे शिव मन्दिर फलाटे, शिव मन्दिर डाँडाकटेरी, कालिका मन्दिर भाङचौर, मष्टा मन्दिर मेलचौर, वाउनीबजै मन्दिर, शिवजी मन्दिर, गुरूदेबता उपल्लो बाँझकाडा, शिब मन्दिर, मालिका दह, सिद्धबाबा मन्दिर राङ्गो मारे, शिब मन्दिर खार्बन, बराहथान,नागेश्वर |

| | |
|---|---|
| | मन्दिर, कालिका मन्दिर भगवति मन्दिर, कालिका मन्दिर चिनाली<br>• ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक स्थलको सूची<br>• ऐतिहासिक सम्पदाहरूः निराजन मा. वि. ले संकलन गरेका पुराना सामान तथा जडिबुटीहरू, जुम्ले धरा टाकुरा, तारादेबी भिर, सिद्ध गूफा, प्याउली ओडार<br>• पर्यटकीय सम्पदाहरूः कुमाखको लेक, राङ्गोमारे लेक, वन नर्सरी, चिल्ली भिर, कराने भिर,<br>• सल्यान जिल्लाका सम्पदाहरुः कुभिण्डे दह, खैरावाङ, छायाँक्षेत्र, गंगामाला मन्दिर, त्रिवेणी धाम पुतलीदरवार फलावाङ, जथाक लेक, कुमाख लेक, निगालचुला लेक, पाथिबरा लेक, त्रिकुटेश्वर धाम शंखपार्क, भ्युटारे, मालिकाको लेक, ढारखानी, रानी खसेको भिर, सितापाईला लुहापिङ, रानीपार्क, कछुवा दह, खर्सुवास, चुनढुङ्गा खामेलेक, राधाकृष्ण मन्दिर |
| **४ स्थानीय जातजाती, भाषा र संस्कृति** | • स्थानीय जातहरूः अधिकारी, शर्मा, खत्री, चलाउने,रेउले, बुढाथोकी, बोहरा, बुढा मगर, बस्नेत, घर्ती मगर, पुनमगर, राना मगर, रोका मगर, खड्का, राबत, परियार, बिक, नेपाली, सार्की, वादी, थापा, ओली, पुरी, लामिछाने, धिताल, रकाल, जोगी, दसनामी, भण्डारी, शाह, चन्द, न्यौपाने, सुनार<br>• स्थानीय भाषाहरुः खसभाषा<br>• भेषभुशाः गुनियो, चोली, फरिया, साडी, म्याकसी, भोटी, कोट, सुरूवाल, पाईन्ट, सट, कमिज, टोपी, सुईटर, ज्याकेट, कुर्ता सुरूवाल, लङ्गौटी, रूमाले, घलेक,धरो,कपाले,पेटीकोट,दौरा सुरूवाल,धोतो,पगरी<br>• चाड पर्वः दशैं तिहार, माघी, असारे तिहार, घ्यूँखाने तिहार, तिज, कृष्ण अष्टमी, चैते दशैं,होलि,साउने सक्रान्ती, क्रिसमस,<br>• मेलाः त्रिबेणी, हरलो, कुमाख,साईकुमारी, मालिका मेला, शिवरात्री |

| | |
|---|---|
| | मेला खन्नख<br>• नाचः मयूर नाच, झ्याउरे, वनगाडी, पन्चेवाजा, खाँरो, टप्पा, लहरे, पुतिया नाच, सोरठी<br>• गीतः लोक, ठारी भाका, सिङ्गारू, सोरठीभाका,टप्पा, गरीभाका, नानिलै भाका, ख्याली झुमरा, शैलेरी<br>• वाजाः मादल, दमाहा, सहनाइ, झ्याली, मुरली,मुर्चुङ्गा, डमरू, शङ्ख, घण्टी, नङ्गरा, हारमोनियम, क्यासियो, गिटार, सारङ्गी, टयाम्को, खैजडी, नेवर,चाँप, ठ्याङ्ग्रो, मौरीवाजा<br>• परिचय, विशेष्ता, महत्त्व, संरक्षणका उपायहरू |
| **५ स्थानीय पेसा र व्यवसाय** | • स्थानीय पेशाः कृषि, वैदेशिक रोजगारी, शिक्षण, बाख्रा पालन, कुखरा पालन, बंगुर पालन, मत्स्स पालन, सिलाइकटाई, ब्यापार, मौरीपालन, भैसी पालन, वाटाको भाडा बनाउने, डकर्मी, जाल खेल्ने, सिकर्मी, जुत्ता सिलाउने, मुडा बुन्ने, सुन्तला खेती, खुर्सानी, मादल, नगरा, मुरली बनाउने, कागति, अदुवा, बेसार, माछा मार्ने, टिम्मुर<br>• पेसाको बर्गिकरण (मध्यम र उच्च)<br>• स्थानीय प्रविधिमा आधारित सामग्रीः ढिकी, जातो, पानीघट्ट, पानीमिल, तोरीपेल्ने कोल, खुर्पेटो बनाउने, वासबाट बनेको सामग्री, मुढा बनाउने, अदुवा फल्ने खोर, खिर्रे, तुलो, ढुङ्गा खानी<br>• स्थानीय स्तरमा हुने नगदेबाली<br>• स्थानीय स्तरमा पालिने पशुपंक्षी<br>• बेमौसमि तरकारी<br>• प्राङ्गारिक मल/महत्त्व/बनाउने उपाय<br>• अन्नवालीः धान, गहुँ, कोदो, फापर, जनालो, जौं, मकै, भटमास, सिलिङ्गे, तोरी, रायो माटे<br>• तरकारी, फलफूल र तरकारी बालीमा लाग्ने रोग/किरा/बच्ने |

| | |
|---|---|
| | उपाय<br>• उत्पादन गरिएका बस्तु बिक्रिस्थल<br>• बाँसबाट उत्पादन गररएका सामग्री/महत्त्व/आवश्यक सामग्री<br>• तरकारी वालीः काउली, बन्दा आलु, सिमी, भन्टा टमाटर, मसुरो, रामचना, करेला, तितेकरेला, भेडे खुर्सानी, हिउँदे सिमी, भिन्डि बोडी, भिरा, कला, मटर, खुर्सानी, धनियाँ, मेथी, सम्पु, उर्द, लसुन, प्याज, साग, भाजी, मुला, सिन्की, गोलभेडा, गाजर, भट्ट, बाँको, च्याउ, तिरिमीलो, माछ्छेकरेली, फर्सी<br>• फलफूलः सुन्तला, कागती, बेलौती, केरा, मेवा, आँप, अमला, किवी, किजु, तिनु, काफल, किम्मु, चोथ्रा, ऐसेलु, गाँरिकाफल, मरेला, जम्मु, जाम्ना, आरू, पलम अनार, जुनार, मधबुर, अमिला, दारिम, खन्यू, मेल, घरतरूल, वनतरूल, बदाम, घुईया, पिडालु, तुत, हलुवा बेद, नासपति, औखर, खजुरी, पुरेनी, भोगटे, कुवाई |
| **६ मानवीय मूल्य र स्वास्थ्य शिक्षा** | • अभिवादनः नमस्कार- मान्यजनहरूलाइ दुईहात जोडी सिर झुकाई गरिने आदर, साष्टङ्ग दण्डवत- बुवा आमा दाजु दिदी बाजे बजै फुपु फुपाजु आदिलाई उच्च आदरका साथ गरिने सम्मान, दर्शन- ठकुरी बंशजका जातजतिहरूले गरिने आदर, ढोग ज्यू- नाता अनुसार प्रयोग गरिने शब्द, स्बागतः सबैजनालाई एकैपटक वा फरक फरक ब्यक्तिलाई गरिने<br>• स्वस्थ खानाः स्थानीय स्तरमा जैबिक मलको प्रयोग गरी बिषाधि र मिसावट रहित स्वच्छ खाना (आटो, ढिडो,रोटी, खिचडि, भात खाजा), दुग्ध जन्य परिकार, फलफूल, जमिन मुनी फल्ने खानेकुरा (तरूल, गन्जि,पिडालु, घईया, मुला, गाजर, सलगम), दाल तथा तरकारी जन्य खाना<br>• अस्वस्थ खाना<br>• जातिय विभेद, वालबिवाहको परिचय र न्यूनीकरण गर्नेउपाय |

| | |
|---|---|
| | • जन्म देखि मृत्युसम्म गरिने संस्कारहरू<br>• आफूभन्दा ठूलालाई सम्मान र सम्बोधन<br>• अपाङ्ग र असक्तहरूलाई सहयोग<br>• विद्यालय अनुशासन<br>• घरायसी कामकाजमा सहयोग<br>• योग ध्यान ब्यायाम<br>• भस्त्रिका प्रणाम<br>• बिपसना ध्यान विधि तथा अभ्यास<br>• गौतम बुद्धका चार आर्य सत्यहरू<br>• भ्रामरी/ अनुलोन बिलोम<br>• सकारात्मक ब्यवहार |
| ७<br>**विपदव्यवस्थापन** | • वाढी (शारदा, कजेरी,चाक्लीघाट<br>• पहिरो<br>• हावाहुरी<br>• चटयाङ<br>• भुकम्प<br>• आगलागी<br>• विधुतिय करेन्ट<br>• सडक दुरघटना<br>• भिरबाट लड्ने<br>• रूखबाट खस्ने<br>• भूक्ष्यय जाने<br>• शारदा नदिमा डुब्ने<br>• ग्यास सिलिण्डर बिस्फोट<br>• वन्यजन्तुबाट बालिबिनाश<br>• सर्पको टोकाई |

| | |
|---|---|
| | • प्रकोप |
| **८ व्यवहारिक लेखन (कक्षा ६-८)** | १. निवेदन<br>२. चिठी<br>३. कपाली तमसुक<br>४. भरपाई<br>५. निमन्त्रणा-प्रत्र<br>६. बडा-पत्र<br>७. ज्ञापन-पत्र<br>८. बकस पत्र<br>९. समवेदना<br>१०. शुभकामना पत्र<br>११. बिज्ञापन<br>१२. सूचना तथा जनकारी<br>१३. बिज्ञप्ती<br>१४. सम्मान पत्र<br>१५. ध्यानाकर्षण पत्र<br>१६. नियुक्ति पत्र<br>१७. मेलमिलाप पत्र<br>१८. छुट पत्र<br>१९. रमनापत्र<br>२०. सरूवा पत्र<br>२१. सुझाव प्रत्र<br>२२. सिफारिसपत्र |

**सन्दर्भग्रन्थ**


- नेपालको संविधान, २०७२, कानुन किताव समिति, बबरमहल, काठमाडौं : नेपाल सरकार
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कानुन किताब समिति बबरमहल, काठमाडौंः नेपाल सरकार
- राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित), २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- आधारभूत तह कक्षा १-३ का लागि विद्यार्थी मूल्याङ्कन मार्गदर्शन, २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- लेटर ग्रेडिङ, निर्देशिका २०७८, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर

# सिद्ध कुमाख गाउँपालिका




प्रकाशक:
सिद्ध कुमाख गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**शिक्षा, युवा तथा खेलकुद शाखा**
ढोरचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल
:9857855019
Email : siddakumakh.edu@gmail.com, ito.siddhakumakhmun@gmail.com